# वार्षिक प्रगति प्रतिवेदन

## (आर्थिक वर्ष २०८१/०८२)

नेपाल सरकार

**शहरी विकास मन्त्रालय**

सिंहदरबार, काठमाडौं, नेपाल

२०८२

# वार्षिक प्रगति प्रतिवेदन

## (आर्थिक वर्ष २०८१/०८२)

**नेपाल सरकार**

## शहरी विकास मन्त्रालय

**सिंहदरबार, काठमाडौं, नेपाल**

**२०८२**

मा. प्रा. डा. कुमार इङ्नाम
मन्त्री
शहरी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

Hon'ble Prof. Dr. Kumar Ingnam
Minister
Ministry of Urban Development,
Singhadurbar, Kathmandu, Nepal

पत्र संख्या/Let. No.:
चलानी नं./Ref. No.:

नेपाल सरकार
शहरी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं



## मन्तव्य

शहरी विकास, आवास र भवन निर्माण सम्बन्धी महत्वपूर्ण कार्यहरू सम्पादन गर्ने शहरी विकास मन्त्रालयको आर्थिक वर्ष २०८१।०८२ को वार्षिक प्रगति प्रतिवेदन प्रकाशित हुन लागेकोमा खुसी लागेको छ। व्यवस्थित पूर्वाधार तथा सेवा सुविधायुक्त सुन्दर शहर तथा वस्तीहरूको विकास गर्ने, सबैका लागि सुरक्षित र किफायती आवास व्यवस्था गर्ने तथा सुरक्षित एवं सुविधायुक्त भवनहरू निर्माण गर्न गराउन यस मन्त्रालयको महत्वपूर्ण भूमिका रहेको छ ।

शहरी विकास सम्बन्धी नीति, कानून तथा मापदण्ड मुताविक समावेशी एवं समतामुलक शहरी विकास, वातावरणमैत्री स्थानीय पूर्वाधार निर्माण एवं विकास तथा दीगो, सुरक्षित र वातावरणमैत्री शहर र वस्ती सम्बन्धी महत्वपूर्ण सम्पादित क्रियाकलापहरूको समष्टिगत विवरण यस प्रतिवेदनमा प्रस्तुत गरिनु आफैमा महत्वपूर्ण रहेको छ ।

अतः मन्त्रालयले अंगिकार गरेको नीति, योजना तथा कार्यक्रम मार्फत सम्पादित कार्यहरूको व्यवस्थित संगालो प्रकाशनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने यस मन्त्रालयका सचिवज्यू लगायतका सरोकारवाला सम्पूर्ण पक्षहरूलाई विशेष धन्यवाद ज्ञापन गर्दै यस प्रतिवेदनले आगामी समयको व्यवस्थित विकासमा महत्वपूर्ण मार्गदर्शन प्रदान गर्ने विश्वास समेत लिएको छु ।

धन्यवाद

.............................
मा.प्रा.डा.कुमार इङ्नाम
शहरी विकास मन्त्री

फोन : ९७७-१-४२०००३४, ४२०००३५ | फ्याक्स : ९७७-१-४२००२४६ | वेबसाइट : www.moud.gov.np
Phone : 977-01-4200034, 4200035 | Fax : 977-1-4200246 | Website : www.moud.gov.np

नेपाल सरकार

# शहरी विकास मन्त्रालय

पत्र संख्याः-

चलानी नं.:-

सिंहदरबार,

काठमाण्डौं, नेपाल ।



शहरी विकास मन्त्रालयको मातहतका निकायहरूबाट आ.व. ०८१/०८२ सम्पादित कार्यहरूको वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गर्ने सन्दर्भमा मेरो केही भनाई राख्न पाउँदा धेरै खुसी लागेको छ । नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७९/०४/१९ को निर्णयबाट साविकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गतको स्थानीय पूर्वाधार विभाग यस मन्त्रालयमा थप भई मन्त्रालयको कार्य क्षेत्र आवास व्यवस्था, शहरी विकास भवन निर्माणमा स्थानीय पूर्वाधार थप भई HUBLI (Housing, Urban, Building and Local Infrastructure) हुन आएको छ । मन्त्रालयको दीर्घकालीन सोच "पूर्वाधार तथा सेवा सुविधायुक्त, व्यवस्थित सफा र सुन्दर शहरहरू तथा वस्तीहरू" अनुरूप विकास लक्ष्य हासिल गर्न ९ वटा निकायहरू क्रमशः शहरी विकास तथा भवन निर्माण विभाग, स्थानीय पूर्वाधार विकास विभाग, काठमाडौं उपत्यका विकास प्राधिकरण, संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय, अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति, शहरी पूर्वाधार प्रविधि अनुसन्धान तथा तालिम केन्द्र, नगर विकास कोष, विशिष्ट संरचना सञ्चालन तथा व्यवस्था विकास समिति, राष्ट्रिय आवास कम्पनी लिमिटेड मार्फत मुख्य रुपमा शहरी तथा स्थानीय पूर्वाधार, आवास व्यवस्था, भवन निर्माण विकासका क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी अन्तर्गत विभिन्न कार्यक्रम/गतिविधिहरू कार्यान्वयन गर्दै आएको छ ।

सर्वसाधारण नागरिकलाई यस मन्त्रालयले आफ्नो कार्यक्षेत्रमा सम्पादन गरेको विकास निर्माणसँग सम्बन्धित सूचना तथा विवरण जानकारी गराउनु सार्वजनिक निकायहरूको कर्तव्य हो । यसै सन्दर्भमा रहेर वार्षिक लक्ष्य अनुसार प्राप्त प्रगति विवरण सहित मातहतका निकाय अन्तर्गत संचालित मुख्य मुख्य आयोजना/क्रियाकलापहरूको जानकारी समेटी आ.व. ०८१/०८२ को वार्षिक प्रगति प्रतिवेदन पुस्तिका तयार गरिएको छ । प्रकाशित हुने यसै प्रतिवेदनका माध्यमबाट सम्बन्धित सम्पूर्ण सरोकारवालाहरू लाभान्वित हुने मैले विश्वास गरेको छु ।

यो वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने र प्रकाशित गर्ने कार्यमा संलग्न सम्पूर्ण कर्मचारीहरूलाई विशेष बधाई तथा धन्यवाद दिन चाहन्छु ।

गोपाल प्रसाद सिग्देल

सचिव

शहरी विकास मन्त्रालय

फोनः ०१-४२११८८३, ४२११६७३ फ्याक्स नं.: ९७७-१-४२११८७३, ९७७-१-४२००२४६

इमेलः info@moud.gov.np, वेबसाइटः www.moud.gov.np

# विषय सूची


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| १. शहरी विकास मन्त्रालय | | १ |
| १.१ परिचय | | १ |
| १.२ मन्त्रालयको काम, कर्तव्य र अधिकार | | १ |
| १.३ मन्त्रालय सम्बद्ध ऐन कानुनहरु | | २ |
| १.४ विद्यमान संगठनिक ढाँचा र दरबन्दीको अवस्था | | ३ |
| | १.४.१ शहरी विकास मन्त्रालय | ३ |
| | १.४.२ शहरी विकास तथा भवन निर्माण विभाग | ५ |
| | १.४.३ स्थानीय पूर्वाधार विभाग | ८ |
| | १.४.४ संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय | १० |
| | १.४.५ काठमाडौं उपत्यका विकास प्राधिकरण | १२ |
| | १.४.६ अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति | १३ |
| | १.४.७ शहरी पूर्वाधार प्रविधि अनुसन्धान तथा तालिम केन्द्र | १४ |
| | १.४.८ नगर विकास कोष | १५ |
| | १.४.९ अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति | १६ |
| | १.४.१० राष्ट्रिय आवास कम्पनी लिमिटेड | १७ |
| २. मन्त्रालय अन्तर्गत सञ्चालित प्रमुख कार्यक्रम | | १९ |
| | २.१ संघीय सचिवालय निमार्ण तथा व्यवस्थापन कार्यालय वागमती सुधार आयोजना | १९ |
| | २.२ आवास व्यवस्था कार्यक्रम | २० |
| | २.३ एकीकृत कार्यमूलक योजना | २० |
| | २.४ सघन शहरी विकास कार्यक्रम | २२ |
| | २.५ भवन निर्माण संहिता तथा सहकारी भवन निर्माण | २३ |
| | २.६ केन्द्रीय आयोजना कार्यान्वयन इकाई | २५ |
| | २.७ नेपाल भारत सीमा एकीकृत जाँच चौकी विकास आयोजना | २९ |
| | २.८ नयाँ शहर आयोजना | २९ |
| | २.९ शहरी कोरिडोर आयोजना | ३१ |
| | २.१० बस्ती विकास कार्यक्रम | ३१ |
| | २.११ काठमाडौं उपत्यका विकास प्राधिकरण | ३२ |
| | २.१२ विशेष भवन निर्माण आयोजना | ३५ |

| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| | २.१३ स्थानीयस्तका सडकपुल तथा सामुदायिक पहुँच सुधार परियोजना | ४० |
| | २.१४ स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | ४१ |
| | २.१५ उच्च पहाडी एवम् हिमाली क्षेत्र समृद्धि कार्यक्रम | ४३ |
| | २.१६ कर्णाली समृद्धि कार्यक्रम | ४३ |
| | २.१७ शकरी पूर्वाधार प्रविधि तथा अनुसन्धान तालिम केन्द्र | ४५ |
| | २.१८ नगर विकास कोष | ४९ |
| | २.१९ राष्ट्रिय आवास कम्पनी लिमिटेड | ५० |
| ३. मन्त्रालय अन्तर्गत वैदेशिक सहयोगमा सञ्चालित प्रमुख कार्यक्रम | | ५१ |
| | ३.१ बागमती सुधार आयोजना | ५१ |
| | ३.२ नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना | ५२ |
| | ३.३ क्षेत्रीय शहरी विकास आयोजना | ५४ |
| | ३.४ ग्रामीण सडक सञ्चाल सुधार आयोजना | ५७ |
| | ३.५ झोलुङ्गे पूल क्षेत्रमा कार्यक्रम | ६० |
| | ३.६ साना सिचाई कार्यक्रम-दोश्रो चरण | ६१ |
| | ३.७ ग्रामीण सडक सञ्चाल सुधार आयोजना | ६२ |
| | ३.८ प्रादेशिक तथा स्थानी सडक सुधार कार्यक्रम | ६३ |
| ४. आर्थिक वर्ष २०८१/०८२ को बजेट बक्तव्यको कार्यान्वयनको स्थिति | | ६८ |
| ५. १६ औं योजनाको लक्ष्य र हालसम्मको प्रगति | | ७६ |
| ६. दिगो विकासको लक्ष्य र हालसम्को प्रगति | | ७७ |
| ७. अनुगमन तथा मुल्यांकन | | ८१ |
| ८. बेरुजु र बेरुजु फछ्यौंट सम्बन्धी प्रगति | | ८१ |
| ९. मन्त्रालयबाट सम्पादित ऐन कानुन तर्जुमा तथा कानुन र न्याय सम्बन्धी अन्य कार्यहरु | | ९१ |
| अनुसूची १ | | ९४ |
| अनुसूची २ | | ९५ |
| अनुसूची ३ | | ९६ |

# १. शहरी विकास मन्त्रालय

## १.१ परिचय

आवास, शहरी विकास तथा भवन निर्माण र खानेपानी तथा सरसफाइ कार्यक्षेत्र रहने गरीनेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६९ साल जेठ ५ गतेको निर्णयबाट शहरी विकास मन्त्रालयको गठन भएको हो। नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७२।०९।०९ को निर्णयानुसार खानेपानी तथा सरसफाइ कार्यक्षेत्र हेर्ने गरी छुट्टै खानेपानी मन्त्रालय गठन भएको तथा मन्त्रिपरिषद्को मिति २०७९।०४।१९ को निर्णयबाट साविकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत स्थानीय पूर्वाधार (Local Infrastructure) सम्बन्धी कार्यक्षेत्र रहेको स्थानीय पूर्वाधार विभाग समेत यस मन्त्रालयमा थप भई यस मन्त्रालयको विस्तृत कार्यक्षेत्र आवास, शहरी विकास, भवन निर्माण र स्थानीय पूर्वाधार (HUBLi) रहन गएको छ।

पूर्वाधार तथा सेवा सुविधायुक्त, व्यवस्थित, सफा र सुन्दर सहर तथा बस्तीहरू विकास गर्ने दीर्घकालीन सोच रहेको यस मन्त्रालयले शहरी विकास तथा भवन निर्माण विभाग, स्थानीय पूर्वाधार विभाग, काठमाण्डौं उपत्यका विकास प्राधिकरण, संघिय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय, अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति, राष्ट्रिय भवन प्रबिधि अनुसन्धान केन्द्र, नगर विकास कोष, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति, राष्ट्रिय आवास कम्पनी लिमिटेड गरी समग्रमा ९ वटा निकायहरु मार्फत आफ्ना कार्यक्रम तथा गतिविधिहरु कार्यान्वयन गर्दै आएको छ ।

## १.२ मन्त्रालयको काम, कर्तव्य र अधिकार

१. नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम शहरी विकास मन्त्रालयलाई देहायको कार्यक्षेत्र तोकिएको छ।

२. शहरी विकास सम्बन्धी नीति, कानुन र मापदण्ड;

३. बस्ती विकास, शहरी विकास र आवास विकाससम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन;

४. राष्ट्रिय भवन संहितासम्बन्धी नीति, कानुन र मापदण्ड;

५. सघींय सचिवालयको भवन निर्माण, मर्मत तथा व्यवस्थापन;

६. राष्ट्रिय शहरी पूर्वाधार विकास, सङ्घीय सरकारी आवास, भवन निर्माण तथा मर्मत सम्भार;

७. विशिष्ट शहरी संरचना;

८. राष्ट्रियस्तरका संयुक्त र बहुतले आवास सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन;

९. लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक लक्षित आवास व्यवस्थापन नीति, कानुन र मापदण्ड;

१०. नगर विकास कोष;

११. मन्त्रालय सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय;

१२. मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन;

१३. राष्ट्रियस्तरको पार्क, मनोरञ्जन स्थलसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन;

१४. नेपाल इञ्जीनियरिङ्ग समूहको विल्डिङ्ग एण्ड आर्किटेक्ट उपसमुहको सञ्चालन; ।

साथै स्थानीय पूर्वाधार विकास विभागले गर्दै आएका कार्यक्रमहरु नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७९/०४/१९ को निर्णयानुसार यस मन्त्रालय अन्तर्गत थप भएका कार्यहरुः-

- Rural connectivity improvement project (RCIP)
- Local Road Bridge Program – Phase IV
- झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रम
- Provincial and Local Roads Construction Program (PLRIP)
- Suspension Bridge Division
- स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास
- कर्णाली समृद्धि कार्यक्रम
- उच्च पहाडी तथा हिमाली क्षेत्र समृद्धि कार्यक्रम
- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट हस्तान्तरण भई आउने कार्यक्रमहरु (राष्ट्रिय राजमार्ग र श्रोत सुनिश्चितता भएका बहुवर्षीय योजना बाहेक

## १.३ मन्त्रालय सम्वद्ध ऐन कानुनहरु

शहरी विकास मन्त्रालयको कार्यक्षेत्र सँग प्रत्यक्ष सम्वन्धित नीति र ऐन कानुनहरुको विवरण निम्नानुसार रहेको छ।

**नीति**

राष्ट्रिय आवास नीति, २०६८
राष्ट्रिय शहरी नीति, २०६४

**ऐन**

- नगर विकास ऐन, २०४५
- नगर विकास कोष ऐन, २०५३
- संयुक्त आवासको स्वामित्व सम्वन्धी ऐन, २०५४
- भवन ऐन, २०५५
- काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५
- आवासको अधिकार सम्बन्धी ऐन, २०७५

**नियमावली**

- नगर विकास कोष नियमावली, २०५४
- भवन नियमावली, २०६६
- संयुक्त आवासको स्वामित्व सम्वन्धी नियमावली, २०६०
- काठमाडौं उपत्यका विकास प्राधिकरण नियमावली, २०६८
- कम्पनी ऐन, २०६३ अन्तरगत परिवर्तित राष्ट्रिय आवास कम्पनी लिमिटेडको नियमावली

**आदेशहरु**

- अन्तराष्ट्रिय सम्मेलन केन्द्र विकास समिति (गठन) आदेश, २०५१
- अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति गठन आदेश, २०७३

**मापदण्ड, निर्देशिका आदि**

- राष्ट्रिय भवन संहिता, २०६०
- राष्ट्रिय शहरी विकास रणनीति, २०७३
- बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२
- निर्माण आचार संहिता, २०७०
- सरकारी पदाधिकारी तथा कर्मचारीहरुको कार्यकक्षको मापदण्ड, २०७०
- जग्गा विकास चक्रकोष विनियमावली, २०६१
- सम्पदा बस्ती सम्बन्धी मापदण्ड, २०७३
- सरकारी भवन संभार निर्देशिका, २०५८
- नगर विकास निर्देशिका, २०६१
- निर्माण कार्य व्यवस्थापन निर्देशिका, भवनमा वर्षातको पानी संकलन निर्देशिका, २०६४
- शहरी वातावरण व्यवस्थापन निर्देशिका, २०६७
- भूकम्प प्रतिरोधी भवन निर्माण निर्देशिका, २०६८
- निर्माण कार्य व्यवस्थापन निर्देशिका, २०६८
- अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९
- सार्वजनिक भवनहरुमा प्रयोग हुने रङ्ग सम्बन्धी निर्देशिका, २०६९
- राष्ट्रिय आवास योजना, २०७१
- Planning Norms & Standards, २०१५
- नेपाल शहरी सडक मापदण्ड, २०७६
- DOLI Technical Norms and Standard
- झोलुङ्गेपुल रणनीति, २०६२
- झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम निर्देशिका, २०६६

## १.४ विद्यमान सांगठनिक ढाँचा र दरबन्दीको अवस्था

### १.४.१ शहरी विकास मन्त्रालय

शहरी विकास मन्त्रालयको सांगठनिक संरचनामा मन्त्री एक, सचिव एक, सहसचिव वा सो सरहका महाशाखा प्रमुख हुने ४ वटा महाशाखा र राजपत्रांकित द्वितीय श्रेणी शाखा प्रमुख हुने १४ वटा शाखाहरु, मन्त्री र सचिवको निजी सचिवालय १/१ समेत २ वटा सचिवालय रहने गरी संगठन संरचना स्वीकृत गरिएको छ। मन्त्रालयमा राजपत्राङ्कित ४१ जना र राजपत्र अनङ्कित ४४ जना गरी जम्मा ८५ जनाको दरबन्दी रहेको छ। मन्त्रालयको जनशक्ति संरचना तपशिल बमोजिम रहेको छ। मन्त्रालयको सांगठनिक ढाँचाको विवरण **अनुसूची -१** मा दिइएको छ।

## शहरी विकास मन्त्रालयको दरबन्दी तेरिज

| सि.नं. | प्रस्तावित पदको नाम | श्रेणी | सेवा | समूह | उपसमूह | मौजुदा दरवन्दी | मौजुदा दरवन्दीमा | | कायम हुने दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | थप | घट | | |
| १. | सचिव | रा.प.विशिष्ट | ईन्जि | | | १ | ० | ० | १ | |
| २. | सहसचिव | रा.प्र.प्र. | प्रशासन | | | १ | ० | ० | १ | |
| ३. | सहसचिव | रा.प्र.प्र. | ईन्जि | सिभिल | वि.आ. | २ | ० | ० | २ | |
| ४. | सहसचिव | रा.प्र.प्र. | ईन्जि | सिभिल | जनरल | ० | १ | ० | १ | |
| ५. | उपसचिव | रा.प.द्वि. | प्रशासन | सा.प्र. | | ३ | ० | ० | ३ | |
| ६. | उपसचिव | रा.प.द्वि. | प्रशासन | लेखा | | १ | ० | ० | १ | |
| ७. | कानून (उपसचिव) | रा.प.द्वि. | न्याय | कानून | | १ | ० | ० | १ | |
| ८. | व.समाजशास्त्री | रा.प.द्वि. | विविध | | | १ | ० | ० | १ | |
| ९. | सि.डि.ई | रा.प.द्वि. | ईन्जि | सिभिल | वि.आ. | ६ | ० | ० | ६ | |
| १०. | सि.डि.ई | रा.प.द्वि. | ईन्जि | सिभिल | जनरल | ० | ३ | ० | ३ | |
| ११. | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | सा.प्र. | | ६ | ० | ० | ६ | |
| १२. | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | | १ | ० | ० | १ | |
| १३. | कानून अधिकृत | रा.प.तृ. | न्याय | कानून | | ० | १ | ० | १ | |
| १४. | ईन्जिनियर | रा.प.तृ. | ईन्जि | सिभिल | वि.आ. | ८ | ० | ० | ८ | |
| १५. | वातारण निरिक्षक | रा.प.तृ. | विविध | | | ० | १ | ० | १ | |
| १६. | ईन्जिनियर | रा.प.तृ. | ईन्जि | सिभिल | जनरल | ० | ४ | ० | ४ | |
| १७. | नायब सुब्बा | रा.प.अनं.प्र. | प्रशासन | सा.प्र. | | ७ | ० | १ | ६ | |
| १८. | नायब सुब्बा | रा.प.अनं.प्र. | कानून | न्याय | | १ | ० | ० | १ | |
| १९. | लेखापाल | रा.प.अनं.प्र. | प्रशासन | लेखा | | १ | ० | ० | १ | |
| २०. | कम्प्युटर अपरेटर | रा.प.अनं.प्र. | विविध | | | ११ | ० | ० | ११ | |
| २१. | पुस्तकालय सहायक | रा.प.अनं.प्र. | शिक्षा | पुस्तकालय विज्ञान | | १ | ० | ० | १ | |
| २२. | टाईपिष्ट | रा.प.अनं.द्वि | प्रशासन | सा.प्र. | | १ | ० | १ | ० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २३. | ह.स.चा. | श्रेणी विहिन | इन्जिनियरिङ | मे. | ज.मे. | ७ | ० | ० | ७ | |
| २४. | का.स. | श्रेणी विहिन | प्रशासन | सा.प्र. | | १७ | ० | ० | १७ | |
| **जम्मा दरवन्दी** | | | | | | **७७** | **१०** | **२** | **८५** | |

### १.४.२ शहरी विकास तथा भवन निर्माण विभाग

साविकका भवन विभाग र आवास तथा शहरी विकास विभागलाई गाभेर शहरी विकास तथा भवन निर्माण विभागको स्थापना वि.सं. २०५८ मा भएको हो। विभागको वर्तमान संरचनामा महानिर्देशकको नेतृत्वमा ४ वटा महाशाखा हेर्ने गरी ४ जना उपमहानिर्देशकहरु रहने व्यवस्था रहेको छ। विभागमा हाल १७ वटा शाखाहरु र १ वटा इकाई रहेको छ भने २ वा सो भन्दा बढी जिल्लाहरु कार्यक्षेत्र रहने गरी विभाग अन्तर्गत हाल ७ वटा संघीय आयोजना कार्यान्वयन इकाईहरु, १८ वटा सघन शहरी तथा भवन निर्माण आयोजनाहरु गरी जम्मा २५ वटा कार्यालयहरु रहेका छन्। विभागको विद्यमान कूल दरबन्दी संख्या ३७६ रहेको छ। विशिष्ट प्रकृतिका आयोजनाहरु कार्यान्वयनका लागि रा.प. प्रथम श्रेणीको आयोजना प्रमुख रहने गरी विभाग अन्तर्गत क्षेत्रीय शहरी विकास आयोजना, शहरी शासकीय क्षमता विकास कार्यक्रम, नयाँ शहर आयोजना र विशेष भवन निर्माण आयोजना रहेका छन्। भूकम्प पछिको पुन:निर्माण सम्बन्धी कार्य राष्ट्रिय पुन:निर्माण प्राधिकरणबाट हस्तान्तरण भई आएका योजना/कार्यक्रम सम्पन्न गर्न केन्द्रिय आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास) समेत हाल; विभाग मातहत रहेको छ।

विभाग अन्तर्गत रहेका जिल्लास्थित कार्यालयहरु र तिनीहरुको कार्यक्षेत्र तलको तालिका तथा नक्शामा नक्शामा उल्लेख गरिएको छ।

| **शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतका निकाय र सोको कार्यक्षेत्र** | | | |
|---|---|---|---|
| **सि.नं.** | **कार्यालय/निकायको नाम** | **कार्यक्षेत्र (जिल्ला)** | **कैफियत** |
| **कोशी प्रदेश** | | | |
| १ | सघन शहरी तथा भवन निर्माण आयोजना, पाँचथर | पाँचथर, ताप्लेजुङ्ग र तेह्रथुम | |
| २ | सघन शहरी तथा भवन निर्माण आयोजना, झापा | झापा र इलाम | |
| ३ | सघन शहरी तथा भवन निर्माण आयोजना, धनकुटा | धनकुटा, संखुवासभा र भोजपुर | |
| ४ | सघन शहरी तथा भवन निर्माण आयोजना, ओखलढुङ्गा | ओखलढुङ्गा, सोलुखुम्बु, र खोटाङ्ग | |
| ५ | संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, मोरङ्ग | मोरङ्ग र सुनसरी | |
| **मधेश प्रदेश** | | | |
| ६ | सघन शहरी तथा भवन निर्माण आयोजना, सप्तरी | सप्तरी, सिरहा र उदयपुर | |
| ७ | संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, धनुषा | धनुषा, महोत्तरी र सर्लाही | |
| ८ | सघन शहरी तथा भवन निर्माण आयोजना, पर्सा | पर्सा, रौतहट र बारा | |

| शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतका निकाय र सोको कार्यक्षेत्र | | | |
|---|---|---|---|
| सि.नं. | कार्यालय/निकायको नाम | कार्यक्षेत्र (जिल्ला) | कैफियत |
| बागमती प्रदेश | | | |
| ९ | सघन शहरी तथा भवन निर्माण आयोजना, रामेछाप | रामेछाप, सिन्धुपाल्चोक, दोलखा र सिन्धुली | |
| १० | संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, काठमाडौं | काठमाडौं, भक्तपुर, ललितपुर र काभ्रेपलाञ्चोक | |
| ११ | सघन शहरी तथा भवन निर्माण आयोजना, धादिङ्ग | धादिङ्ग, नुवाकोट र रसुवा | |
| १२ | सघन शहरी तथा भवन निर्माण आयोजना, चितवन | चितवन, मकवानपुर र नवलपरासी (पूर्व) | |
| गण्डकी प्रदेश | | | |
| १३ | सघन शहरी तथा भवन निर्माण आयोजना, गोरखा | गोरखा, लम्जुङ र मनाङ | |
| १४ | संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, कास्की | कास्की, स्याङ्जा, तनहु | |
| १५ | सघन शहरी तथा भवन निर्माण आयोजना, बाग्लुङ्ग | बाग्लुङ्ग, म्याग्दी, पर्वत र मुस्ताङ | |
| लुम्बिनी प्रदेश | | | |
| १६ | सघन शहरी तथा भवन निर्माण आयोजना, रुपन्देही | रुपन्देही, कपिलवस्तु र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | |
| १७ | सघन शहरी तथा भवन निर्माण आयोजना, पाल्पा | पाल्पा, गुल्मी र अर्घाखाची | |
| १८ | संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, दाङ्ग | दाङ्ग, प्युठान, रोल्पा र रुकुम (पूर्व) | |
| १९ | सघन शहरी तथा भवन निर्माण आयोजना, बाँके | बर्दिया र बाँके | |
| कर्णाली प्रदेश | | | |
| २० | सघन शहरी तथा भवन निर्माण आयोजना, जाजरकोट | रुकुम(पश्चिम) र जाजरकोट | |
| २१ | संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, सुर्खेत | सुर्खेत, दैलेख र सल्यान | |
| २२ | सघन शहरी तथा भवन निर्माण आयोजना, जुम्ला | जुम्ला, मुगु, हुम्ला, कालिकोट र डोल्पा | |

| शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतका निकाय र सोको कार्यक्षेत्र | | | |
|---|---|---|---|
| सि.नं. | कार्यालय/निकायको नाम | कार्यक्षेत्र (जिल्ला) | कैफियत |
| **सुदुरपश्चिम प्रदेश** | | | |
| २३ | संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, कैलाली | कैलाली, कञ्चनपुर र डडेल्धुरा | |
| २४ | सघन शहरी तथा भवन निर्माण आयोजना, डोटी | डोटी, अछाम र बाजुरा | |
| २५ | सघन शहरी तथा भवन निर्माण आयोजना, पाटन, बैतडी | बैतडी, दार्चुला र बझाङ | |

शहरी विकास तथा भवन निर्माण विभागको सांगठनिक ढाँचाको विवरण **अनुसूची -२** मा दिइएको छ

**शहरी विकास तथा भवन निर्माण विभागको दरबन्दी विवरण**

| सि.नं. | पद | श्रेणी | सेवा | समूह | कुल जम्मा | |
|---|---|---|---|---|---|---|
| | | | | | मौजुदा | हाल कायम |
| १ | महानिर्देशक | रा.प.प्र.प्रा. | ईन्जिनियरिङ्ग | सिभिल | १ | १ |
| २ | उपमहानिर्देशक/ | रा.प.प्र.प्रा. | ईन्जिनियरिङ्ग | सिभिल | ९ | ११ |
| ३ | उपसचिव | रा.प.द्वि. | प्रशासन | सा.प्र. | १ | १ |
| ४ | उपसचिव | रा.प.द्वि. | प्रशासन | लेखा | १ | १ |
| ५ | सि.डि.ई. | रा.प.द्वि.प्रा. | ईन्जिनियरिङ्ग | सिभिल | ४१ | ४९ |
| ९ | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | सा.प्र. | २ | २ |
| १० | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | ८ | ८ |
| ११ | कानून अधिकृत | रा.प.तृ. | न्याय | कानून | १ | १ |
| १२ | इन्जिनियर | रा.प.तृ.प्रा. | ईन्जिनियरिङ्ग | सिभिल | १८५ | १८३ |
| १४ | इन्जिनियर | रा.प.तृ.प्रा. | ईन्जिनियरिङ्ग | सिभिल | २ | ० |
| १५ | इन्जिनियर | रा.प.तृ.प्रा. | ईन्जिनियरिङ्ग | सिभिल | १ | ० |
| १६ | इन्जिनियर | रा.प.तृ.प्रा. | ईन्जिनियरिङ्ग | इले. | १ | १ |
| २० | पुस्तकालय अधिकृत | रा.प.तृ. | शिक्षा | पुस्तकालय | १ | १ |
| २१ | नापी अधिकृत | रा.प.तृ.प्रा. | ईन्जिनियरिङ्ग | सर्भे | १ | १ |
| २२ | कम्प्युटर इन्जिनियर | रा.प.तृ.प्रा. | विविध | | २ | २ |
| २३ | तथ्याङ्क अधिकृत | रा.प.तृ.प्रा. | आ.यो.तथा त. | | १ | १ |
| २४ | ना.सु. | रा.प.अनं.प्र | प्रशासन | सा.प्र. | १४ | १४ |
| २५ | लेखापाल | रा.प.अनं.प्र | प्रशासन | लेखा | २ | २ |
| २८ | कम्प्यूटर अपरेटर | रा.प.अनं.प्र | विविध | | ३ | १ |
| २९ | सव-इन्जिनियर | रा.प.अनं.प्र.प्रा. | ईन्जिनियरिङ्ग | सिभिल | ६६ | ५६ |
| ३३ | अ.सव-इन्जिनियर | रा.प.अनं.प्र.प्रा. | ईन्जिनियरिङ्ग | सिभिल | २० | ० |

| सि.नं. | पद | श्रेणी | सेवा | समूह | कुल जम्मा | |
|---|---|---|---|---|---|---|
| | | | | | मौजुदा | हाल कायम |
| ३४ | खरिदार | रा.प.अनं.द्वि. | प्रशासन | सा.प्र. | २ | २ |
| ४१ | ह.स.चा. | श्रेणी विहिन | | | २४ | १७ |
| ४२ | का.स. | श्रेणी विहिन | | | ३२ | २१ |
| जम्मा | | | | | ४२१ | ३७६ |

### १.४.३ स्थानीय पूर्वाधार विभाग

नेपालको संविधानमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा विकास, समृद्धि र सुशासनको आकांक्षा पुरा गर्ने उल्लेख गरिएको छ। संविधानको धारा २३२(१) ले संघ, प्रदेश र स्थानीयतह बीचको सम्बन्ध सहकारिता, सह-अस्तित्व र समन्वयको सिद्धान्तको आधारमा हुने उल्लेख गरिएको छ। हाम्रो जस्तो सिमित स्रोत साधन रहेको देशमा विकासको चाहना र आवश्यकता पनि अत्याधिक रहेको छ। यस अवस्थामा उपलब्ध स्रोत तथा साधनको अतिउत्तम प्रयोग गर्दै राज्यको प्राथमिक दायित्व भित्र पर्ने तथा अर्थतन्त्रलाई उद्वेलित पार्ने क्षेत्रमा तीनै तहका सरकारको सहकार्यमा पहिले लगानी गर्नु पर्ने आवश्यकता रहेको छ। यसका लागि सन्तुलित, दिगो, गुणस्तरीय, वातावरण अनुकूलन तथा उत्थानशिल पूर्वाधार विकासका लागि समन्वयात्मक तवरले रणनीति तथा कार्यक्रमहरु तर्जुमा गर्नु पर्दछ। यस सन्दर्भमा परिवर्तित राज्य संरचनामा पूर्वाधार विकासको आकांक्षामा सहयोग पुर्याउने उद्देश्यकासाथ नेपाल सरकारको मिति २०७५ आषाढ ३२ गते को निर्णयबाट साविकको स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागको सांगठनिक संरचनालाई परिवर्तन गर्दै स्थानीय पूर्वाधार विभागको स्थापना भएको हो।

साविकमा राज्यले विकेन्द्रीकरणको नीति अवलम्बन गर्दा समेत २०५५ सालमा स्थापना भएको स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागले दीर्घकालीन कृषि क्षेत्रको योजना, स्थानीय पूर्वाधार नीति, २०६१ बमोजिम स्थानीय यातायात (झोलुंगे पुल समेत), सिंचाई तथानदी नियन्त्रण, खानेपानी, ढल निकास तथा सरसफाई, आवास, भवन तथा शहरी विकास, लघु जलविद्युत तथा वैकल्पिक उर्जा, फोहोरमैला व्यवस्थापन, सामाजिक पूर्वाधार जस्ता क्षेत्रमा योजनावद्ध तवरले पूर्वाधार निर्माण गरी दुर दराजका वस्तीमा विकासको नयाँ आयाम ल्याउने आसातित प्रयासहरु गरेको थियो। यस विभागले सडक निर्माण, सडक पुल, झोलुङ्गेपुल, तुईन विस्थापन, सिंचाई प्रणालीको विकास, खानेपानी सुविधा, ग्रामीण विकास र अन्य स्थानीय पूर्वाधारको क्षेत्रमा भौतिक निर्माणको साथैं गरिबी निवारण, उत्पादन बृद्धि, रोजगारी, कृषि उत्पादन, स्थानीय स्रोत, साधन र सीपको प्रयोग, सामाजिक समानता र समावेशीकरण लगायत आर्थिक सामाजिक पूर्वाधार विकासमा प्रत्यक्ष योगदान गरेको थियो।

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७९ श्रावण १९ गतेको निर्णयानुसार यस विभाग शहरी विकास मन्त्रालय अन्तर्गत नयाँ विभागको रुपमा स्थापना भएको छ। ग्रामीण तथा उपराष्ट्रिय पूर्वाधार (स्थानीय पूर्वाधार) विकास गर्न, बढ्दो बसाइसराइका कारण ग्रामीण क्षेत्रमा घट्दो जनसंख्यालाई ग्रामीण क्षेत्रमानै शहरी सुविधा सहित वस्ने वातावरण तयार गर्न, क्षेत्रीय तथा प्रादेशिक सन्तुलन सहित सघन अन्तर आवद्धता विकास गर्न (झोलुङ्गेपुल, स्थानीय तहका केन्द्र जोड्ने सडक, स्थानीय सडक पुल, वैकल्पिक सहायक राजमार्ग विकास लगायतका कार्यक्रमको माध्यमबाट), वैदेशिक सहायतालाई राष्ट्रिय आवश्यकता अनुसार परिचालन गर्ने लगायतका क्षेत्रमा विभागले कार्य गर्दै आइरहेको छ। पूर्वाधारलाई उत्पादन तथा रोजगारसंग जोड्ने गरी सुदृढ शहरी तथा ग्रामीण अन्तरसम्बन्धको माध्यमबाट पूर्वाधार विकासको अन्तर र असमानता परिपूरण गर्दै विकास र समृद्धिको लक्ष्य प्रासिका लागि योगदान गर्ने सोचका साथ विभाग अगाडी बढि रहेको छ।

विभागको विद्यमान स्वीकृत दरबन्दी संख्या ३९ रहेको छ। उक्त दरबन्दीमा जनरल उपसमूहको सु.इ. (रा.प. प्रथम श्रेणी) ३, सि.डि.ई. (रा.प. द्वितीय श्रेणी) ६, प्रशासन सेवा, सामान्य प्रशासन समूह, उपसचिव (रा.प. द्वितीय श्रेणी) १, जनरल उपसमूह, ईन्जिनियर (रा.प.तृतीय श्रेणी) १२, शाखा अधिकृत (रा.प.तृतीय श्रेणी) १, लेखा अधिकृत (रा.प.तृतीय श्रेणी) १, कानुन अधिकृत (रा.प.तृतीय श्रेणी) १, समाजशास्त्री (रा.प.तृतीय श्रेणी) १, कम्प्युटर इन्जिनियर (रा.प.तृतीय श्रेणी) १, ना.सु. (रा.प.अनं. प्रथम श्रेणी) १, लेखापाल (रा.प.अनं. प्रथम श्रेणी) १, सव-इन्जिनियर (रा.प.अनं. प्रथम श्रेणी) ३, कम्प्युटर अपरेटर (रा.प.अनं. प्रथम श्रेणी) २, ह.स.चा. २ र का.स. ३ रहेको छ। त्यसै गरी आयोजना कार्यान्वयन समूह तर्फ स्वीकृत दरबन्दी १२६ रहेकोमा उक्त दरबन्दीमा जनरल उपसमूहको सु.इ. (रा.प. प्रथम श्रेणी) ७, सि.डि.ई. (रा.प. द्वितीय श्रेणी) २५, इन्जिनियर (रा.प.तृतीय श्रेणी) ६४ र सव-इन्जिनियर (रा.प.अनं. प्रथम श्रेणी) ३० रहेको छ। समग्रमा, विभागमा ३९ जना र आयोजना कार्यान्वयन समूह(पुल) मा १२६ जना गरी १६५ जनाको जम्मा दरवन्दी रहेको छ। स्थानीय पूर्वाधार विभागको सांगठनिक ढांचा अनुसूची-३ मा दिइएको छ।

## स्थानीय पूर्वाधार विभागको विद्यमान दरबन्दी विवरणः

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह | उपसमूह | खुद कायम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | महानिर्देशक | रा.प.प्रथम | इन्जिनियरिङ्ग | सिभिल | | १ | |
| २ | उप-महानिर्देशक | रा.प.प्रथम | इन्जिनियरिङ्ग | सिभिल | जनरल | २ | |
| ३ | सि.डि.ई. | रा.प.द्वितीय | इन्जिनियरिङ्ग | सिभिल | जनरल | ६ | |
| ४ | उप-सचिव | रा.प.द्वितीय | प्रशासन | सामान्य प्रशासन | - | १ | |
| ५ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्य प्रशासन | - | १ | |
| ६ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | - | १ | |
| ७ | इन्जिनियर | रा.प.तृतीय | इन्जिनियरिङ्ग | सिभिल | जनरल | १२ | |
| ८ | कानुन अधिकृत | रा.प.तृतीय | न्याय | कानुन | - | १ | |
| ९ | समाजशास्त्री | रा.प.तृतीय | प्रशासन | - | - | १ | |
| १० | कम्प्युटर इन्जिनियर | रा.प.तृतीय | विविध | — | - | १ | |
| ११ | नायवसुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सामान्य प्रशासन | - | १ | |
| १२ | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | - | १ | |
| १३ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | - | - | २ | |
| १४ | सव-ईन्जिनियर | रा.प.अनं.प्रथम | इन्जिनियरिङ्ग | सिभिल | जनरल | ३ | |
| १५ | हलुका सवारी चालक | श्रेणीविहीन | - | - | - | २ | |
| १६ | कार्यालयस हयोगी | श्रेणीविहीन | - | - | - | ३ | |

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह | उपसमूह | खुद कायम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| **जम्मा** | | | | | | **३९** | |
| आयोजना कार्यान्वयन समूह | | | | | | | |
| १ | सु.इ. | रा.प.प्रथम | इन्जिनियरिङ्ग | सिभिल | जनरल | ७ | |
| २ | सि.डि.ई. | रा.प.द्बितीय | इन्जिनियरिङ्ग | सिभिल | जनरल | २५ | |
| ३ | इन्जिनियर | रा.प.तृतीय | इन्जिनियरिङ्ग | सिभिल | जनरल | ६४ | |
| ४ | सव.इन्जिनियर | रा.प.अनं.प्र | इन्जिनियरिङ्ग | सिभिल | जनरल | ३० | |
| जम्मा | | | | | | १२६ | |
| मन्त्रालयमा थप भएको दरवन्दी | | | | | | ८ | |
| **कुल जम्मा** | | | | | | **१७३** | |

स्थानीय पूर्वाधार विभागको वर्तमान संरचनामा महानिर्देशकको नेतृत्वमा पूर्वाधार विकास महाशाखा अन्तर्गत सडक तथा पुल शाखा, झोलुङ्गे पुल शाखा र वातावरण तथा सामाजिक सुरक्षा शाखा तथा योजना तथा विकास सहायता समन्वय महाशाखा अन्तर्गत योजना अनुगमन तथा पूर्वाधार समन्वय शाख, अनुसन्धान, डिजाइन तथा गुणस्तर शाखा र अन्य पूर्वाधार शाखा लगायतका शाखाहरु हेर्ने गरी २ जना उपमहानिर्देशक रहने व्यवस्था रहेको छ। विभाग मातहत हाल प्रत्येक प्रदेशमा एक-एक वटा गरी जम्मा ७ वटा स्थानीय पूर्वाधार विकास आयोजना कार्यालयहरु (*ईटहरी, जनकपुर, हेटौंडा, पोखरा, बुटवल, सुर्खेत, धनगढी)*, सस्पेन्सन बृज डिभिजन, ग्रामीण सडक सञ्जाल सुधार आयोजना अन्तर्गत आयोजना समन्वय इकाई र ५ वटा आयोजना कार्यान्वयन इकाईहरु(*झापा, ललितपुर, पर्वत, रोल्पा, रुकुमपश्चिम*) र प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम, केन्द्रीय कार्यक्रम समन्वय इकाई गरी जम्मा १५ वटा कार्यालयहरु छन्।

### १.४.४ संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय

संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयले वि.सं. २०२० मा जिल्ला आवास, भवन तथा शहरी विकास शाखाको रुपमा कार्य गर्दै आएकोमा आ.व. २०४७-४८ मा यसको नाम परिवर्तन भई जिल्ला भवन कार्यालयमा परिणत भएको हो। त्यसै गरी वि.सं. २०५४ सालमा काठमाडौं र ललितपुरको जिल्ला भवन कार्यालय गाभिएर उपत्यका भवन कार्यालयको गठन भएकोमा वि.सं. २०५८ सालमा जिल्ला भवन कार्यालय भक्तपुर समेत गाभिएर विशेष शहरी विकास तथा भवन निर्माण संभार डिभिजन कार्यालय गठन भएको हो। उक्त विशेष शहरी विकास तथा भवन निर्माण संभार डिभिजन कार्यालयलाई वि.सं. २०६० श्रावण देखि भवन निर्माण संभार डिभिजन कार्यालयको रुपमा परिणत गरिएको हो। हाल वि.सं. २०७५ बाट साविक भवन मर्मत संभार डिभिजन कार्यालय र साविक सिंहदरबार सचिवालय पुनःनिर्माण समिति खारेज भई दुवै निकायको कार्यभार सहित यस संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय साविकमा शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत रहेकोमा नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७९/०१/१३ को निर्णयानुसार उक्त कार्यालय हाल शहरी विकास मन्त्रालय अन्तर्गत रहेको छ।

नेपाल सरकार कार्यविभाजन नियमावली २०७४ बमोजिम शहरी विकास मन्त्रालयलाई तोकिएको संघीय सचिवालयको भवन निर्माण, मर्मत तथा व्यवस्थापन सम्बन्धी कार्य यस संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयबाट सम्पादन हुने गरेको छ। जस अन्तर्गत अति विशिष्ट पदाधिकारीज्यूहरु (राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधिस, प्रतिनिधी सभाका सभामुख र राष्ट्रिय सभाका अध्यक्ष) को आवास व्यवस्थापन कार्य, मन्त्री निवास पुल्चोकको व्यवस्थापन कार्य, सिंहदरबार परिषर भित्रका संघीय मन्त्रालय, सचिवालय लगायतका सरकारी कार्यालय भवनहरुको निर्माण तथा मर्मत संभार कार्य, प्रदेश प्रमुख तथा मुख्य मन्त्रीहरुको संघीय राजधानी काठमाडौंमा सम्पर्क कार्यालयको व्यवस्थापन र काठमाडौं उपत्यकाका सरकारी भवनहरुको निर्माण तथा मर्मत संभार कार्यहरु पर्दछन् ।

स्वीकृत संगठनात्मक संरचना बमोजिम यस कार्यालयमा एक जना सुपरिन्टेन्डेन्ट इन्जिनियर (रा.प. प्रथम (प्रा.), वि. एन्ड आर्क.), तीन जना सि.डि.ई. (रा.प. द्वितीय (प्रा.), वि. एन्ड आर्क.), एक जना उपसचिव (रा.प. द्वितीय (प्रशासन/लेखा)) सहित तपसिल बमोजिमका ५६ जना कर्मचारी दरबन्दीको व्यवस्था रहेको छ ।

**तालिका १: संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयको दरबन्दी विवरण**

| सि.नं. | पद | श्रेणी | सेवा/समुह/उपसमुह | दरबन्दी संख्या |
|---|---|---|---|---|
| १. | सुपरिन्टेन्डेन्ट इन्जिनियर | रा.प. प्रथम (प्रा.) | सिभिल/वि. एण्ड आर्क. | १ |
| २. | सि.डि.ई. | रा.प. द्वितीय (प्रा.) | सिभिल/वि. एण्ड आर्क. | ३ |
| ३. | उपसचिव (लेखा) | रा.प. द्वितीय | प्रशासन/लेखा | १ |
| ४. | इन्जिनियर | रा.प.तृतीय (प्रा.) | सिभिल/वि. एण्ड आर्क. | ९ |
| ५. | इन्जिनयर (इलेक्ट्रिकल) | रा.प.तृतीय (प्रा.) | इलेक्ट्रिकल/जनरल | १ |
| ६. | इन्जिनियर (मेकानिकल) | रा.प.तृतीय (प्रा.) | मेकानिकल/जनरल | १ |
| ७. | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | १ |
| ८. | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन/लेखा | १ |
| ९. | सब-इन्जिनियर | रा.प.अनं प्रथम (प्रा.) | सिभिल/वि. एण्ड आर्क. | ८ |
| १०. | सब-इन्जिनियर (इलेक्ट्रिकल) | रा.प.अनं प्रथम (प्रा.) | इलेक्ट्रिकल/जनरल | १ |
| ११. | सब-इन्जिनियर (मेकानिकल) | रा.प.अनं प्रथम (प्रा.) | मेकानिकल/जनरल | १ |
| १२. | नायब सुब्बा | रा.प.अनं प्रथम | प्रशासन | २ |
| १३. | लेखापाल | रा.प.अनं प्रथम | प्रशासन/लेखा | २ |
| १४. | कम्प्युटर अपरेटर | रा.प.अनं प्रथम | विवध | २ |
| १५. | प्लम्बर | रा.प.अनं द्वितीय (प्रा.) | सिभिल/स्यानेटरी | ३ |
| १६. | मेकानिक्स | रा.प.अनं द्वितीय (प्रा.) | मेकानिकल/जनरल | १ |
| १७. | इलेक्ट्रिसियन | रा.प.अनं द्वितीय (प्रा.) | इलेक्ट्रिकल/जनरल | २ |
| १८. | जुनियर इलेक्ट्रिसियन | रा.प.अनं तृतीय (प्रा.) | इलेक्ट्रिकल/जनरल | १ |

| सि.नं. | पद | श्रेणी | सेवा/समुह/उपसमुह | दरबन्दी संख्या |
|---|---|---|---|---|
| १९. | खरिदार | रा.प.अनं द्वितीय | प्रशासन | १ |
| २०. | कालिगड | रा.प.अनं द्वितीय (प्रा.) | नि.उ.स. | १ |
| २१. | हलुका सवारी चलक | श्रेणी विहिन | - | ३ |
| २२. | कार्यालय सहयोगी | श्रेणी विहिन | - | १० |
| | **जम्मा** | | | **५६** |

माथि उल्लेख गरिए बाहेक साविक सिंहदरबार सचिवालय पुनःनिर्माण समिति अन्तर्गतका स्थायी कर्मचारीहरु ८ जना, विशिष्ट पदाधिकारी आवास व्यवस्थापन तर्फ सिंहदरबार, बालुवाटार र पुल्चोकको स्वीकृत अस्थायी दरबन्दीमा ६३ जना गरी अन्य ७१ जना कार्मचारी रहने व्यवस्था रहेको छ।

निकाय अन्तर्गतका कार्यालयहरु:

संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयको संगठनात्मक संरचना बमोजिम सिंहदरबार शाखा सिंहदरबार परिषर भित्र र मन्त्री आवास तथा भवन निर्माण शाखा मन्त्रीनिवास पुल्चोक परिसरमा रहेको छ । सिंहदरबार शाखाबाट साविक सिंहदरबार सचिवालय पुनःनिर्माण समितिबाट हुने गरेका कार्यहरु समेत सम्पादन हुने गरेको छ ।

### १.४.५ काठमाडौं उपत्यका विकास प्राधिकरण

काठमाडौं उपत्यकामा बढ्दो जनसंख्या तथा शहरीकरणको परिप्रेक्ष्यमा भईरहेका नगरहरूको पुनःनिर्माण, बिस्तार र विकासको साथै योजनाबद्ध रुपमा भौतिक विकास गरी जनसाधारणलाई आवश्यक सेवा र सुविधाहरू पुर्याउन तथा सर्वसाधारण जनताको स्वास्थ्य सुविधा एवं आर्थिक हित राख्ने उद्देश्यले काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०६३ अनुसार २०६९।०१।०१ बाट स्थापना भएको काठमाडौं उपत्यका विकास प्राधिकरण एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हो।काठमाडौं उपत्यका विकास प्राधिकरणका प्रमुख कार्यहरुमा उपत्यकाको विकासका लागि एकीकृत विकास योजना तर्जुमा गर्ने, तयार भएका योजनालाई कार्यान्वयन गर्ने, उपत्यकाको विकासको लागि विभिन्न निर्देशिकाहरु तयार गर्ने र साथै सम्वन्धित संघ संस्थाहरुसँग समन्वयात्मक भूमिका खेल्ने रहेको छ। यी कार्यक्षेत्रका अधीनमा रही यस प्राधिकरणबाट उपत्यकाको भौतिक योजना तर्जुमा गर्ने, उपत्यकाको विकासको लागि दीर्घकालीन अवधारणा तयार गर्ने, ढल तथा फोहरमैला व्यवस्थापन गर्ने, हरियाली पार्क निर्माण, खानेपानी व्यवस्थापन गर्ने, सार्वजनिक जग्गाको सदुपयोग, संरक्षण र उपयोग गर्ने, भवन मापदण्ड तयार गर्ने, Planning permit दिने, सडक बिस्तार गर्ने, र साथै जग्गा एकीकरण गर्ने कार्य भइरहेका छन्। काठमाडौं उपत्यकाको दिगो विकासका लागि प्रयास, फोहरमैला फालेर अति कुरुप भएका सहर भित्रका खुला चौरहरुलाई व्यवस्थित बनाउने, जनताको स्वास्थ्य सुविधा एवं आर्थिक हित कायम राख्ने लगायतका मुलभूत विषयवस्तुलाई ध्यानमा राखि ५० वर्षे दुरदृष्टि र परिदृश्य, २० वर्षे रणनीति तथा कार्य नीतिको योजना बनाई काम गरिरहेको छ।

काठमाडौं उपत्यका विकास प्राधिकरण अन्तर्गत प्राधिकरणको केन्द्रीय कार्यालयका लागि विभिन्न पदका ६३ जनाकेन्द्रिय कार्यालयः ४९ (श्रेणीबाहक), १४ (श्रेणीविहीन), जि.आ.का काठमाण्डौः२६ (श्रेणीबाहक), ५ (श्रेणीविहीन), जि.आ.का ललितपुरः१८ (श्रेणीबाहक), ५ (श्रेणीविहीन) ,जि.आ.का भक्तपुरः१५ (श्रेणीबाहक), ५ (श्रेणीविहीन) गरेर कुल १०८ (श्रेणीबाहक) स्थायी दरबन्दी स्वीकृत भएको देखिन्छ ।सबै कार्यालय गरी हाल विभिन्न श्रेणीबाहक पदमा ५३ जना

स्थायी कर्मचारी कार्यरत। त्यस्तै, प्राधिकरण अन्तर्गत नै बाहिरी चक्रपथ विकास आयोजनाका लागि रहने गरी आ.व ०७९।८० को लागि ६ जना स्थायी, ६ स्थायी/करार तथा ७ दरबन्दी करार स्वीकृत भएको छ।

### १.४.६ अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति

**परिचयः**

२०५१ साल चैत्रमा पशुपति क्षेत्र वातावरण सुधार कार्यान्वयन तथा अनुगमन समितिको नामबाट गठित समिति २०५२ साल मंसिरमा अधिकार सम्पन्न पशुपति क्षेत्र ढल निर्माण, सुधार कार्यान्वयन तथा अनुगमन समितिको रुपमा रुपान्तरण भएको थियो ।२०६४ साल जेष्ठमा अधिकार सम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समिति नामाकरण गरी यसको कार्य क्षेत्र थप बिस्तार गरिएको थियो। अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति आदेश, २०७३ बमोजिम पुनर्गठित यस समितिको मुख्य उद्देश्य वाग्मती नदी र यसका सहायक नदीहरुको उद्गम स्थलदेखि कटुवाल दहसम्मको नदी प्रणाली प्रदुषणमुक्त गराई संरक्षण र सम्बर्द्धन गरी उपत्यकाको वातावरणीय स्वच्छता, पवित्रता, र सुन्दरता कायम गर्ने नदी प्रणालीसंग सम्वद्ध ऐतिहासिक, पुरातात्विक एवं साँस्कृतिक सम्पदाको संरक्षण गर्ने, समग्र वागमती सभ्यताको पहिचान एवं जगेर्ना गर्नुका साथै एकीकृत जलस्रोत व्यवस्थापन तथा अन्य प्राकृतिक स्रोतको उचित व्यवस्थापन गर्ने रहेको छ ।

**उद्देश्यः**

काठमाडौं उपत्यका भित्र बाग्मती र यसका सहायक नदी नालाहरुलाई स्वच्छ, सफा र हराभरा बनाएर नदी किनारमा रहेका धार्मिक, सास्कृतिक तथा पुरातात्विक महत्वका धरोहरहरुको जगेर्ना गर्नु अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको मुख्य उद्देश्य हो । यसका लागी समितिले बाग्मती नदीको किनारामा बहाब क्षेत्र कायम हुनेगरी पुर्वाधार निर्माणका कामहरु जस्तै ढल निर्माण, सडक निर्माण, हरित क्षेत्र निर्माण, तटबन्ध निर्माण तथा चेक ड्याम निर्माण तथा ढल प्रशोधन केन्द्रको निर्माण तथा संचालन क्रमश गर्दै जाने तथा सचेतनामुलक कार्यत्रमहरुको माध्यमवाट आम सरोकारवालाहरुमा नदीको बढ्दो प्रदूषण प्रति चासो र चिन्ता जगाउनु रहेको छ।

**लक्ष्यः**

काठमाडौं उपत्यकका अन्य नदीहरु रुद्रमती, मनमती, वल्खुखोला, नख्खुखोला, गोदावरी, कोडेकुखोला, हनुमन्ते, मनहरा र विष्णुमती लागयतका वाग्मती नदीको सहायक नदीहरुका रुपमा बहने उपत्यका भित्रका सबै नदीनालाहरुबाट पनि वाग्मती नदी प्रदूषित हुने भएकोले उपत्यकाभित्र रहेका सबै नदीनाला, खोलाहरुको शुद्धीकरण, हरितक्षेत्र तथा सडक निर्माण र नदीको वहाव क्षेत्र निर्धारण गर्न वृहत्तर योजना तयार गरी कार्यन्वयन गरिने लक्ष्य राखेको छ।

| क्र.स. | सेवा प्रकार | परिमाण |
|---|---|---|
| १ | स्थायी | ३२ |
| २ | करार | १०४ |
| **जम्मा** | | **१३६** |

### १.४.७ शहरी पूर्वाधार प्रविधि अनुसन्धान तथा तालिम केन्द्र

शहरी पूर्वाधार प्रविधि अनुसन्धान तथा तालिम केन्द्र नेपाल सरकार, शहरी विकास मन्त्रालय अन्तर्गतको निकाय हो। केन्द्रले शहरी विकास, भवन निर्माण तथा फोहोरमैला व्यवस्थापनसँग सम्बन्धित प्रविधिको अनुसन्धान, विकास, तालिम र प्रवर्द्धन गर्दै आएको छ। यस केन्द्र अन्तर्गत आवास तथा भवन शाखा, शहरी योजना तथा विकास शाखा, र फोहोरमैला प्राविधिक सहायता शाखा गरी तीन प्रमुख शाखाहरू छन्, जसले निर्धारित क्षेत्रमा नीति निर्माण, अनुसन्धान, तालिम तथा प्रविधिको प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् ।

यस केन्द्रको संस्थागत विकास क्रम हेर्दा वि.सं. २०५८ मा झापामा "भवन प्रविधि अनुसन्धान तथा तालिम केन्द्रको रुपमा" ९ महिना कार्य सञ्चालन भई सोही वर्षमा मकवानपुर जिल्लाको हेटौंडामा "भवन प्रविधि अनुसन्धान तथा तालिम केन्द्र" स्थापना भई भवन निर्माण प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान र तालिममा प्रारम्भिक कार्य थालिएको थियो। त्यसपछि, वि.सं. २०७७ साल मंसिर २१ गतेको निर्णय अनुसार, "राष्ट्रिय भवन प्रविधि अनुसन्धान केन्द्र" स्थापना भएको र वि.सं. २०७९ साल वैशाख १३ गते नेपाल सरकार मन्त्रीपरिषद्को निर्णयले उक्त केन्द्रलाई शहरी विकास मन्त्रालय अन्तर्गत पुनः संरचना गरेको थियो । हाल वि.सं. २०८१ साल असोज २१ गतेको नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय अनुसार केन्द्रको कार्यक्षेत्र गत शर्तहरूमा व्यापकता प्रदान गर्दै नाम परिवर्तन गरी "शहरी पूर्वाधार प्रविधि अनुसन्धान तथा तालिम केन्द्र" वर्तमान अवस्थामा आएको छ।

**केन्द्रको कार्यक्षेत्र**

- स्थानीय वास्तुकला, देशको हवापानी र कला-संस्कृति सुहाउँदो भवन निर्माण प्रविधि, आधुनिक र वैकल्पिक निर्माण सामग्री, भवन निर्माण प्रविधि, भवनहरूको गुणस्तर अभिवृद्धिको अध्ययन अनुसन्धान तथा विकास, प्रवर्द्धन, तालिम, प्रशिक्षण तथा ज्ञान हस्तान्तरण गर्ने,
- शहरी विकास, आवास तथा भवन निर्माण सामग्री र प्रविधि सम्बन्धी नियम-विनियम, निर्देशिका तथा आचार संहिताहरू निर्माण तथा परिमार्जन सम्बन्धी कार्य गर्ने,
- फोहोरमैला व्यवस्थापन सम्बन्धी तालिम कार्यक्रम सञ्चालन तथा पालिकाहरूलाई प्राविधिक सहयोग गर्ने,
- भवन, आवास र सहरी क्षेत्रको कार्यमूलक तथा शैक्षिक अनुसन्धानको समन्वय सम्बन्धी कार्य गर्ने,
- विल्डिङ एण्ड आर्किटेक्ट उपसमूहका प्राविधिकहरुलाई सेवासँग सम्बन्धित क्षमता अभिवृद्धि गर्न तालिम तालिम सञ्चालन गर्ने,
- निर्माण सामाग्रीहरुको गुणस्तर एवं उपयुक्तता परीक्षण तथा सुनिश्चितता गर्न प्रयोगशाला परीक्षण गर्ने,
- DUDBC अन्तर्गतको भवन संहिता शाखा लाई आवश्यक राय सुझाव दिने कार्य गर्ने,
- नर्स र स्पेसिफिकेशनको समयानुकूल निरन्तर अद्यावधिक तथा परिमार्जन गर्ने,
- फोहोरमैला सम्बन्धी उपयुक्त विसर्जनको लागि स्थानीय भूगोल अनुकूलको प्रविधिको सिफारिस गर्ने,
- फोहोरमैला व्यवस्थापन र विशिष्ट पूर्वाधारहरुको निर्माणमा स्थानीय तहहरूसँग समन्वय तथा सहकार्य गर्ने,
- फोहोरमैला व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, समन्वय र सहजीकरण गर्ने।

## शहरी पूर्वाधार प्रविधि अनुसन्धान तथा तालिम केन्द्रको दरबन्दी तेरिज

| सि.नं. | पद | श्रेणी | सेवा | समूह | उपसमूह | प्रस्तावित | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सु.इ. | रा.प.प्र. | इन्जिनियरिङ | सिभिल | बि.एण्ड.आर्क. | १ | |

| सि.नं. | पद | श्रेणी | सेवा | समूह | उपसमूह | प्रस्तावित | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २ | सि.डि.इ. | रा.प.द्वि. | इन्जिनियरिङ | सिभिल | बि.एण्ड.आर्क. | ३ | |
| ३ | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | सा.प्र. | | १ | |
| ४ | इन्जिनियर | रा.प.तृ. | इन्जिनियरिङ | सिभिल | बि.एण्ड.आर्क. | ३ | |
| ५ | सब-इन्जिनियर | रा.प.अनं.प्र.प्रा. | इन्जिनियरिङ | सिभिल | बि.एण्ड.आर्क. | ३ | |
| ६ | नायब सुब्बा | रा.प.अनं.प्र. | प्रशासन | सा.प्र. | | २ | |
| ७ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्र.प्रा. | विविध | | | १ | |
| ८ | लेखापाल | रा.प.अनं.प्र. | प्रशासन | लेखा | | १ | |
| ९ | ह.स.चा. | श्रेणी विहिन | इन्जिनियरिङ | | | ३ | |
| १० | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन | | | ३ | |
| **जम्मा** | | | | | | **२१** | |

### १.४.८ नगर विकास कोष

नेपालमा नगरहरुको निर्माण, विकास तथा विस्तार एवम् नगरहरुमा आधारभुत सामाजिक सेवा र आयमूलक आयोजना सञ्चालन गर्न गराउन तथा त्यस्तो सेवा तथा आयोजना सञ्चालन गर्ने नगर विकाससँग सम्बन्धित निकायहरुलाई आर्थिक र प्राबिधिक सहयोग प्रदान गरी व्यवस्थित ढङ्गले नगरको निर्माण गर्ने गराउने अभिप्रायल वि.सं. २०४५ सालमा गठन आदेश अनुसार नगर विकास कोष समितिको स्थापना भएको थियो। तत्पश्चात वि.सं. २०५३ सालमा नगर विकास कोष ऐनद्वारा स्वायत्त संस्थाको रुपमा क्रियाशिल रहेको कोषले नेपाल सरकार तथा विभिन्न दातृ संस्थाहरुको प्राविधिक तथा वित्तीय सहयोगमा नेपालमा शहरी पूर्वाधार विकासका लागि नगरपालिका र नगरोन्मुख गाउँपालिकाहरुमा ऋण तथा अनुदान लगानी एवम् क्षमता विकासका लागि प्राविधिक सहायता प्रदान गर्दै आएको छ। शहरी पूर्वाधार विकासका क्षेत्रमा ऋण परिचालनको लामो अनुभव सँगालेको कोष संघ, प्रदेश र स्थानीय तह एवं वित्तीय संस्थाहरुको समेत स्वामित्व रहने गरी शहरी पूर्वाधार निर्माणमा मुलुकको वित्तीय बजार एवं नीजी क्षेत्रको पूँजीलाई शहरी पूर्वाधार विकासमा परिचालन गराउन सक्ने नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने एक स्वायत्त एवं दीगो वित्तीय मध्यस्थकर्ता संस्थाका रुपमा स्थापित हुने कोषको दुरदृष्टि रहेको छ।

हाल कोषको सञ्चालक समितिमा शहरी विकास मन्त्रालयका सचिवको अध्यक्षतामा अर्थ मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका १-१ जना प्रतिनिधि हुने गरी दुई जना सदस्य नेपाल सरकारबाट, नगरपालिका प्रमुख वा उप प्रमुख मध्येबाट प्रत्येक प्रदेशको प्रतिनिधित्व हुने गरी नेपाल सरकारले मनोनयन गरेको तीन जना महिला सहित सात जना सदस्य, समावेशीताको आधारमा शहरी विकास मन्त्रालयले तोकेको एक जना महिला सहित तीन जना सदस्य र दुई जना सदस्य विषय विज्ञबाट प्रतिनिधित्व हुने व्यवस्था रहेको छ। समितिको सदस्य सचिव र प्रशासकीय प्रमुखको रुपमा कार्य गर्न खुल्ला प्रतिस्पर्धाका आधारमा कार्यकारी निर्देशकको नियुक्ति हुने व्यवस्था रहेको छ। शहरी पूर्वाधार विकासका क्षेत्रमा ऋण परिचालनको लामो अनुभव सँगालेको नगर विकास कोषलाई मुलुकको वित्तीय बजार एवं नीजी क्षेत्रको पूँजीलाई शहरी पूर्वाधार विकासमा परिचालन गराउन सक्ने एक स्वायत्त एवं दीगो वित्तीय मध्यस्थकर्ता संस्थाका रुपमा विकास गराउनुपर्ने विभिन्न अध्ययन प्रतिवेदनहरुले देखाएका छन्।

नगर विकास कोषमा एक कार्यकारी निर्देशक सहित विभिन्न तहमा निम्न अनुसारका जम्मा ४६ दरबन्दी स्वीकृत भएको छ ।

| क्र.स. | सेवा प्रकार | परिमाण |
|---|---|---|
| १ | स्थायी | ३४ |
| २ | करार | १२ |
| **जम्मा** | | ४६ |

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८०।१।२६ को निर्णयबाट "नगर विकास कोषको कार्यक्षेत्र विस्तृतीकरण एवम् पूँजी पुनःसंरचना सम्बन्धी रणनीतिक पत्र" स्वीकृत गरिएको छ । रणनीति पत्रले कोषको कार्य क्षेत्र विस्तार, पूँजीगत पुनर्संरचना, संचालक समितिको पुनर्संरचना, व्यवस्थापकीय पुनर्संरचना, लगानीको सुरक्षण, नियमन, कोषलाई पूर्ण स्वायत्त एवम् व्यावसायिक रुपमा सञ्चालन सम्बन्धी व्यवस्था गर्न कोषको कानूनी पुनर्संचना लगायतको लक्ष्य निर्धारण गरेको छ। स्वीकृत रणनीति पत्र वमोजिम नेपाल सरकारको आ.व. ०८०।८१ को बजेट तथा कार्यक्रम अनुसार कोषलाई संघ, प्रदेश र स्थानीय तह एवं वित्तीय संस्थाहरुको समेत स्वामित्व रहने गरी पुनर्संरचना गरी संचालन गर्न कानूनी प्रबन्धका लागि नगर विकास कोष ऐन, २०५३ मा संशोधनको प्रक्रियामा रहेको छ । कोषले शहरी पूर्वाधार निर्माणका लागि प्रवाह गरिने ऋण तथा अनुदान सम्बन्धी प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउन "लगानी विनियमावली, २०७९" र कोषले पूर्वाधार निर्माणका लागि गरेको ऋण लगानीको असुली प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउन "ऋण असुली विनियमावली, २०७९" फागुन २ देखि लागु गरिएको छ।

### १.४.९ अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति

विकास समिति ऐन, २०१३ अन्तर्गत विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति (गठन) आदेश, २०८१ अनुसार गठन भएको संस्था हो ।

#### (क) संरचनाहरु

विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति (गठन) आदेश, २०८१ अनुसार विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति अन्तर्गत देहायका संरचनाहरु रहने व्यवस्था रहेको छ :-

१. अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वर, काठमाडौं
२. सनराइज सभाहल, गोदावरी, ललितपुर
३. बुटवल अन्तर्राष्ट्रिय सभाहल, रुपन्देही
४. बुटवल अन्तर्राष्ट्रिय प्रर्दशनी केन्द्र, रुपन्देही
५. धरहरा, सुन्धारा, काठमाडौं
६. दमक भ्यूटावर (दमक व्यापारिक कम्प्लेक्स)

हाल यस समितिमा जम्मा १०० जनाको दरबन्दी स्वीकृत भएको रहेको छ ।

**(ख) यस विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समितिको काम, कर्तब्य र अधिकार निम्नानुसार रहेका छन् ।**

विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति (गठन) आदेश, २०८१ मा तोकिएको काम, कर्तब्य तथा अधिकार देहाय अनुसार रहेका छन :-

१. विशिष्ट संरचनाको प्रकृतिको आधारमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा, सम्मेलन गोष्ठी, सेमिनार, सांस्कृतिक कार्यक्रम सञ्चालन गर्ने वा अन्य मेला प्रदर्शनी आयोजना गर्ने स्थान सम्वन्धमा आवश्यक व्यवस्था गर्ने र सो वापत सेवा शुल्क लगाउने,
२. विशिष्ट संरचनाको चल अचल सम्पत्तिको रेखदेख, नियन्त्रण, संभार र संरक्षण गर्ने, गराउने,
३. समितिमा पेस भएका नीति, योजना, बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,
४. विशिष्ट संरचनालाई आर्थिक रुपमा सक्षम एवं आत्मनिर्भर बनाउने,
५. विशिष्ट संरचनाको दीर्घकालिन व्यवस्थापनका लागि नेपाल सरकारलाई सुझाव दिने,
६. विशिष्ट संरचनाको आधारभूत भौतिक संरचना तथा स्वीकृत गुरुयोजनामा परिर्वतन नहुने गरी आवश्यक काम गर्ने, गराउने,
७. समितिलाई हस्तान्तरण भई आएका विशिष्ट संरचनाको प्रचलित कानून बमोजिम करार, लिज, भाडा वा अन्य उपयुक्त विधिबाट सञ्चालन गर्ने, गराउने,
८. तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

### १.४.१० राष्ट्रिय आवास कम्पनी लिमिटेड

साबिक नेपाल पुनर्वास कम्पनी प्रा.लि.ले. वि.सं. २०२० देखि २०४६ सम्म कृषिमा आधारित पुनर्वास कार्यक्रम सञ्चालन गरी १९ हजार ७६ परिवारलाई २६ हजार ३४७ हेक्टर जग्गा वितरण गरेको र घर प्लट, कृषि प्लट, सडक बजार, सामुदायिक केन्द्र, विद्यालय, मन्दिर, हुलाक, नदी बजार क्षेत्र, गौचर, कब्रस्थान, सामुदायिक जंगल, इनार, ट्यूवेल आदिका लागि जग्गाको व्यवस्था गरेको थियो । भूमिको सीमितता र अन्य विविध कारणले पुनर्वास कार्यक्रमलाई निरन्तरता प्रदान गर्न सम्भव नभएपछि २०४६ फाल्गुन २ को नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार ग्रामिण क्षेत्रमा योजनाबद्धरूपमा आवास कार्यक्रम संचालन गर्ने उद्देश्यले साबिकको नेपाल पुनर्वास कम्पनीलाई २०४६ फाल्गुन ९ गते ग्रामिण आवास तथा बस्ती विकास कम्पनी लि. मा रूपान्तरण गरियो। कम्पनी ऐन २०२१ बमोजिम २०४७ असार ८ गते उद्योग विभाग द.नं १८३/०४६/०४७ मा दर्ता रहेको यो कम्पनी रूपान्तरित कम्पनी ऐन २०६३ अनुसार सञ्चालित छ। कम्पनीको मिति २०६९/३/२८ गते भएको साधारण सभाबाट केही उद्देश्यहरु समेत थप भई ग्रामिण आवास कम्पनी लि. बाट राष्ट्रिय आवास कम्पनी लिमिटेडमा नाम परिवर्तन गर्ने निर्णय भई कम्पनी रजिस्ट्रार कार्यालय र सहरी विकास मन्त्रालयवाट स्वीकृत भएअनुसार राष्ट्रिय आवास कम्पनी लि.मा नाम परिवर्तन गरिएको छ।

कम्पनीको उद्देश्यहरुः

(क) प्राकृतिक प्रकोप र अन्य कारणले आवासबिहीन परिवारलाई नेपाल सरकारको निर्देशन बमोजिम जग्गा वा आर्थिक स्रोतको व्यवस्थापन गर्ने।
(ख) योजनाबद्ध आवास तथा बस्ती विकास गर्ने।
(ग) स्थानीय तहसँगको समन्वयमा प्रचलित कानूनी प्रकृया पुरा गरी जग्गा एकीकरण (*Land Pooling*) आयोजना सञ्चालन गर्ने।

(घ) नेपाल सरकारको निर्देशन बमोजिम पुनः स्थापना सम्बन्धी कार्य गर्ने।

(ङ) राष्ट्रिय आवास नीतिमा उल्लेखित कार्यक्रम एवम् नीतिहरुमा कम्पनीले सम्भव भएसम्मका योगदान एवम् सहभागी भएर कार्यक्रमहरू सञ्चालन गर्ने।

(च) सहरी क्षेत्रमा आवासको लागि आवासीय योजना, परियोजनाहरू सञ्चालन गर्ने/गराउने ।

(छ) नागरिकको चाहना र यस कम्पनीको उद्देश्यअनुरूप देशका विभिन्न स्थानमा कम लागतका घर (*Low Cost Housing*), भवनहरू निर्माण गरी तिनको बिक्री वितरण गर्ने/गराउने ।

(ज) नेपाल सरकारमा कार्यरत राष्ट्र सेवक कर्मचारीहरू र सेवा निवृत कर्मचारीहरूको लागि समेत तोकिएबमोजिम जग्गा विकास गरी आवास सुबिधा उपलब्ध गराउने ।

(झ) नेपाल सरकारद्वारा विभिन्न समयमा जारी गरिएको नीति र कार्यक्रमअनुसार आवास कार्यक्रम सञ्चालन गर्ने ।

(ञ) नेपालका विभिन्न स्थानहरूमा सम्भव भएसम्म सपिङ्ग कम्प्लेक्स, सटर, कवलहरू निर्माण गरी तिनको बिक्री वितरण र बहालमा दिने ।

(ट) नेपाल सरकार र दातृसंस्थाहरूसँग सम्पर्क र समन्वय गरी आवास तथा बस्ती विकास कार्यक्रमलाई व्यवस्थित गर्ने ।

(ठ) कम्पनीको उद्देश्यहरूसँग प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सम्बन्ध भएका निकायहरूसँग समन्वय र सहकार्य गरी आवाससम्बन्धी कार्यहरूको प्रबन्ध गर्ने।

१) हाल राष्ट्रिय आवास कम्पनी लिमिटेड अन्तर्गत निम्न अनुसारका जम्मा ७३ जना दरबन्दी मध्ये हाल ४५ (स्थायी -४, अस्थायी - २३, सेवा करार - ८ र दैंनिक ज्यालादारी -१०) जना कार्यरत रहेको देखिन्छ।

२) कम्पनीसंग रहेको जग्गाहरुको विवरण यस प्रकार छः

| सि.न. | कार्यालय | प्रदेश | जग्गाको विवरण | | कैफियत |
|---|---|---|---|---|---|
| | | | जग्गा धनी प्रमाण पुर्जा भएको जग्गा | फुटकर जग्गा | |
| १ | श्री योजना कार्यालय, जोरसिमल झापा | कोशी प्रदेश | ६-१७-१८.७५ विघा | १२४-१-१९ विघा | |
| २ | श्री श्रीखण्डपुर, काभ्रे | वाग्मती | ५-३-०-०.५२ रोपनी | | |
| ३ | श्री योजना कार्यालय, माकर नवलपरासी | लुम्बिनी र गण्डकी | २१-०-० विघा | १६००-०-० विघा | |
| ४ | श्री योजना कार्यालय, बर्दिया ताराताल | लुम्बिनी | ७-०-० विघा | ६००-०-० विघा | |
| ५ | श्री योजना कार्यालय,शिवसरोजस्थल पुनर्वास न.पा.कंचनपुर । | सुदूरपश्चिम | १३३-१२-१० विघा | ७१९-२-१२ विघा | |
| **जम्माः** | | | **१६८-१८-४.६८ विघा** | **३०४३-४-२ विघा** | |

## २. मन्त्रालय अन्तर्गत सञ्चालित प्रमुख कार्यक्रम

### २.१ संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय वाग्मती सुधार आयोजना

संघीय सचिवालय भवनहरुको निर्माण, मर्मत तथा व्यवस्थापनको जिम्मेवारी प्राप्त यस कार्यालयबाट अति विशिष्ट तर्फ सम्माननीय राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, सभामुख र राष्ट्रिय सभाका अध्यक्षको सरकारी निवास परिसर, विशिष्ट पदाधिकारी तर्फ मन्त्री निवास पुल्चोक परिसर र सिंहदरबार परिसरको गुरुयोजना तयार गर्ने, गुरुयोजना बमोजिमका निर्माण कार्य गर्ने, नियमित मर्मत संभार तथा व्यवस्थापन गर्ने कार्य, काठमाडौं उपत्यकाका सरकारी कार्यालय भवनहरुको निर्माण तथा मर्मत संभारको कार्य गर्दै आएको छ। साथै अख्तियारी प्राप्त भएका अन्य कार्यालयको अनुरोधमा कार्यक्रम कार्यान्वयन वा प्राविधिक सहयोग अन्तर्गत विभिन्न आयोजनाहरुको समेत कार्य गर्दै आएको छ।



नेपाल बीमा प्राधिकरणको प्रशासनिक भवन निर्माण कार्य. कपण्डोल



राष्ट्रिय अनुसन्धान विभागको प्रशासनिक भवन निर्माण (दोस्रो चरण)



किर्तिपुर क्रिकेट मैदानमा अन्तराष्ट्रिय मापदण्ड अनुरूप प्यारापेट निर्माण तथा फ्लडलाईट जडान कार्य



सिंहदरबार स्थित गृह मन्त्रालयको भवन निर्माण

## २.२ आवास व्यवस्था कार्यक्रमः

आ.व. ०६८।०६९ सम्म नमूना एकीकृत बस्ती विकास कार्यक्रम ब.उ.शि.नं. ३४७१९२ अन्तर्गत रहेको जनता आवास कार्यक्रम समेत सञ्चालन गर्ने गरी आ.व. ०६९।०७० देखि आवास व्यवस्था कार्यक्रम ब.उ.शि.नं. ३४७१८० शुरु भएको देखिन्छ। जनता आवास कार्यक्रम आ.व.२०७५।०७६ देखि प्रदेश सरकारमा हस्तान्तरण भएको छ। सोही आ.व.मा संविधान प्रदत्त आवासको मौलिक हक कार्यान्वयनका लागि आवासको अधिकार सम्बन्धी ऐन, २०७५ बमोजिम उपयुक्त, सुरक्षित र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्न गरिबीको रेखामुनि रहेका, प्रकोपका कारण घरवारविहीन भएका घरपरिवारको पराल, खर वा यस्तै प्रकारका पानी र आगोबाट असुरक्षित आवासीय भवनको छाना जस्तापाताले प्रतिस्थापन गर्न सुरक्षित नागरिक आवास कार्यक्रम शुरु भएको थियो। आ.व. ०७५।०७६ बाट शुरु भएको सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि तयार गरी कार्यान्वयन गर्नु पर्ने भएकोले उक्त आ.व. मा कार्यक्रम कार्यान्वयन कार्यविधि तयार भई ३६ जिल्लाका २२२ स्थानीय तहमा १९२३० लाभग्राही छनौट भई प्रथम किस्ता बापत रु.९ करोड ७७ लाख बजेट खर्च भएको थियो। आ.व. २०७७/०७८ देखि स्थानीय तहबाट कार्यक्रम सञ्चालन हुने गरी सुरक्षित नागरिक आवास कार्यक्रमको अनुदानरकम स्थानीय तहहरुमा नै पठाइएको छ। सुरक्षित नागरिक आवास कार्यक्रमको र जनता आवास कार्यक्रमको हालसम्मको समग्र प्रगति तपशिल वमोजिम रहेको छ।

**सुरक्षित नागरिक आवास कार्यक्रमको प्रगति विवरण**

- कुल सम्पन्न आवास संख्याः ९२,९८८ यस आ.वमा सम्पन्न भएका/सुधार भएका आवास संख्याः ११,०९४

**जनता आवास कार्यक्रमको हालसम्मको प्रगति बिवरण**

- राष्ट्रिय दलित आयोगको सूचीमा सुचिकृत दलित, विपन्न मुसलमान तथा लोपोन्मुख र अति सिमान्तकृत जाती तथा समुदायमका विपन्न वर्गहरुलाई आवासको व्यवस्था गर्ने गरी आ.व. ०७४/०७५ सम्म १७०३९ जनता आवास एकाईको निर्माण सम्पन्न। आ.व. २०७५/७६ प्रदेशतहमा हस्तान्तरण भई हालसम्म ३८९३१ सम्पन्न।

## २.३ एकीकृत कार्यमूलक योजनाः

नगरपालिकाहरुको योजनाबद्ध र व्यवस्थित शहरी विकासका लागि नगरपालिकाहरुको प्रत्यक्ष संलग्नता र स्थानीय जनताको सहभागितामा शहरी विकास योजना तर्जुमा गर्ने, नगरपालिकाहरुको डिजिटल आधार नक्शा (Digital Base Map) तयार गर्ने र नगरपालिका नभएका जिल्ला सदरमुकामहरुको भौतिक विकास योजना तर्जुमा गर्ने मुख्य उद्देश्य राखी शुरु गरिएको एकीकृत कार्यमूलक योजना कार्यक्रम अन्तर्गत शहरी विकास तथा भवन निर्माण विभागबाट शहरी विकाससँग सम्बन्धित कार्यक्रमहरुको सम्भाव्यता अध्ययन, भौतिक विकास योजना, विस्तृत आयोजना प्रतिवेदन, विस्तृत इञ्जीनियरिङ्ग डिजाइन, वातावरणीय प्रभाव मूल्याङ्कन, भवनहरुको डिजाइन, माटो परीक्षण लगायत परामर्श सेवा मार्फत् गराउनु पर्ने कार्यहरु मुख्यगरी यसै कार्यक्रम मार्फत् हुने गरेको छ।

आ.व. ८१/८२ मा यस बजेट उप-शिर्षक अन्तर्गत भएका मुख्य मुख्य कार्य निम्नानुसार रहेको छ।

१. सघन शहरी विकास कार्यक्रम अन्तर्गत तपशिलका स्थानमा एकीकृत शहरी पूर्वाधार विकास कार्यको डिटेल इन्जिनियरिङ्ग डिजाइन तयार भएको।

| सि.नं | जिल्ला | पालिका |
|---|---|---|
| १. | झापा | मेचीनगर नगरपालिका |
| २. | झापा | अर्जुनधारा नगरपालिका |
| ३. | मोरङ्ग | बेलबारी नगरपालिका |
| ४. | उदयपुर | बेलका नगरपालिका |
| ५. | धनुषा | क्षिरेश्वरनाथ नगरपालिका |
| ६. | सर्लाही | हरिपुर नगरपालिका |
| ७. | दोलखा | भिमेश्वर नगरपालिका |
| ८. | चितवन | कालिका नगरपालिका |
| ९. | गोरखा | गोरखा नगरपालिका |
| १०. | म्याग्दी | बेनी नगरपालिका |
| ११. | अर्घाखाँची | शितगंगा नगरपालिका |
| १२. | दाङ्ग | तुल्सीपुर उपमहानगरपालिका |
| १३. | बर्दिया | मधुवन नगरपालिका |
| १४. | कालिकोट | खाँदाचक्र नगरपालिका |
| १५. | दैलेख | नारायण नगरपालिका |
| १६. | सुर्खेत | गुर्भाकोट नगरपालिका |
| १७. | दार्चुला | महाकाली नगरपालिका |
| १८. | कञ्चनपुर | पुनर्वास नगरपालिका |

२. विभाग अन्तर्गतका आयोजना कार्यालयको कार्यक्षेत्र भित्रका १५० वटा सरकारी कार्यालय परिसर भित्रका भवनहरुको BMIS मा प्रविष्टिको लागि नापजांच/अभिलेखिकरण गरिएको ।
३. रौतहट जिल्लाको गौर बोर्डर टाउनमा शहरी पूर्वाधार निर्माणको DPR तयार भएको ।
४. बैरेनी गल्छी नयाँ शहरको जोखिम संबेदनसिल भू-उपयोग योजना तयार गर्ने सम्बन्धी कार्य भएको ।
५. काठमाडौं जिल्ला चन्द्रागिरि न.पा. बल्खु खोला करिडोर निर्माणको लागि डि.पि.आर तयार भएको ।
६. काठमाडौं जिल्ला चन्द्रागिरी न.पा. विष्णुदेवी मन्दिर सौन्दर्यकरण योजनाको लागि डि.पि.आर तयार भएको ।
७. सिन्धुपाल्चोक जिल्ला हेलम्बु गाउँपालिका गाउँपालिकाको बस्ती विकास कार्यक्रम तर्जुमा भएको ।
८. तनहुँ जिल्ला भानु नगरपालिका केन्द्र वरपर जग्गा एकीकरण आयोजनाको सम्भाव्यता अध्ययन गरी DPR तयार गर्ने सम्बन्धी कार्य भैरहेको ।
९. धनकुटा जिल्ला धनकुटा नगरपालिका बेलारा डाँडा-९ मा आधुनिक शहरी विकासको गुरुयोजना तयार गर्ने सम्बन्धी कार्य भैरहेको ।

१०. सुनसरी जिल्ला देवानगञ्ज गाउँपालिकाको बस्ती विकास योजना तयार गर्ने सम्बन्धी कार्य भैरहेको ।
११. नगरपालिकाहरुको Urban Infrastructure Competency Index (UICI) तयार गर्ने परामर्श सेवा सम्बन्धी कार्य भएको ।
१२. प्रदेश राजधानी मा रहेका तपसिलका पालिकामा व्यवस्थित शहरीकरणको लागि जग्गा एकीकरण आयोजनाको माध्यमबाट मौलिक शहर निर्माणको लागि सम्भाव्यता अध्ययन गरी विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने सम्बन्धी कार्य भैरहेको ।

| सि.नं | प्रदेश | पालिका |
|---|---|---|
| १. | बागमती प्रदेश | हेटौंडा उपमहानगरपालिका |
| २. | कोशी प्रदेश | विराटनगर महानगरपालिका |
| ३. | मधेश प्रदेश | जनकपुर उपमहानगरपालिका |
| ४. | गण्डकी प्रदेश | पोखरा महानगरपालिका |
| ५. | कर्णाली प्रदेश | विरेन्द्रनगर नगरपालिका |
| ६. | सुदूरपश्चिम प्रदेश | गोदावरी नगरपालिका |

### २.४ सघन शहरी विकास कार्यक्रमः

शहरी विकास मन्त्रालयको दीर्घकालिन सोच तथा शहरी विकास कार्यक्रम र नेपाल सरकारले पारित गरेको शहरी विकास रणनीति (NUDS) अनुरुप शहरी पूर्वाधार विकास कार्यक्रमलाई अझ बढी प्राथमिकता दिँदै सञ्चालन गर्न सघन शहरी विकास कार्यक्रम अन्तर्गत एकीकृत शहरी पूर्वाधार विकास कार्यक्रम आ.व. २०७३/७४ को बजेट बक्तव्य मार्फत तराई-मधेसका जिल्ला सदरमुकामका १८ नगरपालिकाहरुमा सञ्चालन भएको थियो । आ. व. ०७३-७४ मा भारतको सिमानासँग जोडिएको तराई क्षेत्रको १८ वटा जिल्ला सदरमुकाम रहेका नगरपालिकामा सडक, नाला, बसपार्क जस्ता शहरी पूर्वाधार निर्माणका लागि वार्षिक ५० करोडका दरले बजेट विनियोजन भएर शहरी क्षेत्र सुधारमा यस कार्यक्रमले महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो । त्यस पछिका आर्थिक वर्षमा यो कार्यक्रम पहिलो चरणमा २० वटा जिल्ला सदरमुकाममा विस्तार भएर आ.व. ०७९/०८० मा दोस्रो चरणमा ५१ वटा नगरपालिकाहरुमा र आ.व. ०८०/०८१ तेस्रो चरणमा ३३ वटा नगरपालिकाहरुमा पनि क्रमिक रूपमा स-साना कार्यक्रमको रूपमा अन्य नगरपालिकामा समेत यो कार्यक्रम सञ्चालन हुँदै आएको छ । आ.व. ०८१/०८२ मा १० वटा र आ.व. ०८२/०८३ मा थप ३८ वटा नयाँ नगरपालिकाहरुमा एकीकृत शहरी पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन गर्ने रहेको छ ।

सघन शहरी विकास कार्यक्रम अन्तर्गत एकीकृत शहरी पूर्वाधार विकास कार्यक्रमको आ.व. ०७३/०७४ देखि विगत सात वर्षको उपलब्धि हेर्ने हो भने लगानी भएका मुख्यतः ११४ वटा नगरपालिकामा १८०५.३० कि.मी. शहरी सडकका तथा नाला निर्माण, ३६ वटा बसपार्क निर्माण मध्ये २३ वटा सम्पन्न र १३ वटा निर्माण भईरहेको, ३० वटा हाटबजार निर्माण मध्ये १७ वटा सम्पन्न र १३ वटा निर्माण भईरहेको, ३५ वटा पार्क निर्माण मध्ये १५ वटा सम्पन्न र २० वटा निर्माण भईरहेका तथा १५ वटा पोखरी संरक्षण तथा स्तरोन्नति मध्ये ८ वटा सम्पन्न र ७ वटा निर्माण भईरहेका छन् । सघन रूपमा भएको यस किसिमको शहरी पूर्वाधार विकासले कार्यक्रम लागु भएका छिमेकी नगरपालिकाका अतिरिक्त अन्य नगरपालिकाले समेत संघीय सरकारबाट यस किसिमको लगानीको अपेक्षा गरेका छन् ।

## २.५ भवन निर्माण संहिता तथा सरकारी भवन निर्माणः

नेपाल राष्ट्रिय भवन संहिता (Nepal National Building Code) कार्यान्वयन तथा सरकारी भवनहरु निर्माण गर्ने उद्देश्यले यो कार्यक्रम शुरु गरिएको थियो । हाल यस कार्यक्रम अन्तर्गत ठूला सभाहल/सिटिहल, एकीकृत सरकारी कार्यालय भवन, अन्य सरकारी भवन, कारागार भवनहरु निर्माणका साथै भवन संहिता कार्यान्वयनका लागि राष्ट्रिय भूकम्प सुरक्षा दिवसका अवसरमा विभिन्न कार्यक्रमहरु आयोजना गरी भूकम्पको बारेमा समेत जनचेतना फैलाउने, भूकम्प प्रतिरोधी भवनहरुका विभिन्न Model हरु तयार गरी प्रचार/प्रसार गर्ने, सिकर्मी/डकर्मी/कालीगढ सम्बन्धी तालिम दिने, नगरपालिकाहरुलाई भवन संहिता कार्यान्वयनका लागि आवश्यक प्राविधिक सहयोगका साथै प्राविधिकहरुलाई तालिम दिने र र TOT कार्यक्रम माध्यमबाट सचेतनाको लागि स्थानीयकरणको प्रयास जस्ता कार्यहरु हुँदै आइरहेको छ ।

**आ.व. २०८१/८२ सम्पन्न भएका सरकारी भवनहरू**





**सघन शहरी तथा भवन निर्माण आयोजना झापाको Annex भवन**



सघन शहरी तथा भवन निर्माण आयोजना, ओखलढुंगा को कार्यालय भवन



संघीय आयोजना कार्यान्वयन इकाई कास्कीको कार्यालय भवन (Annex) भवन



संघीय आयोजना कार्यान्वयन इकाई रुपन्देहिको (Annex) भवन




संघीय आयोजना कार्यान्वयन इकाई बाँकेको Annex भवन



एकिकृत सरकारी कार्यालय भवन निर्माण, बैतडी



मंगलसेन दरवार र सहायक सरचना, अछाम

**आ.व. २०८१/८२ सम्पन्न भएका सभाहलहरू**





रसुवा जिल्ला धैबुङ्ग गाविस वडा नं.५ कालिकास्थानमा बहुउद्देश्यिय एकीकृत सभाहल निर्माण



**भवन निर्माण संहिता कार्यक्रम अन्तर्गत निर्मित लौकही सभाहल, सुनसरी**



नेपालगञ्ज city hall निर्माण

## २.६ केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास)

२०७२ वैशाख १२ र २९ गते गएको विनाशकारी भूकम्प र ततपश्चातका परकम्पका कारण क्षतिग्रस्त संरचनाको दिगो, दरिलो र योजनाबद्ध रुपमा यथाशीघ्र निर्माण कार्य सम्पन्न गरी तथा भूकम्पबाट विस्थापित भएका व्यक्ति र परिवारको पुनर्वास तथा स्थानान्तरण गरी राष्ट्रिय हित प्रर्वद्धन तथा सामाजिक न्याय प्रदान गर्न उद्देश्य राखी सथापना भएको राष्ट्रिय पुनर्निर्माण प्राधिकरण मातहत रहेको केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास)ले पुनर्निर्माण र पुनर्स्थापना सम्बन्धी कार्यहरु व्यवस्थित र प्रभावकारी रुपमा संचालन गर्दै आएको थियो ।मिति २०७८/०५/०९ सम्माननीय प्रधानमन्त्री श्री शेर बहादुर देउवाज्यूको अध्यक्षतामा बसेको २० औं बैठकको निर्णय अनुसार शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत स्थापना भई केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास)ले बाँकी रहेका पुनर्निमाण तथा प्रवालिकरणका कार्यहरुलाई निरन्तरता दिँदै हाल सम्म ७,४५,९८७ निजि आवास पुनःनिर्माण (प्रवालिकरण सहित), ४०३ वटा सार्वजनिक भवन पुनःनिर्माण, ८६७ वटा स्वास्थ्य केन्द्र पुनःनिर्माण, १ वटा पुरातात्विक सम्पदा पुनानिर्माण तथा ९२ वटा जोखिमपूर्ण वस्तीका बासिन्दाको उपयक्त स्थानमा स्थान्तरण गर्ने सम्बन्धी कार्यहरु सुसम्पन्न गरेको छ। मुख्य-मुख्य पुरातात्विक तथा ऐतिहासिक सम्पदाहरुको पुनर्निर्माण सम्बन्धी विवरण देहाय अनुसार

रहेको छ। आ.व. २०८१/८२ मा स्वास्थ्य संस्थाका भवन - भारतीय सरकार तर्फ ५३ वटा, साउदी कोष तर्फको ५ वटा र नेपाल सरकार तर्फको २७ वटा भवनहरु सम्पन्न गरी थप ८५ वटा स्वास्थ्य संस्थाका भवन निर्माण सम्पन्न भएको। निर्माणाधिन भवनहरु मध्ये यस आ.व ८२/८३ मा निर्माणाधिन बाँकि भवनहरु निर्माण समपन्न गर्ने लक्ष्य राखिएको।

**यस इकाई र अन्तर्गतका मुख्य-मुख्य आयोजनाहरुको हाल सम्मको समष्टिगत भौतिक प्रगति**


| क्र.स. | कार्यक्रमहरु | आ.व.२०८०/८१ सम्मको | आ.व.२०८१/८२ सम्मको | हालसम्मको भौतिक प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | निजी आवास पुनर्निर्माण | ७४२९२३ | ७४३९४२ | ८९.२% | आ.व. २०८१/८२ मा १०२२ निजी आवास निर्माण सम्पन्न |
| २ | स्वास्थ्य संस्था पुनर्निर्माण | ९६६ वटा निर्माण सम्पन्न | थप ८५ वटा निर्माण सम्पन्न | ९०% | ८५ वटा भवन अर्को आ.व. मा सम्पन्न गर्ने लक्ष्य रहेको। |
| ३ | भारतीय अनुदानमा संचालित सम्पदा संरक्षण तथा जिर्णोद्वार | १४ वटा सम्पन्न | थप २ वटा सम्पन्न | ८६% | २६ वटा मध्ये हालसम्म १६ वटा योजना सम्पन्न भएको |
| ४ | एकीकृत वस्ती तथा पुर्वाधार विकास कार्यक्रम | ७५ वटा सम्पन्न | ० | ८५% | ९ वटा क्रमागत |

## यस इकाई मार्फत संचालित आयोजनाका तस्वीरहरु





घण्टाघर






सेतो मछिन्द्रनाथ, काठमाडौं



सुन्धारा परिसर



भिमसेन स्तम्भ



जेष्ठवर्ण महाविहार

## २.७ नेपाल भारत सीमा एकीकृत जाँच चौकी विकास आयोजनाः

नेपाल भारत सीमाका प्रमुख ४ नाकाहरु क्रमशः विराटनगर, वीरगंज, भैरहवा र नेपालगन्जमा सुविधा सम्पन्न एकीकृत जाँच चौकी निर्माण गर्न नेपाल सरकार र भारत सरकारबीच सन् २००५ मा भएको समझदारी अनुसार नेपाल भारत सीमा एकीकृत जाँच चौकी विकास आयोजना संचालनमा आएको हो। उक्त आयोजना अन्तर्गत नेपाल सरकारले जग्गा व्यवस्थापन, आयोजना स्थलबाट विस्थापितहरुको पुनर्स्थापना, आयोजना क्षेत्रमा सामाजिक, आर्थिक पूर्वाधारहरु निर्माण कार्य र नेपाल तर्फ आयोजना कार्यान्वयन सहजीकरण र समन्वय गर्नु पर्नेछ भने भारत सरकारले एकीकृत जाँच चौकी निर्माण सम्पन्न गरी Turn Key Project का रुपमा नेपाल सरकारलाई हस्तान्तरण गर्नेछ। आ.व. ८१/८२ सम्ममा चारवटामध्ये ३ वटा चेकपोस्ट को निर्माण कार्य सम्पन्न भैसकेकोमा भैरहवा को चेकपोस्ट निर्माणाधीन रहेको छ ।

भैरहवा जांच चौकीको master plan




बिराटनगर जांच चौकी






नेपालगंज जाँच चौकी

## २.८ नयाँ शहर आयोजनाः

मध्य पहाडी लोकमार्ग (पुष्पलाल लोकमार्ग) र यसका आसपासमा पर्ने प्रमुख **१० वटा** स्थानहरुमा २० वर्ष अर्थात् ०८६/०८७ सम्म प्रति शहर कम्तीमा १ लाख जनसंख्या बसोबास गर्न सक्ने अत्याधुनिक, सेवा सुविधा र पूर्वाधारयुक्त शहरहरु निर्माण/विकास गर्ने उद्देश्यले आ.व. ०६६/०६७ बाट **नयाँ शहर** आयोजना शुरु भएको थियो । शुरुमा १०

वटा स्थानहरु क्रमशः १) फिदिम-पाँचथर, २) वसन्तपुर-तेह्रथुम, ३) खुर्कोट-सिन्धुली, ४) वैरेनी गल्छी-धादिङ्ग, ५) डुम्रेभन्सार-तनहुँ, ६) बुर्तिवाङ्ग-वाग्लुङ्ग, ७) चौरजहारी-रुकुम पश्चिम, ८) राकम कर्णाली-दैलेख, ९) साँफेबगर-अछाम, १०) पाटन- वैतडी छनौट गरी कार्यक्रम शुरु गरिएकोमा विविध कारणहरुबाट पछि प्यूठानको **भिंग्री र सुर्खेतको भेरीगंगा** समेत **नयाँ शहर आयोजनामा थप** भए । त्यस्तै राजनीतिक घटनाक्रम संगै यसै कार्यक्रममा तराई मधेशको हुलाकी राजमार्ग र आसपासका **१५ वटा** स्थानहरुमा समेत **नयाँ शहर विकास** गर्न क्रमशः १) गौरीगंज, २) रंगेली, ३) बलवा, ४) मनरा, ५) ब्रम्हपुरी, ६) ईश्वरपुर, ७) शम्भुनाथ, ८) मौलापुर, ९) कटहरीया, १०) महागढीमाई, ११) बर्दघाट, १२) गढवा, १३) राजापुर, १४) भजनी, १५) बेलौरी नगरपालिकाहरु थप गरियो । त्यस्तै विभिन्न **१३ वटा** शहरहरु क्रमशः १) धनकुटा, २) मिर्चैया, ३) चन्द्रपुर, ४) निजगढ, ५) भरतपुर, ६) काभ्रे उपत्यका, ७) पालुङ्गटार, ८) वालिङ, ९) लुम्बिनी, १०) तुल्सीपुर, ११) दुल्लु, १२) टिकापुर, १३) अमरगढीलाई **स्मार्ट शहरको** रुपमा विकास गर्ने कार्यक्रम र **१० वटा** उच्च हिमाली भागमा रहेका १० वटा बस्तीहरु क्रमशः १) लुक्ला, २) स्याफ्रुवेसी, ३) जोमसोम, ४) सिमिकोट, ५) मार्तडी, ६) संखुवासभा जिल्लाको किमाथान्का, ७) मनाङ्ग जिल्लाको चामे, ८) ताप्लेजुङ जिल्लाको फुङलिङ, ९) डोल्पा जिल्लाको दुनै, १०) बाजुरा जिल्लाको कोल्टी लाई Transhimalayan city का रुपमा विकास गर्ने कार्यक्रम समेत नयाँ शहर आयोजनामा नै थप भयो । शुरुमा १० वटा शहरबाट शुरु भएको यस कार्यक्रममा हाल ४४ वटा शहर/बस्तीहरु थप भएपस्चात समग्रमा ५४ वटा नयां शहर पहिचान भई सम्बन्धित नयाँ शहरहरुमा विभिन्न अध्ययन, DPR तयारी तथा पूर्वाधार निर्माण भईरहेको छन् । यस आयोजनाबाट आ.व. २०८१/०८२ मा सम्पादन भएका प्रमुख कार्यहरु तपशिल बमोजिम रहेका छन् ।

| क्र.सं. | मुख्य उपलब्धी सूचकहरु | इकाई | आ.व. २०८०/८१ सम्म | आ.व २०८१/८२ मा | कुल |
|---|---|---|---|---|---|
| क | शहरी पुर्वाधार निर्माण | | | | |
| (१) | शहरी सडक निर्माण | | | | |
| | a. सडक ट्याक खोल्ने/ स्तरोन्नती | कि.मी. | ३७६.२७ | २ | ३७८.२७ |
| | b. सडक ग्राभेल | कि.मी. | २१३.३७ | ९ | २२२.३७ |
| | c. सडक ढलान / अन्य पेभमेन्ट | कि.मी. | ५१.४४ | ३.५ | ५४.९४ |
| | d. सडक कालोपत्रे | कि.मी. | ३३.९७ | ०.१५ | ३४.१२ |
| (२) | शहरी ढल / नाला निर्माण | कि.मी. | १६७.९४ | १४ | १८१.९४ |
| (३) | रणनैतिक शहरी पूर्वाधार निर्माण | | | | |
| | a. एकीकृत फोहरमैला व्यवस्थापन केन्द्रनिर्माण (ल्याण्ड फि | वटा | १ | २ | ३ |
| | b. कृषि हाट बजार निर्माण | वटा | १३ | ० | १३ |
| | c. बसपार्क निर्माण | वटा | ८ | ० | ८ |
| | d. सार्वजनिक पार्क निर्माण | वटा/हे. | १९ | १ | २० |
| | e. खानेपानी आयोजना | वटा | १३ | २ | १५ |
| | f. खेलमैदान निर्माण | वटा | ७ | १ | ८ |
| ख | आवास तथा वस्ती विकास | | | | |
| (१) | जग्गा विकास आयोजना | वटा | ४ running | ६ running | ६ running |
| (२) | जग्गा खरिद | रोपनी | १८७-२-३-३.६६ | १८७-२-३-३.६६ | १८७-२-३-३.६६ |
| ग | भवन तथा वास्तुकला | | | | |
| (१) | सरकारी / प्रशासकीय भवन निर्माण | वटा | १५ | १ | १६ |
| (२) | सार्वजनिक / सामुदायिक भवन निर्माण / सभा हल | वटा | २६ | ० | २६ |
| (३) | खेलकुद पूर्वाधार (कभर्ड हल निर्माण) | वटा | ५ | १ | ६ |

## २.९ शहरी कोरिडोर आयोजना

१५ औं योजनाले परिकल्पना गरेको शहरी कोरिडोर विकास प्रयास (Urban corridor development initiatives) को अवधारणा अनुसार सातवटै प्रदेशमा गरिने शहरी कोरिडोरको विकासलाई मध्यनजर गर्दै क्षेत्रीय आर्थिक शहरी विकासको अवधारण अनुसार व्यवस्थित र आधुनिक पूर्वाधारयुक्त ठूला शहरी कोरिडोर निर्माण गर्न कोरिडोरका प्रमुख शहरहरूबाट एक घण्टाभित्रका यातायातका दुरीमा रहेका भौगोलिक क्षेत्र भित्रका शहरी केन्द्रहरू समेटी कार्यात्मक सीमा (Functional boundary) तय गरी बहुगत पूर्वाधार निर्माण गर्ने लक्ष्य लिइएको छ । यसबाट गुणस्तरीय र सुविधायुक्त शहरी जीवनका साथै कृषि, उद्योग र सेवा क्षेत्रका आर्थिक गतिविधिको विस्तारमा सघनता आई उत्पादन तथा उत्पादकत्व समेत वृद्धि हुने अपेक्षा गरिएको छ। सर्वसुलभ आधुनिक पूर्वाधार एवं सघन अन्तरआवद्धता, उच्च र दिगो उत्पादन तथा उत्पादकत्व साथै परिष्कृत तथा मर्यादित जिवनका लागी सहयोग गर्न लक्ष्य लिएको यस आयोजनाले सहज यातायात पहुँच क्षेत्रभित्र आधुनिक शहरी वसोबास व्यवस्थापन गरी आर्थिक क्रियाकलापमा बढोत्तरी तथा सार्वजनक सेवामा सुलाव एवं सहज पहुँच उपलब्ध गराउन प्रस्तावित कोरिडोरको उद्देश्य हुनेछ। हाल क्षेत्रीय शहरी विकास आयोजनाबाट पश्चिम कोरिडोर (*बुटवल-भैरहवा-लुम्बिनी-कपिलबस्तु*) को DPR तयार भइ कार्यान्वयनको चरणमा रहेको छ, पूर्वी कोरिडोर (*विराटनगर-ईटहरी-धरान-इनरुवा-दमक*) को डि.पी.आर. प्रतिवेदनहरु क्रमश तयार भैरहेको छ र बिरगंज-जितपुर-सिमरा कोरिडोर को DPR तयारीका लागि ल. ई. तयारीको चरणमा रहेको छ। साथै शहरी आर्थिक कोरिडोर (मध्य पश्चिम शहरी कोरिडोर (*नेपालगन्ज-कोहलपुर-सुर्खेत*), सुदुरपश्चिम शहरी कोरिडोर *(धनगढी-गोदावरी-भिमदत्त*) को प्राथमिकतामा परेका आयोजनाहरुको DPR तयार गर्ने कार्य अन्तर्गत ल.ई. तयारी चरणमा रहेको छ र केन्द्रिय शहरी कोरिडोर (*जनकपुर-बर्दिवास*) को एकीकृत विकास रणनितिको अध्ययन कार्यको अन्तिम चरणमा रहेको छ।

## २.१० बस्ती विकास कार्यक्रमः

भौगोलिक रुपमा विकट तथा विपद्को उच्च जोखिमयुक्त स्थानमा बसोबास गरेका घरपरिवारहरुलाई सुरक्षित स्थानमा एकीकृत बस्ती विकास गरी स्थानान्तरण गर्ने, सेवा सुविधा पुर्याउन कठिन, विकासका लागि बाधक, अपायक र असुरक्षित स्थानमा रहेका घरपरिवारहरुलाई एकीकृत गरी सुरक्षित स्थानमा सेवा, सुविधा, पूर्वाधार र जिविकोपार्जनका लागि उपयुक्त रोजगारीको अवसर सहितका बस्तीहरु निर्माण गरी स्थानान्तरण गर्ने, बाढी, पहिरो, डुबान वा अन्य मानव सिर्जित र प्राकृतिक प्रकोपबाट विस्थापितहरुलाई पुनर्स्थापना गराउने उद्देश्यले आ.व. ०७६/०७७ बाट यो कार्यक्रम संचालनमा आएको हो । मुगुको छाँयानाथ नगरपालिकामा ३४ परिवारको लागि आवास निर्माण कार्य सम्पन्न भएको, डडेल्धुराको परशुराम नगरपालिकामा ३५ परिवारको लागि आवास निर्माण कार्यको दोश्रो किस्ता उपलव्ध गराई निर्माण कार्य भईरहेको छ । तराई मधेसका दलित समुदाय (मुसहर, चमार र डोम) हरुका लागि आधारभूत पूर्वाधार सहितको आवास निर्माणको प्रारम्भिक चरणको विवरण संकलनको कार्य भएको छ भने लोपोन्मुख राउटे जातिका लागि आधारभूत पूर्वाधार सहितको आवास निर्माणको लागि डिजाइन र कार्यविधि तयार भएको छ । यस आयोजनाबाट आ.व. २०८१/०८२ मा सम्पादन भएका प्रमुख कार्यहरु तपशिल बमोजिम रहेका छन् ।

**आ.व. २०८१/०८२ मा सम्पादन भएका प्रमुख कार्यहरु**

| क्र.सं. | मुख्य उपलब्धी सूचकहरु | इकाई | आ.ब. २०८०/८१ सम्म | आ.व २०८१/८२ मा | जम्मा |
|---|---|---|---|---|---|
| १ | सडक स्तरोन्नती (कालोपत्रे, ढलान, ग्राभेल, स्तरोन्नती) | कि.मी. | १९१ | ३१४.८३ | ५०५.८३ |
| २ | नाला निर्माण | कि.मी. | ७५.८१ | १२१.६७९ | १९७.४८९ |
| ३ | आवास तथा भवन | वटा | ११६ | - | ११६ |
| ४ | विद्यालय | वटा | - | १०८ | १०८ |
| ५ | सामुदायिक भवन | वटा | - | ६४ | ६४ |
| ६ | अन्य | वटा | - | ६५ | ६५ |

## २.११ काठमाडौं उपत्यका विकास प्राधिकरण

काठमाडौं उपत्यकाको योजनावद्ध विकासका लागि काठमाण्डौं उपत्यका विकास प्राधिकरणले जग्गा विकास योजनालाई प्रमुख औजारको रुपमा प्रयोग गरेको छ । प्राधिकरणले हालसम्म संचालन गरेका जग्गा विकास योजनाहरुको विवरण तपशिल बमोजिम रहेका छन्।

### क. काठमाडौं उपत्यकामा सम्पन्न भएका जग्गा एकीकरण आयोजनाहरु

| क्र.सं. | आयोजनाको नाम | क्षेत्रफल (रोपनी) |
|---|---|---|
| १. | कुलेश्वर आवास योजना | ५२१ |
| २. | गोल्फुटार आवास योजना | २१३ |
| ३. | डल्लु आवास योजना | ३९६ |
| ४. | नँया बजार जग्गा एकीकरण आयोजना | ८३४ |
| ५. | गोंगबु जग्गा एकीकरण आयोजना | २८२ |
| ६. | चावहिल गोपीकृष्ण जग्गा एकीकरण आयोजना | २०१ |
| ७. | बागमती फाँट ज्वागल क्षेत्र जग्गा एकीकरण आयोजना | १९७ |
| ८. | किर्तिपुर(प्रथम) जग्गा एकीकरण आयोजना | १०७ |
| ९. | कमल विनायक (प्रथम) जग्गा एकीकरण आयोजना | १४५ |
| १०. | लिवाली जग्गा एकीकरण आयोजना | ६७० |
| ११. | लुभु जग्गा एकीकरण आयोजना | २६९ |

| क्र.सं. | आयोजनाको नाम | क्षेत्रफल (रोपनी) |
|---|---|---|
| १२. | सिन्टीटार जग्गा एकीकरण आयोजना | ५२५ |
| १३. | सैंबु भैसीपाटी जग्गा एकीकरण आयोजना | ५५२ |
| १४. | सिनामंगल जग्गा एकीकरण आयोजना | ९०१ |
| | **जम्मा** | **५८१९** |

**ख. काठमाडौं उपत्यकामा संचालनमा रहेका जग्गा एकिकरण आयोजनाहरु**

| क्र.सं. | आयोजनाको नाम | क्षेत्रफल |
|---|---|---|
| १. | वागमती नगर जग्गा एकीकरण आयोजना | १२४६ |
| २. | दिव्येश्वरी जग्गा एकीकरण आयोजना | ५५३ |
| ३. | इचंगु नारायण (रानीवन) जग्गा एकीकरण आयोजना | ६०८ |
| ४. | मनोहरा फाँट जग्गा एकीकरण आयोजना (का.म.पा मार्फत) | १७७४ |
| ५. | चःमती  जग्गा एकीकरण आयोजना (का.म.पा मार्फत) | १४४० |
| ६. | बागमती फाँट(शंखमुल) जग्गा एकीकरण आयोजना | १४० |
| ७. | तुमुचो दुगुरे चोखा जग्गा एकीकरण आयोजना(भक्तपुर न.पा मार्फत) | ६०० |
| ८. | कमेरोटार | ९०० |
| ९. | सैंवु नख्खुडोल जग्गा एकीकरण आयोजना | १८३ |
| १०. | भेल्पा हात्तिवन जग्गा एकीकरण आयोजना | ४६१ |
| | **जम्मा** | **७९०५** |
| | **कूलजम्मा (५८१९+७९०५)** | **१३,७२४** |

यस कार्यालयबाट आ.व. २०८१/०८२ मा सम्पादन भएका प्रमुख कार्यहरु तपशिल बमोजिम रहेका छन् ।

## सूचक अनुसारको प्रगति विवरण (आ. व. ०८१।८२ मा सम्पन्न भएको)

| क्र.सं. | कार्यक्रम | इकाई | काठमाडौं उपत्यका विकास प्राधिकरण |
|---|---|---|---|
| १ | सडक ट्र्याक खोल्ने | कि.मी | ६.९७ |
| २ | सडक ग्राभेल | कि.मी | २.४ |
| ३ | सडक ढलान | कि.मी | ५.४८ |
| ४ | सडक कालोपत्रे | कि.मी | ३.९६ |
| ५ | वर्षातको नाला निर्माण | कि.मी | १.४८ |

| | | | |
|---|---|---|---|
| ६ | भूमिगत ढल निर्माण | कि.मी | २.१६ |
| ७ | पार्क तथा पोखरी सौन्दर्यकरण | संख्या | १९ |

**का.उ.वि.प्रा बाट विभिन्न स्थानमा सम्पन्न भएका केही सडकहरू**









### २.११.१. धोवीखोला कोरिडोर

काठमाडौं उपत्यका तथा बागमती नदी प्रणालीमा बाढी नियन्त्रण तथा नदी संरक्षणका लागि बागमती सभ्यता एकीकृत विकास परियोजनाअन्तर्गत धोबीखोला करिडोर तथा कपन–बुढानीलकण्ठ ढल नियन्त्रण आयोजनाको सञ्चालनमा आएको हो । यस आयोजनाअन्तर्गत कुल २४ कि.मि. सडकमध्ये १३.५ कि.मि. सडक निर्माण सम्पन्न भइसकेको छ र उत्तर क्षेत्रमा थप सडक निर्माण कार्य समेत सम्पन्न भइसकेको छ ।धोबीखोलाको क्याचमेन्ट एरियामा धोबीखोला र धोबीखोलासँग जोडिएका सहायक खोला तथा खोल्सीमा वर्षायाममा आउने बाढीले जनधनको क्षति गर्ने भएकाले सो क्षेत्रमा बाढी तथा ढल नियन्त्रणको समस्या व्यवस्थापन तथा समाधान गर्न यस आयोजनाको नाम नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८/०५/२१ को निर्णयअनुसार परिवर्तन गरी धोबीखोला करिडोर तथा कपन–बुढानीलकण्ठ ढल नियन्त्रण आयोजना कायम गरिएको हो ।

हाल यस ढल नियन्त्रण आयोजनाअन्तर्गत रिछ्याने खोला करिडोर निर्माण कार्य भइरहेको छ र विभिन्न स्थानहरूमा नयाँ रेलिङ निर्माण कार्य समेत भइरहेको छ । साथै धोबीखोला करिडोरअन्तर्गत बागमती दोभानदेखि हरियो पुल हुँदै कालो पुलसम्म तथा बैजनाथ पुलदेखि निलो पुल हुँदै ज्योति नगर पुल क्षेत्रसम्म रहेका रेलिङहरू तथा ह्युम पाइपहरूमा रंगरोगन गर्ने कार्य सम्पन्न गरिएको छ । बाँकी स्थानहरूमा रेलिङ निर्माणसँगै रंगरोगन कार्य क्रमिक रूपमा अगाडि बढिरहेको छ ।आयोजना क्षेत्रमा खोला किनारमा लगाइएका विभिन्न प्रजातिका फलफूलका बोटबिरुवाको संरक्षण तथा व्यवस्थापनका लागि हेरचाह गर्ने तथा ह्युम पाइपमा फलफूलका बोटबिरुवा रोप्ने विषयमा समेत छलफल भइरहेको छ । साथै यस आयोजनाले धोबीखोलाको जलाधारको समग्र मास्टर प्लान र कपन—बुढानीलकण्ठ क्षेत्रमा बाढी तथा ढलको समस्या समाधान गर्नका लागि विस्तृत इन्जिनियरिङ डिजाइनको कार्य समेत भइरहेको छ ।





## २.१२ विशेष भवन निर्माण आयोजनाः

विशेष प्रकृतिका भवनहरु जस्तै संघीय संसद भवन, विशिष्ट व्यक्तिहरुका लागि आवासीय भवन निर्माण काठमाडौं उपत्यकामा ठूला सभाहलहरु निर्माण गर्न आ.व. ०७६/०७७ बाट विशेष भवन निर्माण आयोजना शुरु भएको हो। यस आयोजनाबाट हाल संघीय संसद भवन, मन्त्री आवास, प्रदेश प्रमुख र प्रदेश मुख्य मन्त्रीहरुको आवास तथा सम्पर्क कार्यालयहरु, चण्डी दल गणका भवन जस्ता बिशेष  प्रकृतिका भवनहरु निर्माण भइरहेका छन् भने प्रधानमन्त्रीको सरकारी आवास र गोदावरीमा ३००० सिट क्षमताको सभाहल निर्माण कार्य सम्पन्न भई संचालनमा आईसकेको छ । राजकीय अतिथि भवन, ५००० सिट क्षमता सहितको प्रदर्शनीकेन्द्र, सिंहदरबार ग्यालरी (पुरानो संसद भवन) को पुनर्निर्माण र व्याण्डदल गुल्मको भवनहरु यसै आयोजना मार्फत गर्ने गरी कार्यक्रम अघि बढाइएको छ। आ.व. २०८१/८२ मा ललितपुर भैंसीपाटी स्थित सैंबु आवास क्षेत्रको जग्गामा मास्टर प्लान अनुसारको मन्त्री आवास निर्माण गर्ने कार्य सम्पन्न भएको छ। संघीय मन्त्री क्वाटरका लागि इन्टेरियर गर्ने कार्यको र फर्निसिङ्ग सम्बन्धी मालसमान खरिद कार्य,चण्डीदल गणका लागि भवन  निर्माण गर्ने कार्य सम्पन्न भएको छ । यस आयोजनाबाट हालसम्म सम्पन्न भएका कार्यहरुको प्रगति निम्नानुसार रहेको छ।

## आ.व. २०८१/०८२ को भौतिक तथा वित्तिय प्रगती

| सि.नं. | ब.उ.शि.नं. तथा कार्यक्रम | विनियोजित बजेट रु लाख | खर्च रु लाख | भौतिक प्रतिशत | वित्तिय प्रतिशत | समष्टिगत भौतिक प्रतिशत | समष्टिगत वित्तिय प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | **३४७०१११७ (विशेष भवन निर्माण)** | **२८४६८.१४** | **९९७७.४५** | **६१%** | **३५%** | | | |
| १ | संघीय संसद भवन निर्माण कार्य । | ११७३६ | ४४७८.७१ | ४५% | ३५% | ८६% | ७७% | |
| २ | ललितपुर भैंसीपाटी स्थित सैंवु आवास क्षेत्रको जग्गामा मास्टर प्लान अनुसारको मन्त्री आवास निर्माण गर्ने | १५२० | ८७३.२४ | १००% | ५७% | १००% | ९१% | निर्माण सम्पन्न भई सञ्चालनमा आएको । |
| **सि.नं.** | **ब.उ.शि.नं. तथा कार्यक्रम** | **विनियोजित बजेट रु लाख** | **खर्च रु लाख** | **भौतिक प्रतिशत** | **वित्तिय प्रतिशत** | **समष्टिगत भौतिक प्रतिशत** | **समष्टिगत वित्तिय प्रतिशत** | **कैफियत** |
| | **३४७०१११७ (विशेष भवन निर्माण )** | **२८४६८.१४** | **९९७७.४५** | **६१%** | **३५%** | | | |
| ३ | संघीय मन्त्री क्वाटरका लागि इन्टेरियर गर्ने कार्यको र फर्निसिङ्ग सम्बन्धी मालसमान खरिद कार्य । | ६२० | ४६३.१६ | १००% | ७५% | १००% | ९८% | निर्माण सम्पन्न भई सञ्चालनमा आएको । |
| ४ | चण्डीदल गणका लागि भवन निर्माण गर्ने,सिंहदरबार | ७५० | ३९२.३८ | १००% | ५२% | १००% | ९९% | निर्माण सम्पन्न भई सञ्चालनमा आएको । |
| ५ | भैसेपाटी स्थित मन्त्री निवासको दोस्रो चरणको निर्माण कार्य | १००० | ६७९.७८ | ७०% | ६८% | ८७% | ८७% | बिवादको कारणले |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | कार्य सम्पन्न नभएको |
| ६ | संघीय संसद भवनको Interior, Conferencing तथा Security System जडान गर्ने कार्य । | ७४३० | २०१०.६० | ४०% | २७% | २०% | १९% | |
| ७ | ग्यालरी बैठक भवनको रेट्रोफिटिङ्ग गर्ने कार्य | १५०० | ८३८.७० | ७०% | ५६% | २५% | २२% | |
| ८ | श्री महल भवनको पुर्ननिर्माण गर्ने कार्य | १५०० | ०.०० | ५% | ०% | ५% | ०% | २०८२-३-२१ मा बोलपत्र स्वीकृत गर्ने आशयको सुचना प्रकासन भएको। |

## संघीय मन्त्री निवास भवन










# संघीय संसद भवन निर्माण





## २.१३ स्थानीयस्तरका सडकपुल तथा सामुदायिक पहुँच सुधार परियोजना *(MLRBP)*

स्थानीय यातायात सञ्जालमा सडक पुल निर्माण गरी ग्रामीण भेगका जनताहरुको सेवा केन्द्रसम्मको पहुँचमा सहजता अभिवृद्धि गर्ने मुख्य उद्देश्यका साथ सन् २०११ मा स्विस सरकार र नेपाल सरकारबीच प्राविधिक सहयोगको लागि द्विपक्षीय सम्झौता भई सञ्चालनमा रहेको यस स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुँच सुधार परियोजनाको पहिलो, दोश्रो र तेश्रो चरण सम्पन्न भई हाल परियोजनाको चौथो चरण (जनवरी १, २०२१- डिसेम्बर ३१, २०२४) सञ्चालनमा रहेकोमा सन् २०२५ जुनबाट Phase Out भएको छ। परियोजना अन्तर्गत नेपालमा नै पहिलो पटक पर्सा र डोटी जिल्लामा एक-एक वटा गरी दुई वटा मोडुलर सडक पुल निर्माण कार्यको शुरुवात गरिएकोमा ती पुलहरु सम्पन्न भए पश्चात् मोडुलर सडक पुल निर्माण कार्यलाई थप निरन्तरता दिँदै आएको छ। Factory मा तयार गरी Site मा जोड्ने प्रबिधिले गुणस्तर कायम र समय बचतमा प्रभावकारी देखिएको र Mass Construction मा किफायती/लागत प्रभावकारी (Economic) समेत हुने देखिएकोले विभागबाट मोडुलर पुल निर्माण कार्यलाई निरन्तरता दिँदै आएको छ। विभाग मार्फत् आ.व. २०८१।८२ सम्म जम्मा ८५१ वटा स्थानीय सडकपुल निर्माण सम्पन्न भएको छ।



चित्रे बुडी गंगा पूल, अच्छाम (४*२



निन्दा पुल, झापा



सानी भेरी, रुकुम

## २.१४ स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम

संविधानको परिकल्पना बमोजिम सङ्घीय इकाई बीच जिम्मेवार, स्रोत साधन र प्रशासनको साझेदारी गर्दै सुमधुर र सहयोगात्मक सम्बन्धको विकास र विस्तार गरी सहकारिता, सहअस्तित्व र समन्वयको आधारमा सबल संघीयताको परिकल्पनालाई मूर्तता प्रदान गर्न तथा तहगत अन्तरसम्बन्धको सुदृढीकरणका लागि संघीय सरकारको तर्फबाट स्थानीय पूर्वाधार विकास कार्यमा सहयोगी भूमिका निर्वाह गर्ने उद्देश्य सहित आ. व.२०७६/७७ देखि स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालनमा रहेको। यस कार्यक्रम मार्फत स्थानीय तहको सेवा प्रवाहलाई प्रभावकारी बनाउन स्थानीय तहको मूख्य प्रशासकीय भवन निर्माण गर्ने लक्ष्य छ। यस कार्यक्रम अन्तर्गत आ.व. २०७६/७७ देखि आ.व.२०८१/८२ असार मसान्तसम्म 177 जटा प्रशासकीय भवन निर्माण सम्पन्न भएको छ।

**आ.व. ०८१/८२ मा विभाग अन्तर्गत सञ्चालित मुख्य मुख्य आयोजना तथा कार्यक्रमहरुको संक्षिप्त विवरण**

| क्र.सं. | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार निर्माण सम्बन्धी विवरण | संख्या |
|---|---|---|
| १ | आफ्नै प्रशासकीय भवन भएका स्थानीय तहहरु | २१८ |
| २ | अन्य निकायबाट बजेट विनियोजन भई प्रशासकीय भवन निर्माणाधीन रहेका स्थानीय तहहरु | २६ |
| ३ | अन्य निकायबाट बजेट विनियोजन भई प्रशासकीय भवन निर्माण सम्पन्न भएका स्थानीय तहहरु | ७६ |
| ४ | यस कार्यक्रम अन्तर्गत आ.व. २०७६/७७ देखि आ.व.२०८१/८२ असार मसान्तसम्म प्रशासकीय भवन निर्माण सम्पन्न भएका स्थानीय तहहरु | १७७ |
| ५ | यस कार्यक्रम अन्तर्गत आ.व. २०८१/८२ मा प्रशासकीय भवन क्रमागत अवस्थामा रहेका स्थानीय तहहरु | १३२ |
| ६ | स्थानीय तहको प्रशासकीय भवन निर्माणको लागि हालसम्म माग निवेदन प्राप्त (प्रक्रिया पुरा भएको-३६, प्रक्रिया पुरा नभएको-४५) | ८१ |
| ७ | स्थानीय तहको प्रशासकीय भवन निर्माणको लागि माग निवेदन प्राप्त नभएको | ४३ |
| | **जम्मा** | **७५३** |

स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम मार्फत् निर्माण सम्पन्न भएका भवनहरु



विदुर नगरपालिका, नुवाकोट



त्रिवेणी गाँउपालिका, रुकुम पश्चिम



रोल्पा नगरपालिका, रोल्पा



साकेला गाउँपालिका, खोटाङ्ग

## २.१५ उच्च पहाडी एवम् हिमाली क्षेत्र समृद्धि कार्यक्रम

उच्च पहाडी एवम् हिमाली क्षेत्रका मानव विकास सूचाङ्कमा तुलनात्मक रुपमा पछाडि परेका स्थानीय तहमा एकिकृत वस्ती विकास तथा भौतिक पूर्वाधार विकास एवम् जीविकोपार्जन सुधारका कार्यक्रमहरु सञ्चालन गरी स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउने मूल उद्देश्यका साथ आ.व. २०७७।७८ बाट शुरु भएको यस कार्यक्रम सुदुरपश्चिम प्रदेशका ४ जिल्ला (दार्चुला, बझाङ्ग, अछाम, बाजुरा) र कर्णाली प्रदेशका ७ जिल्ला (मुगु, डोल्पा, हुम्ला, जुम्ला, कालिकोट, रुकुम पश्चिम र जाजरकोट) गरी जम्मा ११ जिल्लामा सञ्चालनमा रहेको छ। कार्यक्रम अन्तर्गत जम्मा ८९ वटा स्थानीय तहहरुलाई साना सडक स्तरोन्नति, सामुदायिक पूर्वाधार, कृषि विकास, खानेपानी तथा सरसफाई, सिँचाई तथा नदी नियन्त्रण, ऊर्जा, विपद् जोखिम न्यूनीकरण पूर्वाधार र एकिकृत वस्ती विकास लगायतका क्षेत्रहरुमा विभिन्न योजना सञ्चालनका लागि सशर्त अनुदान उपलब्ध गराईएको छ।

## २.१६ कर्णाली समृद्धि कार्यक्रम

आर्थिक वर्ष २०७९/८० देखि नेपाल सरकारले कर्णाली प्रदेशलाई लक्षित गरी "कर्णाली समृद्धि कार्यक्रम" (बजेट उपशीर्षक नं : ३४७०२१११) सञ्चालनमा ल्याएको हो । यस कार्यक्रमको मुख्य उद्देश्य कर्णाली प्रदेशका १० वटै जिल्लालाई समग्र रूपमा समृद्ध बनाउनु हो। कर्णाली समृद्धि कार्यक्रम अन्तर्गत स्थानीय तहका सडक-पुल तथा सामुदायिक पहुँच सुधार परियोजना, वैकल्पिक सहायक राजमार्ग विकास, तथा सडक पूर्वाधार विकास जस्ता बहुआयामिक योजनाहरू कार्यान्वयनमा ल्याइएका छन् । यस कार्यक्रम मार्फत प्रदेशभर सडक तथा पुल निर्माण, भवन पूर्वाधार विकास, सिँचाइ सुविधा विस्तार, खानेपानी आपूर्ति, नदी नियन्त्रण, परामर्श सेवा, तथा सडक (स्तरोन्नति, कालोपत्रे, ढलान) जस्ता कार्यहरू चरणबद्ध रूपमा सम्पन्न हुँदै आएका छन् । साथै विद्यालय, दुग्ध संकलन केन्द्र, पर्यटकिय पूर्वाधार निर्माण तथा अन्य सामुदायिक भवन निर्माण मार्फत सामाजिक तथा आर्थिक विकासमा योगदान पुऱ्याइएको छ।

यस कार्यक्रम अन्तर्गत आ.व. २०८१/८२ सम्म ३१.५ कि.मि सडकको नयाँ ट्र्याक खोल्ने, ३५९.८ कि.मि सडक स्तरोन्नति गर्ने, ५९ वटा भवनको निर्माण, १२.४ कि.मि खानेपानी पाईप विछ्याउने, ११ वटा खानेपानी ट्याङ्की निर्माण तथा ७ कि.मि नदि नियन्त्रण सम्बन्धी कार्यहरु सम्पन्न भएका छन्।

कर्णाली समृद्धि कार्यक्रम अन्तर्गत हालसम्म सम्पन्न भएका केही प्रमुख उपलब्धिहरू यस प्रकार रहेका छन्:

१. मोर्क - शिवालय-टाटा-थला सडक स्तरोन्नती
२. सुर्खेत चक्रपथ निर्माण।
३. सिजा शहरी पूर्वाधार निर्माण, जुम्ला।
४. मोर्क स्यापी खनेटा सडक स्तरोन्नती शिवालय १ जाजरकोट।
५. खहरे- मनकोट-खोलागाउँ-साक्चाखोला नायलि सडक स्तरउन्नती चौरजहारी पश्चिम रुकुम
६. मेहलकुना, दशरथपुर सुर्खेत एकिकृत शहरी पुर्वाधार विकास निर्माण (भेरी कोरिडोर)
७. स्यार्पु दुग्ध प्रशोधन उद्योग पूर्वाधार रुकुम पश्चिम
८. कर्णाली कृषि तथा जडिबुटी बहुउद्देश्य अनुसन्धान केन्द्र स्थापना (पुर्वाधार समेत) जगतीपुर जाजरकोट, चाँपा रुकुम पश्चिम
९. रारा ताल संरक्षण गुरुयोजना तयार गर्ने
१०. फोक्सुण्डो ताल संरक्षण गुरुयोजना तयार गर्ने
११. भेरीगंगा १० मदानीचौर रिङ्गरोड सडक स्तरोन्नति, सुर्खेत
१२. आधारभूत स्वास्थ्य सेवा केन्द्र सिर्पा बर्थिङ्ग सेन्टर भवन निर्माण (४ कोठे), जुनीचाँदे गा.पा. १०, जाजरकोट
१३. शिवपुरी मा.वि. भवन निर्माण, (८ कोठे), जुनीचाँदे गा.पा. ५, जाजरकोट
१४. सिम ज्यूला सिंचाई कुलो निर्माण गुठिचौर,५,देपालगाँउ, जुम्ला
१५. कपुरकोट वृहत खानेपानी योजना, सल्यान
१६. गरेले खोला तटबन्धन, छत्रेश्वरी ६, सल्यान
१७. तल्लो राजगारे धारेपट हुँदै विगौटा सिंचाइ कुलो, बागचौर न.पा. सल्यान
१८. नाउला खोला तटबन्धन, चन्दननाथ नपा-७, जुम्ला
१९. बल्लेपानी बालुदेखि स्कुलसम्म नदी तटबन्ध निर्माण, गुठीचौर ४, जुम्ला
२०. जिल्ला डोल्पा- साल्दाङ किराथाङ देखि शे सम्म सडक निर्माण, डोल्पा,शे-फोक्सुण्डो गा.पा.; जग्दुल्ला गा.पा वडा नं. १ देखि ६ सम्म सडक स्तरोन्नती; निजाल साल्दाङ सडक निर्माण, शे-फोक्सुण्डो गा.पा.; मुलुङ सुम्ना देखि हुगु सम्म सडक निर्माण, छार्का ताङसोङ १ र ६ डोल्पा ।
२१. जिल्ला रुकुम पश्चिम- दुध उत्पादन तथा संकलनका लागि पूर्वाधार, बाँफिकोट गा.पा.; दुध उत्पादन तथा संकलनका लागि पूर्वाधार, सानीभेरी गा.पा.; दुध उत्पादन तथा संकलनका लागि पूर्वाधार, त्रिवेणी गा.पा.|
२२. जुम्ला जिल्ला पातारासी गा.पा. वडा नं.-४ लासीगाउँमा Cold Store पूर्वाधार निर्माण; जुम्ला जिल्ला सिञ्जा गाउँपालिका वडा नं.-३ नराकोट बजारमा Cold Store पूर्वाधार निर्माण; तलि नाउला स्याउ कोल्ड स्टोर निर्माण, च.न.पा. १० बोहोरागाउँ जुम्ला ।
२३. जिल्ला रुकुम पश्चिम- दुध उत्पादन तथा संकलनका लागि पूर्वाधार, चौरजहारी न.पा.; दुध उत्पादन तथा संकलनका लागि पूर्वाधार, आठबिसकोट न.पा. ।

समग्रमा, कर्णाली समृद्धि कार्यक्रमले पूर्वाधार विकास, आर्थिक सशक्तीकरण, सामाजिक समावेशीकरण तथा क्षेत्रीय सन्तुलन कायम गर्दै कर्णाली प्रदेशलाई दीगो विकास र समृद्धिको मार्गतर्फ अघि बढाउन महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ।





रुकुम पश्चिम चौरजहारी नगरपालिकामा फुटबल रंगशाला निर्माण प्रस्तावित ढाँचा

## २.१७ शहरी पूर्वाधार प्रविधि अनुसन्धान तथा तालिम केन्द्र

शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतका बिल्डिंग एण्ड आर्किटेक्ट उपसमूहका प्राविधिकहरुलाई सेवासँग सम्बन्धित क्षमता अभिवृत्ति गर्न देहाय अनुसारका विभिन्न तालिम संचालन भएको ।

| क्र.सं. | तालिम सम्बन्धी कार्यक्रम | संचालन मिती | सहभागी संख्या |
|---|---|---|---|
| १ | नवनियुक्त वि एण्ड आर्क उप समूहका प्राबिधिक कर्मचारीहरुको लागि अभिमुखीकरण तालिम संचालन | २०८१-०६- ०७ देखि २०८१-०६-१० सम्म | १७ |
| २ | प्राविधिक कर्मचारीहरुका लागि NBC १०५ को प्रयोग गरी Building Design सम्बन्धी तालिम संचालन | २०८१-०९-०७ देखि २०८१-०९-११ सम्म | २३ |
| ३ | विभाग अन्तर्गतका प्राविधिक कर्मचारीहरुको लागि Land Pooling सम्बन्धी तालिम संचालन | २०८१-०९-२४ देखि २०८१-०९-२८ सम्म | २४ |
| ४ | Public procurement र Contract management सम्बन्धी तालिम/ अभिमुखिकरण | २०८१-१२-२५ देखि २०८१-१२-२७ सम्म | २२ |
| ५ | सार्वजनिक खरिद व्यवस्थापनमा हुने Conflict Management, Claim and Disputes सम्बन्धि तालिम संचालन | २०८१-१२-२७ देखि २०८१-१२-२९ सम्म | २२ |
| ६ | संघ, प्रदेश तथा स्थानीय तहका कर्मचारीलाई फोहोरमैला व्यवस्थापन सम्बन्धी तालिम संचालन | २०८२।०१।२५ देखि २०८२।०१।२९ सम्म | २३ |

| क्र.सं. | तालिम सम्बन्धी कार्यक्रम | संचालन मिती | सहभागी संख्या |
|---|---|---|---|
| ७ | विभाग अन्तर्गतका प्राविधिक कर्मचारीहरुका लागि Non-Destructive Test (NDT) लगायत Retrofitting Technique सम्बन्धी तालिम संचालन। | २०८२।०२।११ देखि २०८२।०२।१६ सम्म | ३० |
| ८ | कर्मचारिहरुलाई Team Building, Meditation, तालिम संचालन । | २०८२-०३-१३ देखि २०८२-०३-१५ सम्म | १९ |
| ९ | कर्मचारी जनशक्तिको क्षमता अभिवृद्धि सम्बन्धी तालिम संचालन | २०८२-०२-०८ देखि २०८२-०३-१७ सम्म | ६ |

**तालिम कार्यक्रमहरूका केहि तस्बीरहरु :**



**कार्यक्रम :**नवनियुक्त वि.एण्ड.आर्क उपसमूहका प्राबिधिक कर्मचारीहरुको लागि अभिमुखीकरण तालिम





**कार्यक्रमः** प्राविधिक कर्मचारीहरुका लागि NBC १०५ को प्रयोग गरी Building Design सम्बन्धी तालिम



**कार्यक्रमः** विभाग अन्तर्गतका प्राविधिक कर्मचारीहरुको लागि Land Pooling सम्बन्धी तालिम



**कार्यक्रमः** “Public Procurement and Contract Management; Conflict, Claims and Disputes Management" सम्बन्धी तालिम



**कार्यक्रमः** संघ, प्रदेश तथा स्थानीय तह अन्तर्गतका कर्मचारीहरुका लागि फोहोरमैला व्यवस्थापन सम्बन्धी तालिम




**कार्यक्रमः** प्राविधिक कर्मचारीहरुलाई Non-Destructive Testing (NDT) and Retrofitting Techniques सम्बन्धी तालिम



**कार्यक्रमः** कर्मचारिहरुलाई Team Building, Meditation तालिम

## २.१८ नगर विकास कोष

कोषलाई Green Climate Fund (GCF) को मानक संस्था (Accreditation Institution) का रुपमा स्थापित गर्ने कार्यको प्रथम चरण सम्पन्न भै दोस्रो चरणको प्रक्रियामा रहेको छ। कोषले GCF को स्रोत परिचालन गर्नेगरी अर्थ मन्त्रालयबाट स्वीकृत Country Program Pipeline मा रहेका Green Buses: Large Scale Deployment of Electric Buses in Kathmandu Valley र National Financing Vehicle to Boost the Emergence of Nepal's Green जस्ता आयोजनाहरुको तयारी गरिरहेको छ। काठमाण्डौं उपत्यकामा सार्वजनिक यातायात प्रणालीको रुपान्तरणकारी आयोजना विद्युतिय वस (Electrical Bus Rapid Transit (eBRT) संचालन गर्नेगरी अवधारणा पत्र शहरी विकास मन्त्रालय र अर्थ मन्त्रालयमा छलफल गरी अर्थ मन्त्रालय मार्फत हरित जलवायु कोषमा पठाईएको छ ।दातृ संस्था ए.डि.वी. को सहयोगमा संचालन हुने Urban Resileience and Livelihood Improvement Project (URLIP) आयोजना कोष समेतको सहभागितामा संचालन हुने गरी नेपाल सरकार र एडिवी बीच सम्झौताको सम्पन्न भएको।

साथै नेपाल सरकार बाट छनौट भएका २० वटा साना शहरहरुमा खानेपानी आपूर्ति आयोजना निर्माणका लागि जम्मा रु. ७०.३७ करोड मध्ये रु. ४४ करोड ऋण लगानी भईसकेको तथा शहरी पूर्वाधार विकासआयोजनाहरुको लागि आयमूलक, सामाजिक पूर्वाधार तथा आर्थिक विकासका पूर्वाधारमा जम्मा रु. ६१ करोड मध्ये रु. ४५ करोड ९८ लाख ऋण लगानी भईसकेको ।



कोषको ऋण लगानीमा निर्माण सम्पन्न कोहलपुर क्षेत्रीय वसर्पाक



कोषको ऋण लगानीमा ईटहरी उपनगरपालिकामा सम्पन्न ईटहरी वसर्पाक



नेपाल सरकारको अनुदान तथा कोषको ऋण लगानीमा सम्पन्न पाँचखाल खानेपानी तथा सरसफाई आयोजना

## २.१९ राष्ट्रिय आवास कम्पनी लिमिटेड

- योजना कार्यालय झापा अन्तर्गत जोरसिमल आवास तथा बजार क्षेत्र र पृथ्बीनगर आवास तथा बजार क्षेत्रमा सडक निर्माण तथा ८७० मिटर कालोपत्रे गर्ने कार्यहरु सम्पन्न गरेको छ ।
- योजना कार्यालय बर्दिया अन्तर्गत ज.वि २-७-८.७३ मा ताराताल हाउजिङ्गको प्लान्निंग तयार गर्ने कार्य गरेको ।
- योजना कार्यालय नवलपरासी अन्तर्गत चिसापानी आवास तथा बजार क्षेत्रमा ज .वि १-१० -० क्षेत्रफल ट्रमा सेन्टरलाई लिजमा उपलब्ध गरिएको ।
- श्रीखण्डपुर आवास तथा बजार क्षेत्र काभ्रेमा ८६० मिटर सडक निर्माण तथा ढल निर्माण गर्ने कार्य समपन्न गरेको छ ।
- योजना झापामा ३२५ मि पक्की नाला,३ वटा कल्भर्ट निर्माण कार्य सम्पन्न गरेको छ ।
- योजना कार्यालय कंचनपुर अन्तर्गत लालाझाडी मार्केट प्लानमा ६.७९कट्टा जग्गा ससस्त्र प्रहरी वल डोकेबजारलाई जग्गा उपयोगको लागि उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गरिएको छ ।
- यस कम्पनीले बिगत **पाँच आ.व** मा बिक्रि वितरण गरेका घडेरिहरुको विवरण

| क्र.स | योजना कार्यालयको नाम | घडेरी बिक्रि संख्या | बिक्रि मुल्य रु. | कैफियत |
|---|---|---|---|---|
| १ | श्रीखण्डपुर आवास तथा बजार क्षेत्र, काभ्रे | ८३ | ४४,३५,२९,८००।३३ | |
| २ | **योजना कार्यालय ,झापा** | | | |
| | ज.द.ध.पु घडेरीहरु | ५२ | २६,६४१,६१४।६० | |
| | फुटकर जग्गा | ४५ | ४,७६५,४६९।२० | |
| ३ | **योजना कार्यालय बर्दिया** | | | |
| | फुटकर जग्गा | ८६ | २,५२,००,०००।- | |
| ४ | **योजना कार्यालय नवलपरासी** | | | |
| | फुटकर जग्गा | १५६ | ३,००,७७,७०६।- | |
| ५ | **योजना कार्यालय ,कंचनपुर** | | | |
| | फुटकर जग्गा | ४ | १६,११०००।- | |
| | **जम्मा** | | **५३,१८,२५,५९०।-** | |

## ३. मन्त्रालय अन्तर्गत वैदेशिक सहयोगमा सञ्चालित प्रमुख कार्यक्रम

### ३.१. वाग्मती सुधार आयोजनाः

वाग्मती नदी र यसका सहायक नदीहरुको उद्गम स्थलदेखि कटुवाल दहसम्मको नदी र नदी प्रणाली प्रदुषण मुक्त बनाई संरक्षण र सम्बर्द्धन गरी उपत्यकाको वातावरणीय स्वच्छता, पवित्रता र सुन्दरता कायम गर्ने, नदी प्रणालीसँग सम्बद्ध ऐतिहासिक पुरातात्विक एवं साँस्कृतिक सम्पदाको संरक्षण गर्ने र समग्रमा वाग्मती सभ्यताको पहिचान एवं जगेर्ना गर्नुका साथै एकीकृत जलस्रोत व्यवस्थापन तथा अन्य प्राकृतिक स्रोतको समुचित व्यवस्थापन गर्ने उद्देश्यले गठित "अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति" अन्तर्गत वाग्मती सुधार आयोजना सञ्चालनमा रहेको छ ।



**भविष्यको वाग्मती नदीको परिकल्पना**

**हाल सम्म भएको कार्य प्रगति :**

वि.सं. २०६४ सालमा अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति गठन भएपश्चात् २०६६ साल श्रावण २७ गते नेपाल सरकार (मन्त्रिपरिषद्)बाट वाग्मती कार्ययोजना (Bagmati Action Plan) स्वीकृत भएको थियो कार्य योजना बमोजिम वाग्मती सुधार आयोजना कार्यान्वयनमा आएको र आयोजनाबाट वाग्मती, विष्णुमती, नख्खु, बल्खु र हनुमन्ते खोलामा निर्माण गर्न तोकिएको लक्ष्य र आ.व. २०८०/०८१ सम्मको प्रगति विवरण तपशिल बमोजिम रहेको छ।

<u>तपशिल</u>

| क्र.सं. | क्रियाकलाप | इकाई | आयोजनाको लक्ष्य | आ.व.०८१/०८२ को | हाल सम्म जम्मा |
|---|---|---|---|---|---|
| १ | नदी तटबन्ध गर्ने | कि.मि. | ८४.०५ | ३.0 | ७९.४ |
| २ | सडक निर्माण | कि.मि. | ५०.४८ | ०.६ | ३४.८१ |
| ३ | ढल निर्माण | कि.मि. | ९२.५७ | ०.२७ | ९०.१६ |

• **सौन्दर्यीकरण कार्यः** वाग्मती नदी तथा यसका सहायक नदी किनारामा पार्क तथा वातावरणीय सुधार सम्वन्धि निर्माण कार्य (बालकुमारी पुल देखि मनोहरा दोभान सम्म) काठमाडौं तर्फको कार्य सम्पन्न भएको छ तथा वाग्मती नदी किनारामा पार्क तथा वातावरणीय सुधार सम्वन्धि निर्माण कार्य (तिनकुने देखि मनोहरा दोभान सम्म) र मनोहरा नदी किनारामा पार्क तथा वातावरणीय सुधार सम्वन्धि निर्माण कार्य (बालकुमारी पुल देखि मनोहरा दोभान सम्म) ललितपुर तर्फ निर्माणाधिन अवस्थामा रहेको छ ।




**बालकुमारी पुल देखि मनोहरा दोभान सम्म) काठमाडौं तर्फको कार्य**

• १७.३ MLD को टुकुचा ढल प्रशोधन केन्द्रको निर्माण कार्य हाल सम्म SBR1 & SBR2 मा ३५७ र SBR3 & SBR4 मा ४७५ तथा अन्य संरचनाका लागि ५५ गरि जम्मा ८८७ Pilling work सम्पन्न तथा SBR1 & SBR2 Rafting works सम्पन्न तथा SBR1 & SBR2 मा साईडमा शेयर वालको  कार्य चलिरहेको छ।




उर्लाबारी न पा मा निर्माण भएको कृष्ण चोक जाने सडक

## ३.२. नेपाल सहरी शासकीय तथा पूर्वाधार आयोजना *(NUGIP)*

यस आयोजना सञ्चालनको लागि मिति २०७७।०८।०३ गते श्री अर्थ मन्त्रालय र विश्व बैंक बीच ऋण सम्झौता भएको हो । सम्झौता भएपश्चात यस आयोजना औपचारिक रुपमा मिति Dec १, २०२० देखि July १५, २०२६ सम्म विभिन्न ३३ वटा नगरपालिकाहरुमा सञ्चालन भएको छ। यस आयोजना अन्तर्गत Component-१(US$ ११५ million) मा १७ वटा नगरपालिकाहरुमा Urban Development Grant अन्तर्गत Strategic Municipal Infrastructure Development को कार्य रहेको छ, Component-२ (US$ ७ million) मा २१ वटा नगरपालिकाहरुमा Institutional Strengthening अन्तर्गत नगरपालिकाहरुको Capacity Enhancement को कार्य रहेको छ, Component-३ (US$ २० million) मा १२ वटा नगरपालिकाहरुमा Labor Intensive Public Work अन्तर्गत नगरपालिकाहरुमा श्रममूलक कार्य रहेको छ, Component-४ (US$ 0 million) मा Contingent Emergence Response कार्यक्रम रहेको छ। Component-५ (US$ 8 million) मा Project Management and Coordination अन्तर्गत Project Coordination Office(PCO) लाई Support गर्नको लागि PCO  मा Project Management Support Team(PMST) रहेको छ। यस आयोजना सञ्चालनको लागि Systematic tracking of exchange of procurement (STEP) मा राखिएको

Procurement Plan अनुसार Component-५ को (US$ 8 Million) मध्येबाट Project Management Support Team (PMST) को लागि (US$ 5 Million) छ भने बाँकी रकम आयोजना सञ्चालनार्थ प्रयोग गरिनेछ।यसै गरी Component-२ को (US$ 7 million) मध्ये Urban Development Support Team को लागि US$ 2.47 million छ भने बाँकी रकम २१ नगरपालिकाहरुको Capacity Strengthening को लागि प्रयोगको लागि छुट्टाइएको छ।

Component-1 अन्तर्गत रहेका १७ वटा नगरपालिकाहरुमा २२ वटा उप-आयोजनाहरु संचालन भई निर्माणको कार्यहरु भएकोमा ३ वटा उपआयोजनाहरुको ( पुतलीबजार , उर्लाबारी र दमक नगरपालिका हरुको )निर्माण कार्य सम्पन्न भएको छ ।बाँकी १९ वटा उप-आयोजनाहरुमा हाल सम्मको भौतिक प्रगति हेर्दा १८% देखि ६०% सम्म रहेका छन् । १९ मध्ये १५ वटा निर्माण कार्यको आ.व. २०८०/८१ को जेठ/असारमा मात्र ठेक्का सम्झौता भएको हो। त्यसैगरी यस आयोजना Component 2 Institutional Strengthening of Participating Municipalities अन्तर्गत २१ वटा नगरपालिकाहरुको क्षमता अभिवृद्धि गर्ने कार्यको लागि Urban Development Support Team (UDST) परामर्श सेवा मार्फत Institutional Strengthening Plan (ISP) तयार गरिएको छ । तेसै गरि Component-३ LIPW अन्तर्गत साना साना उपआयोजनाहरु मार्फत उपभोक्ता समितिहरु गठन गरि निर्मद संगसंगै रोजगार सिर्जनाको काम पनि निकै प्रभावकारी देखिएको छ जस अन्तर्गत ४६२१ उप आयोजना मार्फत २ लाख भन्दा बढी लाभग्राहीलाई रोजगारी सिर्जना गरि समुदाहिक स्तरमा गएर प्रभाब पार्न सफल भएको छ ।



LIPW अन्तर्गत निर्मार्ण भएको उप आयोजनहरु



## ३.३. क्षेत्रीय शहरी विकास आयोजना र Urban Resilience and Livelihood Improvement Project:

काठमाडौं उपत्यकाका वरिपरि रहेका नगरपालिकाहरु क्रमशः भरतपुर, हेटौंडा, बनेपा, धुलिखेल, पनौती, विदुर, कमलामाई र काठमाडौं (विष्णुमती रिङ्गरोड आयोजना) मा शहरी पूर्वाधारहरु निर्माण, जग्गा विकास, नगरपालिकाहरुको संस्थागत क्षमता अभिबृद्धि गरी दिगो शहरी विकासका साथै नगरपालिकाहरुको आर्थिक, सामाजिक र वातावरणीय अवस्थामा सुधार ल्याई ती स्थानहरुलाई काठमाडौं उपत्यकाको वैकल्पिक बसाँइसराइँको स्थानमा विकास गरी काठमाडौंमा पर्न गएको बसाँइसराइँ र जनसंख्याको चाप घटाउने उद्देश्यले वि.सं. २००३ बाट एसियाली विकास बैंकको सहयोगमा शहरी वातावरणीय सुधार आयोजना शुरु भई सन् २०१० मा यो आयोजना सम्पन्न भएको थियो ।

उक्त आयोजनाको सफल कार्यान्वयन पश्चात् सोही आयोजनाको निरन्तरताका रुपमा क्रमशः मझौला शहर एकीकृत शहरी वातावरणीय सुधार आयोजना (STIUEP), एकीकृत शहरी विकास आयोजना (IUDP) र क्षेत्रीय शहरी विकास आयोजना (RUDP) एसियाली विकास बैंकको सहयोगमा सञ्चालनमा आएका छन् जसमध्ये STIUEP र IUDP आयोजनाहरु सम्पन्न भईसकेका छन् भने क्षेत्रीय शहरी विकास आयोजना (RUDP) आयोजना कार्यान्वयन कै चरणमा रहेको छ । साथै Urban Resilience and Livelihood Improvement Project कार्यान्वयनमा जान एसियाली विकास बैंक (ADB) संग सहयोग प्राप्त गर्न सम्झौताका लागि तयारी भैरहेको छ ।यी आयोजनाहरुको संक्षिप्त जानकारी तल दिइएको छ ।

शहरी उत्थानशिलता तथा जीवनयापन सूधार आयोजना (URLIP) अन्तर्गत मुख्य मुख्य उपलब्धिहरु

**(परामर्शसेवा तर्फ)**

| सि. नं. | योजनाको नाम | कार्यान्वयन गर्ने निकाय | हालको अवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | URLIP/PCO/CS/01 “Project Management and Capacity Development Consultant | आयोजना समन्वय कार्यालय | 16 May, 2025 मा कार्यदिश दिई कार्य शुरु भएको । | |
| २ | URLIP/PKR/CS/02 “Pokhara Design and Supervision Consultant | पोखरा महानगरपालिका | 2 July, 2025 मा कार्यदिश दिई कार्य शुरु भएको । | |
| ३ | URLIP/PCO/CS/04 “Greater Lumbini (WUC) Design and Supervision Consultant | आयोजना समन्वय कार्यालय | 16 May, 2025 मा कार्यदिश दिई कार्य शुरु भएको । | |
| ४ | URLIP/JNK/CS/03 ”Janakpur Design and Supervision Consultant | जनकपुर उपमहानगरपालिका | RFP को प्राविधिक प्रस्ताव मुल्याङ्कन गरी ADB मा सहमतिका लागि पेश भएको । | |

**शहरी उत्थानशिलता तथा जीवनयापन सूधार आयोजना (URLIP) अन्तर्गत मुख्य मुख्य उपलब्धिहरु**
**(निर्माण कार्य तर्फ)**

| सि. नं. | योजनाको नाम | कार्यान्वयन गर्ने निकाय | हालको अवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | Janakpur Drainage road footpath road furniture improvement. | जनकपुर उपमहानगरपालिका | बोलपत्र कागजातहरु ADB को सहमतिका लागि पेश भएको । | |
| २ | Janakpur Revitalization of heritage cultural sites. | | Janakpur-Design Supervision Consultant बाट Design हुने । | |
| ३ | Sainamaina Drainage, road footpath and street improvement including beautification and scope | सैनामैना नगरपालिका | प्राविधिक प्रस्ताव मुल्याङ्कन भईरहेको । | |
| ४ | Sainamaina cultural, natural and green public spaces development. | | WUC-DSC मार्फत बाट Design Review हुने । | |
| ५ | Devdaha Drainage, Road, Footpath and Street Improvement including beautification and landscape | देवदह नगरपालिका | आर्थिक प्रस्ताव खोल्ने सूचना प्रकाशित भएको । | |
| ६ | Devdaha Green Public Space Improvement | | WUC-DSC मार्फत बाट Design Review हुने । | |

### ३.३.१ क्षेत्रीय शहरी विकास आयोजना (RUDP)

शहरी विकास तर्फ एसियाली विकास बैंकको सहयोगमा चौंथो आयोजनाका रुपमा सञ्चालित यस आयोजनाले यस अघि आयोजना लागू भइसकेका सुदुरपश्चिम प्रदेश बाहेकका ४ वटा नगरपालिकाहरु क्रमशः विराटनगर, वीरगंज, सिद्धार्थनगर र नेपालगंज समेटेको छ भने सुदूरपश्चिम प्रदेशका ४ वटा नगरपालिकाहरु क्रमशः धनगढी, गोदावरी, शुक्लाफाँटा र भिमदत्तलाई समेटेको छ । आयोजनाको ऋण सम्झौता २७ November, २०१७ मा भएको थियो भने म्याद थप पश्चात आयोजना ३० June, २०२५ मा सन्पन्न हुनेछ । यस आयोजनाका प्रमुख कार्यहरुमा सडक तथा नाला निर्माण, एकीकृत फोहरमैला व्यवस्थापन केन्द्र निर्माण, दिशाजन्य लेदो (सेप्टिक ट्याङ्कीबाट निस्किने लेदो) व्यवस्थापन केन्द्र निर्माण, २ वटा नगरपालिकाहरुको कार्यालय भवन निर्माण, ४ वटा नगरपालिकाहरुको दीर्घकालीन शहरी विकास योजना तर्जुमा र विभिन्न सामुदायिक विकास कार्यक्रम सञ्चालन गर्नु रहेका छन् ।

**क्षेत्रीय शहरी विकास आयोजना (RUDP) अन्तर्गत मुख्य मुख्य उपलब्धिहरु**

(P7 Municipalities)

जम्मा लागत US$ २१४ million  सम्झौता भएकोमा दातृ निकाय ए.डि.बि बाट US$१५० million ऋण र US$ ६४ million नेपाल सरकारको लगानी रहेको छ।


| क्र.सं. | नगरपालिका | मुख्य कृयाकलाप | कुल लक्ष्य | हालसम्मको प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| १. | भिमदत्त | सडक सुधार/ निर्माण | १४.०३ Km | १४.२० Km | |
| | | ढल निर्माण | २२.३७ Km | २२.४७ Km | |
| २. | धनगढी | सडक सुधार/ निर्माण | १०.२५ Km | १०.९१ Km | |
| | | एकिकृत फोहरमैला व्यवस्थापन केन्द्र | १ वटा | ७५.००% | निर्माण कार्य भईरहेको । |
| | | ढल निर्माण | २०.४८ Km | २०.६३ Km | |
| ३. | गोदावरी | सडक सुधार/ निर्माण | १६.५३ Km | १८.६३ Km | |
| | | एकिकृत फोहरमैला व्यवस्थापन केन्द्र | १ वटा | १००.००% | |
| | | ढल निर्माण | १०.३१ Km | १२.४५ Km | |
| | | कार्यालय भवन | १ वटा | १००.००% | |
| ४. | शुक्लाफाँटा | सडक सुधार/निर्माण | ४.७७ Km | ४.८९ Km | |
| | | एकिकृत फोहरमैला व्यवस्थापन केन्द्र | १ वटा | १००.००% | |
| | | ढल निर्माण | ६.१० Km | ६.२५ Km | |
| | | कार्यालय भवन | १ वटा | १००.००% | |

सुदूरपस्चिम प्रदेश बाहेकका नगरपालिकाहरुमा पहिले नै आयोजना लागू भैसकेको र आवश्यक पूर्व तयारीहरु STIUEP र IUDP बाट नै भैसकेकोले ती नगरपालिकाहरुमा आयोजना शुरु हुनासाथ निर्माण कार्य अघि बढाइएको थियो भने सुदुर पश्चिम प्रदेशका ४ वटा नगरपालिकाहरुमा आयोजना लागू भए पश्चात मात्र पूर्वाधारहरुको डिजाइन गरी कार्यान्वयनमा लागिएको थियो । हाल ४ वटै नगरपालिकाहरुमा सडक तथा नाला निर्माण र भवन निर्माणको कार्यहरु अन्तिम चरणमा रहेका छन् । आ.व. २०८१/०८२ मा क्षेत्रीय शहरी विकास आयोजना (RUDP) बाट सडक सुधार/ निर्माण-१५७.८७ कि.मी., सतही नाला निर्माण- ११९.९६ कि.मी., ढल निर्माण- १०४.६६ कि.मी., एकिकृत फोहरमैला व्यवस्थापन केन्द्र-२ वटा, नगरपालिकाको कार्यालय भवन- २ वटा निर्माण सम्पन्न भएको छ ।


### ३.४. ग्रामीण सडक सञ्जाल सुधार आयोजना ***(RCIP)***

- ग्रामीण समुदाय, उत्पादनमूलक कृषि क्षेत्र र सामाजिक-आर्थिक केन्द्र बीच सडकसञ्जाल (Connectivity) स्थापित गर्ने लक्ष्य सहित ग्रामीण सडक सञ्जाल सुधार आयोजना (RCIP) नेपाल सरकार र एशियाली विकास बैंक (ए.डि.बि) बीच १२ फेब्रुअरी २०१८ मा सम्झौता भए बमोजिम कार्यान्वयनमा आएको हो ।
- सम्झौता अनुसार एशियाली विकास बैंकका तर्फबाट १०० मिलियन अमेरिकी डलर सहुलियत ऋण र नेपाल सरकारको ३५.७२ मिलियन अमेरिकी डलर गरी यस आयोजनाको कूल लागत १३५.७२ मिलियन अमेरिकी डलर रहेको छ।
- यस आयोजनाबाट नेपालको विभिन्न पाँच प्रदेशहरु क्रमशः कोशी प्रदेश, बागमती, गण्डकी, लुम्बिनी र कर्णालीले समेट्ने विभिन्न १७ जिल्लाहरु क्रमशःपाँचथर, ईलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, सिन्धुली, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, काठमाडौं, भक्तपुर, चितवन, पर्वत, रुकुम पश्चिम, रुकुम पूर्व र रोल्पामा ४०३.७३३ कि.मि. ग्रामीण सडकको स्तरोन्नति (कालोपत्रे) गर्ने कार्यक्रम रहेकोमा यस आयोजना अन्तर्गत जम्मा ३२२.००५ कि.मि. सडक कालोपत्रे स्तरमा स्तरोन्नति भएको छ ।।
- ग्रामीण सडक सञ्जाल सूधार आयोजना अन्तर्गत आ.व. २०८१/८२ मा जम्मा २५.७ कि.मि. सडक कालोपत्रे, पक्की नाला निर्माण ६९.८ कि.मि., टेवा पर्खाल निर्माण १४३४५५.८ घ.मि., सडक पूल निर्माण २ वटा कार्य सम्पन्न भएको छ ।

## RCIP कार्यक्रमको क्रियाकलापहरु



RCIP Jhapa(NCB – 12 ,Morang in PBM)



Pushpalal chowk – Gachhiya Road, Morang






RCIP -Lalitpur **NCB – 8 Sindhuli(Routine maintainance)**





RCIP -Parbat(Huwas Lunkhu Road)






RCIP -Rolpa(NCB-4 )

## ३.५. झोलुङ्गे पूल क्षेत्रगत कार्यक्रम

यातायातको पहुँचमा अभिबृद्धि तथा सहज र सुरक्षित पहुँचका लागि लामो तथा छोटो तरीका झोलुङ्गे पुल निर्माण गर्ने मूल उद्देश्यका साथ सञ्चालनमा रहेको झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम नेपाल सरकारको प्राथमिकता प्राप्त कार्यक्रमहरु मध्येको एक महत्त्वपूर्ण कार्यक्रम हो। नेपाल सरकार तथा स्वीस सरकारको आर्थिक सहयोगमा विगत ६० वर्ष अघि नेपालमा झोलुङ्गे पुलको शुरुवात भएकोमा हाल नेपाल सरकारको श्रोत र स्वीस सरकारको प्राविधिक सहयोगमा झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम सञ्चालन हुँदै आएको छ। आ.व. २०७९।८० सम्म विभाग अन्तर्गत निर्मित झोलुङ्गे पुलको संख्या १०,५०८ रहेकोमा गत आ.व. २०८०।८१ मा कार्यक्रम अन्तर्गत जम्मा ५२३ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भई आ.व. २०८१/८२ सम्म जम्मा ११,२२५ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भईसकेको अवस्था रहेको छ ।यस आ.व.मा सुस्ता मल्टिस्पान झो.पु (१५७१ मि) को निर्माण सम्पन्न भएको छ।

**तुइन बिस्थापन**



पहिले



अहिले

**लालुभर्ता, कालिकोट**




**सुस्ता मल्टीस्पान झो.पु., नवलपरासी (१५७१ मि.)**

### ३.६. साना सिँचाई कार्यक्रम -दोश्रो चरण


कोशी प्रदेशको पहाडी क्षेत्रका ८ जिल्ला (इलाम, पाँचथर, धनकुटा, तेर्हथुम, भोजपुर, उदयपुर, खोटाङ र ओखलढुङ्गा) का ५८ स्थानीय तहहरुमा करिब १,३०० वटा साना सिँचाई योजनाहरु निर्माण गरी करिब २०,००० हेक्टर जमिनमा बाहैं महिना सिँचाई सुविधा पुर्याई करिब ६५,००० घरधुरीलाई लाभान्वित गराउने हेतुका साथ स्वीस सहयोग नियोग (एस.डि.सी.) अनुदान, संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह र स्थानीय उपभोक्ताको गरी कुल ४,९४,६०,०००/- स्वीस फ्रयांक कुल लागत रही आयोजना सुरु भएकोमा SDC बाट चालु आ.व. को लागि थप १८,८०,०००/- स्वीस फ्रयांक अनुदान प्राप्त भएको छ। स्वीस सहयोग नियोग (एस.डि.सी.) को प्राविधिक सहायतामा जुलाई १, २०२० देखि सञ्चालनमा रहेको यस कार्यक्रम अवधि डिसेम्बर ३१, २०२४ सम्म रहेकोमा जुलाइ, २०२६ सम्म म्याद थप भएको छ। तीनै तहका सरकार (संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार) बाट २०-२० प्रतिशतका दरले ६०%, विकास साझेदार संस्था, स्वीस विकास सहयोग नियोग (एस.डि.सी.) को ३०% र स्थानीय उपभोक्ताहरुको १०% को लागत साझेदारीमा कार्यक्रम सञ्चालन भईरहेको छ । आ.व. ०८१/८२ मा २८४ वटा क्रमागत तथा नयाँ साना सिँचाई आयोजनाहरु निर्माण सम्पन्न भई थप ४,८२४ हेक्टर जमिनमा सिँचाई सुविधा पुगेको। १,३०० वटा साना सिँचाई आयोजनाहरु सम्पन्न गरी २०,००० हेक्टर जमिनमा भरपर्दो सिँचाई सुविधा पुर्याउने लक्ष्य रहेकोमा हाल सम्म १,३५८ वटा योजना सम्पन्न भई २३,०५१ हेक्टर जमिनमा सिचाई सुविधा विस्तार भएको।

## साना सिंचाई कार्यक्रम-दोश्रो चरण



### ३.७. ग्रामीण सडक सञ्जाल सुधार आयोजना -अतिरिक्त लगानी (RCIP-AF)

ग्रामीण सडक सञ्जाल सुधार आयोजना (RCIP) को Follow-On Project (Phase-2) को रूपमा ग्रामीण सडक सञ्जाल सुधार आयोजना -Additional Financing (RCIP-AF) को लागि एशियाली विकास बैंकको १०० मिलियन अमेरिकी डलर सहुलियत ऋण र नेपाल सरकारको २० मिलियन अमेरिकी डलर गरी कूल १२० मिलियन अमेरिकी डलर कुल लागतको आयोजना सुरु भएको छ। ग्रामीण सडक सञ्जाल सुधार आयोजना - ए. एफ. अन्तर्गत कुल ३२४ कि.मि सडकको स्तरोन्नति (कालोपत्रे) गर्ने लक्ष्य सहित कार्यान्वन भई रहेको छ। ग्रामीण सडक सञ्जाल सुधार आयोजना - ए. एफ. अन्तर्गत ५ वटा प्रदेश क्रमशः कोशी प्रदेश (भोजपुर, ओखलढुङ्गा, सोलुखुम्बु, पाँचथर र सुनसरी), बागमती प्रदेश (रामेछाप, मकवानपुर, सिन्धुली, काभ्रेपलाञ्चोक, दोलखा र चितवन), गण्डकी प्रदेश (गोरखा, पर्वत, बागलुङ्ग, कास्की र नवलपरासी (वर्दघाट-सुस्ता पुर्व)), लुम्बिनी प्रदेश (रुपन्देही, दाङ, रोल्पा, गुल्मी र रुकुम पुर्व) र कर्णाली प्रदेश (जाजरकोट, सुर्खेत र रुकुम पश्चिम) बाट जम्मा २४ वटा सडकहरु स्तोरोन्नतिको लागि छनौट भई २३ वटा सडकहरुको ३१४.७६ कि.मि. लम्बाईमा ठेक्का सम्झौता भई स्तरोन्नति गर्ने कार्य भई रहेका छन्। साथै १ वटा योजना बोलपत्र (लम्बाई ८.६ कि.मि.) मूल्यांकनको क्रममा रहेको छ।




**RCIP-AF लागू हुने जिल्लाहरु**

### ३.८. प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम (PLRIP)

१. **कार्यक्रमको उद्येश्य** : सहभागी प्रदेश र स्थानीय सरकार मातहतका प्रादेशिक एवम् स्थानीय सडक संजालको सर्वयाम सडक पहुँच, प्रभावकारिता र उत्थान्शिलता वृद्धि गर्नु।

२. **कार्यक्रमको क्षेत्र** : मधेश, कर्णाली र सुदूरपश्चिम प्रदेश।

३. **कार्यक्रमको अवधि** : २०८१/८२-२०८५/८६

४. **लागत अनुमान** : १२८ मिलियन अमेरिकी डलर (करिव १६ अर्ब ६४ करोड रुपैया)

५. **कार्यक्रमको लक्ष्य** :

- २०० कि.मि. सडक सर्वायाम संचालन हुने गरी प्रादेशिक सडक स्तरोन्नति गर्ने।
- ३०० कि.मि. प्रादेशिक सडकको आवधिक मर्मत गर्ने।
- २५०० कि.मि. सडकको नियमित मर्मत सम्भार गर्ने।
- १०० कि.मि. नयाँ सडक निर्माण गरी स्थानीय तह तथा वडा केन्द्रसम्म सर्वयाम सडकको पहुँच पुर्याउने।
- संघ, प्रदेश तथा स्थानीय तहको संस्थागत क्षमता विकास गर्ने।
- सडक पूर्वाधार निर्माण Agency हरुको सडक सुरक्षा व्यवस्थापन सम्बन्धी क्षमता वृद्धि गर्ने।

६. **हालसम्मको प्रगति** :

- प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम कार्यान्वयनका लागि नेपाल सरकार र विश्व वैक बिच Loan Negotiation सम्पन्न भई हाल Financing Agreement सम्पन्न भएको।

- प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम अन्तर्गत प्रादेशिक सडक गुरुयोजना (PTMP) तयार गर्ने निर्देशिका, कार्यक्रम अन्तर्गत निर्माण हुने सडकका लागि आवश्यक Norms, Standards and Specification शहरी विकास मन्त्रालयवाट स्वीकृत भएको।
- प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम अन्तर्गत तिन वटै प्रदेशमा कार्यक्रम कार्यान्वयन अगाडि बढाउने गरी ६ वटा सडकहरु (७० कि.मि.) को स्तरोन्नति कार्यका लागि DPR तयारी कार्य सम्पन्न गरी सबै सडकहरुको ठेक्का व्यवस्था गरी निर्माण कार्य प्रारम्भ भएको र थप १८ वटा सडकहरु (२८७ कि.मि.) तथा ११ वटा सडक पुलको स्तरोन्नति कार्यका लागि पहिचान गरी DPR तयारी कार्य प्रारम्भ भएको ।
- तीन प्रदेशका सडकहरुबाट आवधिक मर्मतका लागि १८ वटा सडकहरु (२४२.६ कि.मि.) पहिचान गरी ३ वटा सडकहरुका (३१.५ कि.मि.) DPR तयारी कार्य सम्पन्न गरी ठेक्का व्यवस्थापन कार्य प्रारम्भ भएको ।
- दुई प्रदेशका (कर्णाली र सुदूरपश्चिम प्रदेश) सडकहरुबाट नयाँ सडक निर्माण कार्यका लागि ४ वटा सडकहरु (१२० कि.मि.) पहिचान गरी १ वटा सडकको (६ कि.मि.) DPR तयारी कार्य सम्पन्न गरी ठेक्का व्यवस्थापन कार्य प्रारम्भ भएको ।
- सडकहरुको नियमित मर्मत सम्भारका लागि सडक मर्मत सम्भार समुह निर्देशिका (Road Maintenance Groups Guidelines) स्वीकृत भई सोका आधारमा छनोट भएका सडकहरुको नियमित मर्मत सम्भार गर्न सडक मर्मत सम्भार समूह (RMGs) छनोट गरी सडक को नियमित मर्मत सम्भार कार्यको शुरुवात गरिएको ।
- संघ, प्रदेश तथा स्थानीयतहको संस्थागत क्षमता विकास गर्न तालिम कार्यक्रम सञ्चालन गरिएको ।
- सडक पूर्वाधार निर्माण गर्ने निकायहरुको सडक सुरक्षा व्यवस्थापन सम्बन्धी क्षमता वृद्धि गर्न सडक सुरक्षा व्यवस्थापन सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गरिएको ।

## आ.व. २०८१/०८२ को वित्तीय प्रगति

| बजेट उपशीर्षक | कार्यक्रम/आयोजनाको नाम | बजेट | | कुल खर्च रकम | खर्च प्रतिशत | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | शुरू विनियोजन | खुद (रकमान्तर/ थप/घटपछिको) | | शुरु विनियोजन | खुद बजेट | |
| ३४७०००११ | शहरी विकास मन्त्रालय | १२९०.५० | १३३५.५० | ८३४.२७ | ६४.६५% | ६२.४७% | |
| ३४७०००१२ | राष्ट्रिय भवन प्रविधि अनुसन्धान केन्द्र | २०७६.१७ | २०९७.३६ | २५८.१३ | १२.४३% | १२.३१% | |
| ३४७००१०१ | बागमती सुधार आयोजना | २७२१५.६१ | २७२१६.२६ | ६८०८.४० | २५.०२% | २५.०२% | |
| ३४७०१०११ | शहरी विकास तथा भवन निर्माण बिभाग | ५०७७६.९४ | ४९३३९.४४ | १६३४१.४९ | ३२.१८% | ३३.१२% | |
| ३४७०१०१२ | संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय | ७९६४.७७ | १७७३५.३२ | १०४२१.३२ | १३०.८४% | ५८.७६% | |
| ३४७०१०१३ | संघिय सहरी विकास आयोजना कार्यान्वयन कार्यालयहरु | ३९९५.२५ | ३९८२.८५ | ३२३९.४४ | ८१.०८% | ८१.३३% | |
| ३४७०११०१ | आवास व्यवस्था कार्यक्रम | ४८४५.६१ | ३८४०.९३ | १८४५.९५ | ३८.१०% | ४८.०६% | |
| ३४७०११०२ | एकीकृत कार्यमूलक योजना (शहरी विकास) | ७९१.०० | ६६९.५० | ३२१.९४ | ४०.७०% | ४८.०९% | |
| ३४७०११०३ | सघन शहरी विकास कार्यक्रम | ८१८१४.३७ | १०५१८०.१२ | ७५९८९.२७ | ९२.८८% | ७२.२५% | |
| ३४७०११०५ | भवन निर्माण संहिता, सरकारी भवन निर्माण | २३२५९.२१ | २६७२७.५५ | १५४६१.५० | ६६.४७% | ५७.८५% | |
| ३४७०११०७ | नेपाल - भारत सीमा एकीकृत जाँच चौकी विकास आयोजना | ४९.०० | ४९.०० | २९.६८ | ६०.५७% | ६०.५७% | |

| बजेट उपशीर्षक | कार्यक्रम/आयोजनाको नाम | बजेट | | कुल खर्च रकम | खर्च प्रतिशत | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | शुरू विनियोजन | खुद (रकमान्तर/थप/घटपछिको) | | शुरु विनियोजन | खुद बजेट | |
| ३४७०११०८ | शहरी शासकीय क्षमता विकास कार्यक्रम | ३०९८.८७ | ३०९८.८७ | १३४१.७१ | ४३.३०% | ४३.३०% | |
| ३४७०१११० | नयाँ शहर आयोजना | १६२७८.४७ | १४६२०.४९ | ९१६६.५३ | ५६.३१% | ६२.७०% | |
| ३४७०११११ | क्षेत्रीय शहरी विकास कार्यक्रम | १५१४३.१८ | १९०४३.१८ | १२७७३.८३ | ८४.३५% | ६७.०८% | |
| ३४७०१११४ | बस्ती विकास कार्यक्रम | १५६२४६.३० | १२४३२३.९४ | ८१९१५.३७ | ५२.४३% | ६५.८९% | |
| ३४७०१११७ | विशेष भवन निर्माण आयोजना | २७३३८.१४ | २८४६८.१४ | ९९७७.४६ | ३६.५०% | ३५.०५% | |
| ३४७०१११८ | शहरी कोरिडोर आयोजना | ४६३.५५ | ३४६.५५ | १३२.५१ | २८.५९% | ३८.२४% | |
| ३४७०१११९ | शहरी उत्थानशिलता तथा जीवनयापन सुधार आयोजना | २०८५४.५५ | १६९०४.५५ | १५१०.०८ | ७.२४% | ८.९३% | |
| ३४७०२०११ | स्थानीय पूर्वाधार विभाग | ८१०१.२६ | ८७७४.१६ | ६१८०.७२ | ७६.२९% | ७०.४४% | |
| ३४७०२१०२ | ग्रामीण सडक सञ्जाल सुधार आयोजना | ९४३०.७२ | ९४३०.७२ | ५४८७.७१ | ५८.१९% | ५८.१९% | |
| ३४७०२१०३ | झोलुंगे पुल क्षेत्रगत कार्यक्रम | २६६८३.३० | ३३६१४.०५ | २६६०३.१७ | ९९.७०% | ७९.१४% | |
| ३४७०२१०५ | स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुंच सुधार परियोजना | ३१९३६.७० | २६९०१.६९ | ११३९३.२८ | ३५.६७% | ४२.३५% | |
| ३४७०२१०६ | साना सिंचाई कार्यक्रम | १३८६.०० | १३८६.०० | ३१.४० | २.२७% | २.२७% | |
| ३४७०२१०७ | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | ११७८२.६० | २२५८८.५० | १९९३६.५५ | १६९.२०% | ८८.२६% | |

| बजेट उपशीर्षक | कार्यक्रम/आयोजनाको नाम | बजेट | | कुल खर्च रकम | खर्च प्रतिशत | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | शुरू विनियोजन | खुद (रकमान्तर/ थप/घटपछिको) | | शुरु विनियोजन | खुद बजेट | |
| ३४७०२१०८ | ग्रमिण सडक संजाल सुधार आयोजना - ए एफ | ६१७८.८४ | ६१७८.८४ | ७०८.६१ | ११.४७% | ११.४७% | |
| ३४७०२११० | उच्च पहाडी एवम् हिमाली क्षेत्र समृद्धि कार्यक्रम | १९.८० | १९.८० | ०.१९ | ०.९६% | ०.९६% | |
| ३४७०२१११ | कर्णाली समृद्धि कार्यक्रम | ११५८३.८३ | ११८८०.४३ | ६८१३.३५ | ५८.८२% | ५७.३५% | |
| ३४७०२११२ | प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम | ११२५.०७ | ११२५.०७ | ४५०.६३ | ४०.०५% | ४०.०५% | |
| ३४७०२११४ | तराई मधेस सडक पूर्वाधार विकास कार्यक्रम | ३३२५.०० | २४६५.५५ | १५७९.१४ | ४७.४९% | ६४.०५% | |
| ३४७०२११५ | सडक पूर्वाधार विकास कार्यक्रम | २९४१४.२५ | २७९१३.७८ | १६१२३.३७ | ५४.८१% | ५७.७६% | |
| ३४७०२११६ | वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम | ८०८९४.४३ | ६९२४८.२१ | ४३३७६.४३ | ५३.६२% | ६२.६४% | |
| ३४७५११०१ | नगर विकास कोष | १९३०.०० | १९३०.०० | ७००.०० | ३६.२७% | ३६.२७% | |
| ३४७७११०१ | काठमाडौं उपत्यका विकास प्राधिकरण | १२६२६.८२ | १२६२६.८२ | ७६४८.७० | ६०.५८% | ६०.५८% | |
| ३४७७११०२ | धोविखोला कोरिडोर सुधार आयोजना | ३७३.५० | ३७३.५० | १०१.९५ | २७.३०% | २७.३०% | |
| **जम्मा** | | **६८०२९३.६१** | **६८१४३६.६७** | **३९५५०४.०८** | **५८.१४%** | **५८.०४%** | |

## ४. आर्थिक वर्ष २०८१/०८२ को कार्यान्वयन स्थिति

आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यग्रमको शहरी विकास मन्त्रालयसँग सम्वन्धित बुँदाहरुको व्यहोरा र कार्यान्वयन सम्वन्धी विवरण तल उल्लेख गरिएको छ।

| क.स | नीति तथा कार्यग्रम | बजेट | बजेट वक्तब्य | प्रगति |
|---|---|---|---|---|
| 1 | P105 : निजी क्षेत्रले समेत जग्गा विकास कार्यक्रम सञ्चालन गर्नसक्ने नीतिगत व्यवस्था गरिनेछ। नगर विकास कोषको पुनःसंरचना गरी सहलगानीमा सहरी पूर्वाधार निर्माण गरिनेछ। भौगोलिक रूपमा विकट, छरिएर रहेका र विपद्को उच्च जोखिमयुक्त स्थानका बस्तीलाई सुरक्षित स्थानमा एकीकृत बस्ती विकास गरी स्थानान्तरण हुन प्रोत्साहित गरिनेछ। | P105B246 | B246 : सहरी सौन्दर्य र स्वच्छताका लागि स्थानीय तहसँगको सहकार्यमा सहरका नदी किनारामा हरियाली प्रवर्द्धन र पार्कको निर्माण कार्यलाई अभियानका रूपमा सञ्चालन गरिनेछ। घना बस्तीमा खुला क्षेत्रको पहिचान र संरक्षण गर्दै समुदायको सहकार्यमा एक वडा एक पार्क निर्माण गरिनेछ। नगर विकास कोषको पुर्नसंरचना गरी सहलगानीमा सहरी पूर्वाधार निर्माण गरिनेछ। | काठमाडौं उपत्यकाको विभिन्न स्थानमा सार्वजनिक जग्गा संरक्षण तथा हरियाली पार्क निर्माण कार्य सम्पन्न भएको। |
| | | P105B000 | | निजि क्षेत्रलाई जग्गा विकास कार्यक्रम संचालन गर्न/गराउन "शहरी विकास सम्बन्धी विधयेक" स्वीकृतिको लागि मिति २०८१/०२/३१ मा कार्यदल गठन भई मस्यौदाको अन्तिम रूप दिने कार्यभईरहेको,सम्बन्धित निकायको राय सुझाव बमोजिम सम्पादन गरिदै। |
| 2 | P106 : गरिब, असहाय तथा सीमान्तकृत समुदाय बसोबास गर्ने अव्यवस्थित तथा झुपडी बस्तीलाई व्यवस्थित बस्तीमा स्तरोन्नति गरिनेछ। हुलाकी राजमार्ग आसपासका विभिन्न स्थानमा आवश्यक पूर्वाधारको व्यवस्था गरी | P106B239 | B239 : हुलाकी राजमार्ग आसपासका साना तथा नयाँ सहरमा सहरी पूर्वाधार निर्माण गरिनेछ। प्रमुख धार्मिक एवं पर्यटकीय स्थल लुम्बिनी र लुम्बिनी कोरिडोरमा रहेका नगरपालिका तथा पोखरा र जनकपुरमा एकीकृत सहरी पूर्वाधार विकास गरिनेछ। एकीकृत सहरी पूर्वाधार विकासका लागि रु. ४ अर्ब १३ करोड विनियोजन गरेको छ। | मध्य पहाडी लोकमार्ग आसपासका विभिन्न ११ नयाँ शहरहरुमा शहरी पूर्वाधार निर्माण कार्यमा खुर्कोट जग्गा एकिकरणको नयाँ चरणको निर्माण कार्य भैरहेको र चौरजहारी जग्गा एकिकरणको पूर्वाधारको निर्माण कार्य सम्पन्न,पाटन नयाँ शहरमा landfill site जाने पहुँच मार्गको निर्माण कार्य सम्पन्न । |

| क्र.स | नीति तथा कार्यग्रम | बजेट | बजेट वक्तब्य | प्रगति |
|---|---|---|---|---|
| | व्यवस्थित सहरीकरणको विकास र विस्तारलाई जोड दिइनेछ। | P106B235 | B235 : सहर तथा बस्तीलाई आर्थिक रूपमा गतिशील, वातावरणीय रूपमा स्वच्छ, सुरक्षित, व्यवस्थित र उत्थानशील बनाउन सहरी पूर्वाधारमा लगानी केन्द्रित गरेको छु। व्यवस्थित शहरी विकासको लागि सघन शहरी कार्यक्रम तथा बस्ती विकास कार्यक्रम सञ्चालन गर्न रु. २७ अर्ब विनियोजन गरेको छु। | देशभरका विभिन्न प्रदेशहरुमा आ.व. ८१/८२ वस्ती विकास कार्यक्रम अन्तर्गत व्यवस्थित वस्तीको लागि करिब ४५५ कि.मि. सडक निर्माण तथा स्तरोन्नति कार्य सम्पन्न भएको । |
| | | | | सघन शहरी विकास कार्यक्रम अन्तर्गत क्रमागत ५१ वटा नगरपालिकामा एकिकृत शहरी पूर्वाधार निर्माण कार्यमा तेकान चार्जिंग सटर गार्डेन, पार्किङ्ग चार्जिङ्ग समेत- चन्द्रपुर न.पा, देवघाट वसपार्क-भरतपुर म.न.पा., आठबीसकोट बसपार्क-आठबीसकोट खोलागाँउ बसर्पाक-चौरजहारी न.पा-सम्पन्न,गैडातार हाटबजार-चन्द्रपुर न.पा,फुलासी पोखरी हाटबजार-मन्थली न.पा, खोलागाउँ हाटबजार- चौरजहारी न.पा-सम्पन्न,30 कि.मि. सडक तथा नाला निर्माण कार्य सम्पन्न। |
| ३ | P107 : भवनसंहितालाई स्थानीय सिप र प्रविधिअनुकूल परिमार्जन गरिनेछ। भवनसंहिता कार्यान्वयनका लागि प्रदेश तथा स्थानीय तहको प्राविधिक दक्षता वृद्धि गरिनेछ। विपद् प्रतिरोधी दिगो सहरी विकास तथा व्यवस्थापन गरी सहरी जीवनस्तरमा सुधार ल्याइनेछ। भूकम्पीय जोखिममा रहेका भवनको प्रबलीकरणका लागि प्रविधि र जनशक्ति विकास गरिनेछ। सरकारी तथा सार्वजनिक भवन र विपन्न | P107B96 | B96 : जाजरकोट र रुकुम पश्चिम लगायतका जिल्लामा भूकम्पबाट क्षतिग्रस्त निजी घरको सर्वेक्षण सम्पन्न गरी पुनर्निर्माणलाई तीव्रता दिइनेछ। सामुदायिक विद्यालय भवन, स्वास्थ्य संस्था, सरकारी तथा सार्वजनिक भवन लगायतका पूर्वाधारको शीघ्र पुनर्निर्माण गरिनेछ। भूकम्पपछिको पुनर्निर्माणका लागि रु. २१ अर्ब ६० करोड विनियोजन गरेको छु। | सिंहदरबारको ग्यालरी बैठक भवनको रेट्रोफिटिङ्ग गर्ने कार्य २५% सम्पन्न भएको । जाजरकोट रुकुम रुकुम पश्चिम र सल्यान जिल्लाका ११ वटा स्वास्थ्य भवनको पुनर्निर्माण कार्य सुरु भइसकेको,धरहरा स्तम्भको कार्य सम्पन्न भइ सर्वसाधारणको लागि खुल्ला गरिसकिएको। पार्किङ्ग संचालनमा आइसके पनि आंशिक कार्य बाँकि रहेको। केन्द्रीय बाल कल्याण नक्शाल काठमाडौंको भवन प्रवलिकरण कार्यको भौतिक प्रगति ७५% रहेको,राष्ट्रपति कार्यालय भवन Restoration तथा Interior कार्य (दक्षिण-पश्चिम भाग) कार्य 65% र घण्टाघरसंग जोडिएको त्रिचन्द्र क्याम्पस प्रवलिकरण कार्य ६०% सम्पन्न भएको । |
| | | P107B000 | | |

| क्र.स | नीति तथा कार्यग्रम | बजेट | बजेट वक्तब्य | प्रगति |
|---|---|---|---|---|
| | समुदायका आवासीय भवनको प्रबलीकरण गरिनेछ। | | | भवन संहिता सम्बन्धी Soil Test Guideline सम्बन्धी निर्देशिका तयार गर्ने कार्य सम्पन्न भएको,Design check Guideline, Guideline for design of RCC structure using NBC 105:2020 स्वीकृत भईसकेको र Green Building Guideline मस्यौदा तयार भई छलफल भइरहेको । |
| ४ | P108 : काठमाडौं उपत्यकाको बृहत्तर गुरुयोजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ। स्थानीय तह र निजीक्षेत्रसँगको सहकार्यमा काठमाडौं पूर्वोत्तर क्षेत्रमा नयाँ नगर निर्माण कार्य अगाडि बढाइनेछ। निर्माणाधीन नयाँ सहरलाई प्राथमिकीकरण गरी छनौट भएका तीन सहरलाई नमूना स्मार्ट सहरको रूपमा विकास गरिनेछ। क्लस्टर सिटीको अवधारणामा लुम्बिनी, पोखरा र जनकपुरमा एकीकृत सहरी पूर्वाधार निर्माण गरिनेछ। | P108B241 | B241 : काठमाडौं उपत्यकाको गोदावरी, तारकेश्वर, ललितपुर, नागार्जुन, चाँगुनारायण, भक्तपुर लगायतका नगरपालिकामा जग्गा विकास गरिनेछ। काठमाडौंको उत्तर पूर्व क्षेत्रमा नयाँ नगर निर्माण कार्य अगाडि बढाउन बजेट व्यवस्था गरेको छु। सुर्खेतको भेरी गंगा उपत्यकालाई पहाडी क्षेत्रको आधुनिक शहर बनाउन गुरुयोजना तर्जुमा गरिनेछ। नख्खु कोरिडर र धोबीखोला कोरिडर निर्माण कार्यलाई निरन्तरता दिइनेछ। डोटीको सिलगढीलाई साँस्कृतिक शहरको रूपमा विकास गरिनेछ। | पुर्बी उत्तरी कुनाको इशान नयाँ नगर आयोजना नयाँ नगरको भौतिक विकास योजना स्वीकृत गराउन मंत्रिपरिसदमा पेश भएको,गोदावरी नगरपालिकामा जग्गा विकास आयोजना संचालन गर्न भौतिक विकास योजना स्वीकृत गराउन मंत्रिपरिसदमा पेश भएको, ललितपुर महानगरपालिकामा जग्गा विकास आयोजना संचालन गर्न,ललितपुर महानगरपालिकामा जग्गा विकास आयोजना संचालन गर्ननगरपलिका संग छलफलक चरणमा रहेको, चाँगुनारायण र भक्तपुर नगरपालिकामा जग्गा विकास आयोजना संचालन गर्न सहरी विकास मन्त्रालयमा पेश भएको,काठमाडौं उपत्यकाभित्र विभिन्न स्थानमा करिब १२ कि.मि. शहरी सडक निर्माण तथा स्तारोंनती कार्य सम्पन्न भएको,'भेरीगंगा उपत्यका नमूना आधुनिक शहरको खरिद सम्झौता कार्य सम्पन्न भई निर्माण कार्य शुरु भईसकेको। |

| क्र.स | नीति तथा कार्यग्रम | बजेट | बजेट वक्तब्य | प्रगति |
|---|---|---|---|---|
| | | P108B242 | B242 : काठमाडौं उपत्यका र अन्य सम्भाव्य स्थानमा सरकारी र निजी क्षेत्रको सहभागितामा जग्गा विकास गरी विपद् प्रतिरोधी र सुपथ मूल्यका ५० हजार आवास एकाइको विकास गरिनेछ। पहिलो चरणमा काठमाडौं उपत्यका विकास प्राधिकरणबाट प्रस्ताव गरिएका नयाँ शहरमा कार्यक्रम सञ्चालन गरिनेछ। दोस्रो चरणमा संभाव्यताका आधारमा काठमाडौं उपत्यका बाहिर आवास एकाइ विकास गरिनेछ। | पुर्बी उत्तरी कुनाको इशान नयाँ नगर नयाँ नगरको कार्य अघि बढाउदै ५०००० आवास एकाइ सम्बन्धी घडेरी विकास कार्यको लागि भौतिक विकास योजना सविकृत नभएको । |
| | | P108B239 | B239 : हुलाकी राजमार्ग आसपासका साना तथा नयाँ सहरमा सहरी पूर्वाधार निर्माण गरिनेछ। प्रमुख धार्मिक एवं पर्यटकीय स्थल लुम्बिनी र लुम्बिनी कोरिडोरमा रहेका नगरपालिका तथा पोखरा र जनकपुरमा एकीकृत सहरी पूर्वाधार विकास गरिनेछ। एकीकृत सहरी पूर्वाधार विकासका लागि रु. ४ अर्ब १३ करोड विनियोजन गरेको छु। | शहरी उत्थानशिलता तथा जीवनयापन सुधार आयोजना अन्तर्गतको विभिन्न ७ वटा नगरपालिकाहरुमा (पोखरा, जनकपुर, देवदह, सिद्धार्थनगर, तिलोत्तमा, सैनामैना र लुम्बिनि साँस्कृतिक) विभिन्न शहरी पूर्वाधार निर्माण गर्न ठेक्का बन्दोबस्त गर्ने कार्य सम्पन्न भएको । |
| ५ | P110 : वागमती नदीमा सुक्खायाममा न्यूनतम बहाव सुनिश्चित गर्न काठमाडौं उपत्यका र वरपरको क्षेत्रमा जल पुनर्भरण केन्द्र निर्माण गरिनेछ। आवश्यक पूर्वाधार र संरचना निर्माण गरी वागमती नदीको पर्यावरणीय सुधार गरिनेछ। फोहोर प्रशोधन तथा व्यवस्थापनमा घटाउने, पुनःप्रशोधन गर्ने तथा पुनःप्रयोग गर्ने | P110B247 | B247 : बागमती नदीमा सुक्खायाममा न्यूनतम बहाव सुनिश्चित गर्न काठमाडौं उपत्यका वरिपरीका क्षेत्रमा जलपुनर्भरण केन्द्र निर्माण र जलाधार संरक्षण गरिनेछ। बागमती नदी प्रणालीको शान, सभ्यताको उत्थान भन्ने सोचका साथ बागमती नदीको सफाइ अभियानलाई निरन्तरता दिइनेछ। बागमती सभ्यता परियोजनाका लागि रु. २ अर्ब ७२ करोड विनियोजन गरेको छु। | वागमती लगायत यसका सहायक नदीहरुमा इन्टरसेप्टर ढल निर्माण कार्य (यस आ.व.मा थप 0.5 कि.मि. सम्पन्न), कोरिडोर सडक कालोपत्रे/अस्फाल्ट कंक्रिट गर्ने कार्य (यस आ.व.मा थप १ कि.मि. सम्पन्न, नदी नियन्त्रण गर्ने कार्य (यस आ.व.मा थप २.५ कि.मि.) सम्पन्न भएको । |

| क.स | नीति तथा कार्यग्रम | बजेट | बजेट वक्तब्य | प्रगति |
|---|---|---|---|---|
| | अवधारणा लागु गर्न प्रोत्साहित गरिनेछ। बञ्चरेडाँडा ल्याण्डफिल्ड साइटको व्यवस्थापनका लागि प्रभावित क्षेत्रका सरोकारवाला समेतको सहभागितामा अधिकारसम्पन्न संयन्त्रको व्यवस्था गरिनेछ। | | | |
| | | P110B000 | | सुदुरपश्चिमका गोदावरी र शुक्लाफाँटा नगरपालिकामा फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण सम्पन्न,धनगढी उप-महानगरपालिकामा फोहोरमैला व्यवस्थापन केन्द्रको भौतिक निर्माण कार्य 65 % भएको,वन्चरेडाडा स्यानिटरी ल्याण्डफिल साईटको व्यवस्थापन कार्य अन्तर्गत प्रभावित क्षेत्रको विकासको लागी १ km सडक कालोपत्रे भएको र ३ km सडक नाला र sub base, टेवा परखाल निर्माण भएको । |
| ]६ | P94 : राष्ट्रिय पूर्वाधार विकासमा अन्तरतह तथा अन्तरनिकाय समन्वय सुनिश्चित गरिनेछ। पूर्वाधार विकासमा रहेको दोहोरोपन हटाई भौगोलिक तथा प्रादेशिक सन्तुलन कायम गरिनेछ। सडक, रेल तथा जलमार्ग समेटी एकीकृत राष्ट्रिय यातायात गुरुयोजना तयार गरिनेछ। ग्रामीण समुदाय, उत्पादनशील कृषि क्षेत्र र सामाजिक आर्थिक केन्द्रलाई सडक सञ्जालले जोडिनेछ। हालसम्म सडक सञ्जालमा नजोडिएका स्थानीय तहको केन्द्रलाई सम्बन्धित प्रदेश | P94B99 | B99 : पक्की सडक सञ्जालबाट नजोडिएका स्थानीय तहको केन्द्रलाई प्रदेश केन्द्र वा राष्ट्रिय राजमार्गसँग जोड्ने गरी प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यक्रमका लागि रु. ७ अर्ब ८ करोड विनियोजन गरेको छ। स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार कार्यक्रमको लागि रु.१ अर्ब १७ करोड विनियोजन गरिएको छ। | आ.व. २०८१/८२ मा कूल जम्मा ५५ वटा प्रशासकिय भवन निर्माण कार्य सम्पन्न भएको। सडक पूर्वाधार विकास कार्यक्रम अन्तर्गत थप 69 कि.मि. सडक सम्पन्न भएको, RCIP अन्तर्गत असार महिनामा आयोजना कार्यान्वयन इकाई पर्वत अन्तर्गतको हुवास लुंखु सडकमा 10 km कालोपत्रे भएको, RCIP-AF बागमती प्रदेशमा ४.१ कि.मि. र कर्णाली प्रदेशमा ९ कि.मि. कालोपत्रे सडक निर्माण भएको । |
| | | P94B100 | B100 : मधेश र कर्णाली प्रदेशको पूर्वाधार विकासका लागि रु. १ अर्ब ५० करोड छुट्टयाएको छ। | आ.व २०८१/८२मा देशभर विभिन्न प्रदेश अन्तर्गत थप २५0.७ कि.मि.सडकको निर्माण सम्पन्न भएको । |

| क्र.स | नीति तथा कार्यग्रम | बजेट | बजेट वक्तब्य | प्रगति |
|---|---|---|---|---|
| | राजधानी वा नजिकको राष्ट्रिय राजमार्गसँग जोडिनेछ। | | ग्रामीणस्तरमा वैकल्पिक सहायक राजमार्ग निर्माणका लगि रु. ८ अर्ब ८ करोड विनियोजन गरेको छ। | |
| ७ | P99 : राष्ट्रिय राजमार्गमा पर्ने प्रमुख नदीमा आधुनिक र विशेष प्रकृतिका पुल निर्माण कार्यलाई निरन्तरता दिइनेछ। निर्माणाधीन स्थानीय सडक पुलको निर्माण सम्पन्न गरी सम्बन्धित निकायलाई हस्तान्तरण गरिनेछ। एक घण्टा हिँडाइको फेरोभित्र तरितराउको सुविधा सुनिश्चित हुनेगरी झोलुङ्गे पुल निर्माण गरिनेछ। | P99B101 | B101 : संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा आधा घण्टा हिँडाइको दूरीभित्र तरितराउको सुविधा पुऱ्याउन झोलुङ्गे पुल निर्माणका लागि रु. ३ अर्ब ४० करोड विनियोजन गरेको छ। स्थानीय सडक पुल निर्माणका लागि रु. ४ अर्ब २७ करोड विनियोजन गरेको छ। | चालु आ.व.मा कूल जम्मा २७८ वटा झोलुङ्गे पुलहरुको निर्माण सम्पन्न भएको। चालु आ.व.मा कूल जम्मा २२ वटा सडक पूलहरुको निर्माण कार्य सम्पन्न भएको। गत आ.व. निर्माण सम्झौता भएका ८ वटा modular सडक पुल निर्माणाधिन अवस्थामा रहेका। |
| ८ | P157 : निर्माणको चरणमा रहेका आधारभूत अस्पतालको निर्माण कार्य शीघ्र सम्पन्न गरिनेछ। खरिद प्रक्रिया सम्पन्न हुने चरणमा रहेका अस्पतालको निर्माण सुरु गरिनेछ। प्रदेशतहमा रहेका सङ्घीय अस्पताल वा स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई क्रमशः ५ सय शय्यामा स्तरोन्नति | P157B178 | B178 : आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न हरेक वडामा एक आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालन गरिनेछ। निर्माण सम्पन्न भएका पाँच, दश र पन्ध्र शैयाका आधारभूत अस्पतालको विधि तय गरी सञ्चालन गरिनेछ। निर्माणाधीन अस्पतालको निर्माण कार्य सम्पन्न गरिनेछ। यसका लागि रु. १५ अर्ब ४१ करोड विनियोजन गरेको छ। | एकीकृत स्वास्थ्य विकास कार्यक्रम र आयूर्वेद सेवा कार्यक्रम अन्तर्गत ६ वटा स्वास्थ्य संस्थाको भवन निर्माण कार्य सम्पन्न,कर्णाली प्रादेशिक सरूवारोग अस्पताल भवनको ३०% निर्माण कार्य सम्पन्न,नवलपरासी पश्चिमको वर्दघाटमा ट्रमा सेन्टर निर्माण कार्य २५% सम्पन्न,राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुमा भवन निर्माण कार्य ६०% सम्पन्न । |

| क्र.स | नीति तथा कार्यग्रम | बजेट | बजेट वक्तब्य | प्रगति |
|---|---|---|---|---|
| | गरिनेछ। मानवअङ्ग प्रत्यारोपण संस्था र सेवाको स्तरोन्नति गरी विस्तार गरिनेछ। | | | |
| ९ | P163 : वैकल्पिक एवम् प्राकृतिक तथा परम्परागत चिकित्सा पद्धतिको अनुसन्धान, विकास र विस्तार गरिनेछ। आधारभूत आयुर्वेद औषधीको उत्पादनमा आत्मनिर्भरता हासिल गरिनेछ। नागरिक आरोग्य कार्यक्रमलाई समुदायस्तरसम्म विस्तार गरिनेछ। | P163B188 | B188 : आयुर्वेद, प्राकृतिक चिकित्सा,योग, होमियोप्याथी, यूनानी, अक्युपङ्चर, सोवारिग्पा लगायतका अन्य वैकल्पिक उपचार पद्धतिको विस्तार गरिनेछ। नागरिक आरोग्य कार्यक्रमलाई समुदायस्तरसम्म विस्तार गरिनेछ। काठमाडौंको बुढानीलकण्ठमा रहेको राष्ट्रिय आयुर्वेद योग तथा पञ्चकर्म केन्द्र भवनको निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ। सिंहदरबार वैद्यखानाको पुर्नसंरचना गरी क्षमता विस्तार गरिनेछ। आधारभूत आयुर्वेद औषधि उत्पादनलाई प्रवर्द्धन गरिनेछ। सरकारी, सामुदायिक र निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवा, औषधि उत्पादन र वितरणको गुणस्तर र मूल्यको नियमन सुदृढ बनाइनेछ। वैकल्पिक उपचार पद्धतिका लागि रु. २४ करोड विनियोजन गरेको छ। | राष्ट्रिय आयूर्वेद पञ्चकर्म, योग सेवा केन्द्र भवन निर्माण ९८% सम्पन्न भएको (बुढानिलकण्ठमा)। १५ शैय्याको आयुर्वेद अस्पताल, जुम्ला भवन निर्माण 40% सम्पन्न । |
| १० | | B236 | B236 : आगामी आर्थिक वर्ष संघीय संसद भवन निर्माण कार्य सम्पन्न गर्न रु. २ अर्ब १२ करोड विनियोजन गरेको छु। | काठमाडौं स्थित सिंहदरवारमा संघीय संसद भवन निर्माण गर्ने कार्य को भौतिक प्रगति ८६.५% रहेको,सिंहदरबार स्थित संघीय संसद भवनको Interior, Conferencing तथा Security System जडान गर्ने कार्यको समग्र भौतिक प्रगति करिब ३०% रहेको छ । |

| क्र.स | नीति तथा कार्यग्रम | बजेट | बजेट वक्तब्य | प्रगति |
|---|---|---|---|---|
| ११ | | B237 | B237 : सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालनबाट आगामी वर्ष ५४ हजार 3 सय 92 हजार घरको फुस, पराल, खरको छानालाई जस्तापाता वा अन्य स्थायी सामग्रीले प्रतिस्थापन गरिनेछ। जनता आवास कार्यक्रम अन्तर्गत गरिब, असहाय तथा सीमान्तकृत समुदाय बसोबास गर्ने अव्यवस्थित तथा झुपडी वस्तीलाई व्यवस्थित वस्तीमा स्तरोन्नति गरिनेछ। यी कार्यक्रमका लागि रु. ८० करोड विनियोजन गरेको छु। | सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालनबाट आ.व ८१/८२मा थप १०२८७ घरको जस्तापाता प्रतिस्थापन भएको छ । |
| १२ | | B240 | B240 : प्रादेशिक राजधानीमा मौलिक सहर विकास गर्न सम्भाव्यता अध्ययनका लागि रकम व्यवस्था गरेको छु। नवलपरासी बर्दघाट सुस्ता पूर्व र रुकुम पूर्व जिल्ला सदरमुकामको प्रशासनिक केन्द्रको पूर्वाधार निर्माणका लागि रु.१ अर्ब २१ करोड विनियोजन गरेको छु। | नवलपुर सदरमुकाममा जिल्ला प्रशासन कार्यालयको भवन निर्माण कार्य 20% सम्पन्न भएको। |

## ५. १६ औं योजनाको लक्ष्य र हालसम्मको प्रगति

१६ औं आवधिक योजनाअनुसार शहरी विकास मन्त्रालयको प्रमुख लक्ष्य देशको तीव्र शहरीकरणलाई योजनाबद्ध, व्यवस्थित, समावेशी र दिगो बनाउनु रहेको छ। सुरक्षित, स्वच्छ, हरित तथा बस्न योग्य शहर विकास गर्दै नागरिकको जीवनस्तर सुधार गर्ने लक्ष्य लिइएको छ। सबै नागरिकका लागि सुलभ, सुरक्षित र किफायती आवासको पहुँच सुनिश्चित गर्न एकीकृत बस्ती विकास, सुकुम्बासी तथा अव्यवस्थित बस्ती व्यवस्थापन र जोखिमयुक्त बस्तीको पुनर्स्थापनालाई प्राथमिकतामा राखिएको छ।

यसैगरी, भवन निर्माण क्षेत्रमा सुरक्षित, गुणस्तरीय र वातावरणमैत्री भवन निर्माण तथा भवन मापदण्डको प्रभावकारी कार्यान्वयन गर्ने लक्ष्य निर्धारण गरिएको छ। स्थानीय तथा ग्रामीण पूर्वाधार विकासमार्फत आर्थिक तथा सामाजिक रुपान्तरणमा योगदान पुऱ्याउने, ग्रामीण—शहरी अन्तरसम्बन्ध सुदृढ गर्ने तथा अनियन्त्रित बसाइँसराइ न्यूनीकरण गर्ने लक्ष्य योजनामा समावेश गरिएको छ । प्राकृतिक विपद्बाट क्षतिग्रस्त भौतिक संरचनाको सुरक्षित, दिगो र बहुप्रकोप प्रतिरोधात्मक पुनर्निर्माणलाई निरन्तरता दिने लक्ष्य पनि १६औं योजनाले लिएको छ।

### हालसम्मको प्रगति

उपरोक्त लक्ष्य हासिल गर्न १६ औं योजनाले सम्बन्धित क्षेत्रको उपेक्षित उपलब्धि सहित परिमाणात्मक लक्ष्य निर्धारण गरेको छ। उक्त परिमाणात्मक लक्ष्य र आ.व. ०८१/८२ को अन्त्यसम्ममा शहरी विकास मन्त्रालय मार्फत् भएका कार्यहरुको प्रगति तपशिल बमोजिम रहेको छ।

| क्र.स | सूचक | एकाइ | आ.वा २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|
| १. | रणनीतिक शहरी सडक निर्माण तथा विस्तार | कि.मि. | ३८०० | ५६०० | |
| २. | व्यवस्थित योजनावद्ध बस्ती विकास | हेक्टर | | १०३०० | |
| ३. | रणनीतिक महत्त्वका बसपार्क निर्माण | वटा | ३ | १४ | |
| ४ | लक्षित वर्ग तथा विपद् विस्थापित आवास निर्माण | सङ्ख्या | | ५०००० | |
| ५ | राष्ट्रिय भवन संहिता कार्यान्वयन भएका नगरपालिका | सङ्ख्या | - | २९३ | |
| ६ | सरकारी कार्यालय भवन प्रवलीकरण तथा नयाँ निर्माण | सङ्ख्या | | ५०० | |
| ७ | स्मार्ट शहर निर्माण | सङ्ख्या | - | १३ | |
| ८ | एकीकृत फोहोरमैला केन्द्र तथा ल्याण्डफिल साइट निर्माण | सङ्ख्या | | १७ | |

| क.स | सूचक | एकाइ | आ.वा २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|
| ९ | वैकल्पिक सहायक राजमार्ग तथा रणनीतिक सडक कालोपत्रे | कि.मि. | ५०९३ | ६२०० | |
| १० | सडकको आवधिक मर्मत सम्भार | कि.मि. | | ६७०० | |
| ११ | बाह्रै महिना सञ्चालन योग्य प्रादेशिक तथा स्थानीय सडक | कि.मि. | | ४०६०० | |
| १२ | झोलुङ्गे पुल निर्माण | सङ्ख्या | ११३०९ | १४००० | |
| १३ | सडक पुल निर्माण | सङ्ख्या | ७२२ | १२०० | |
| १४ | सडक पुगेको गा.पा./नगरपालिका केन्द्र | सङ्ख्या | ७४१ | ७५३ | |
| १५ | पक्की सडक पुगेको गा.पा./नगरपालिका केन्द्र | सङ्ख्या | ५३२ | ७५३ | |

## ६. दिगो विकासको लक्ष्य र हालसम्मको प्रगति

शहरी विकास मन्त्रालयसंग सम्बन्धित रहेको दिगो विकासको लक्ष्य नं ११ ले दिगो शहर र समुदायको परिकल्पना गरेको छ।

**SDG 11- "Make cities and human settlements inclusive, safe, resilient and sustainable."**

The targets under this goal include achieving by 2030 the following:-

- Access for all to adequate, safe and affordable housing and basic services and upgrade slums,
- Access to safe, affordable, accessible and sustainable transport systems for all, improving road safety, notably by expanding public transport,
- Inclusive and sustainable Urbanization,
- Safeguarding the world's cultural and natural heritage,
- Significantly reducing the economic losses to GDP caused by disasters, including water-related disasters, with a focus on protecting the poor and people in vulnereable situations,
- Provide universal access to safe, inclusive, and accessible, green and public spaces, in particular for women and children, older persons and persons with disabilities.

| क्र. सं: | SDG Target number | Target and Indicator | हाल सम्मको उपलब्धि |
|---|---|---|---|
| १. | Target ११.१ (By 2030, ensure access for all to adequate, safe and affordable housing and | Households living in safe houses (60% by 2030 A.D.) | • सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत २ लाख १४ हजार २३० घर परिवारलाई जस्तापाताले प्रतिस्थापन गरिने लक्ष्य लिईएकोमा जम्मा आ.व.(२०८१/८२) सम्ममा १ लाख ५० हजार १२० लाभग्राहीसंग सम्झौता भएको, १ लाख २७ हजार ४९५ |

| क्र. सं: | SDG Target number | Target and Indicator | हाल सम्मको उपलब्धि |
|---|---|---|---|
| | basic services and upgrade slums) | | लाभग्राहीलाई पहिलो किस्ता वितरण र ९२ हजार ९ सय ८८ लाभग्राहीको निर्माण कार्य सम्पन्न।<br>• समग्रमा ३६ वटा इमर्जेन्जी सेल्टर मध्येहाल सम्म १२ -वटा (बाँके जिल्ला डुडुवा गाँउपालिका वडा नं. १, बाँके जिल्ला नरैनापुर गाँउपालिका वडा नं. ६, महोत्तरी जिल्ला लोहरपट्टी नगरपालिका ५, महोत्तरी जिल्ला मनरासिस्वा नगरपालिका वडा नं १, महोत्तरी जिल्ला जलेश्वर न.पा.,सप्तरी जिल्ला तिलाठी कोइलाडी गाँउपालिका वडा नं. ३, चितवन जिल्ला भरतपुर महानगरपालीका वडा नं. २८,मोरङ-लेटाङ, धनकुटा-छथर जोरपाटी गा.पा, धनकुटा-धनकुटा न.पा, जनकपुर उपमहानगरपालिका वडा नं.८ र भोजपुर-षडानन्द न.पा) इमर्जेन्जी सेल्टरको निर्माण कार्य सम्पन्न तथा २२ वटा निर्माणाधीन रहेको। घोराही न.पा. वडा नं. ९ मकुन्डांडा अस्पटी चौरमा इमेरजेन्सी सेल्टर निर्माण (दोश्रो चरण समेत)को जग्गा उपलब्ध हुन नसकेको कारण कार्य सुरु नभएको र सिरहा जिल्ला औरही गाँउपालिकामा विवादको कारण निर्माण कार्य स्थगित भएको।<br>• राष्ट्रिय दलित आयोगको सूचीमा सुचिकृत दलित, विपन्न मुसलमान तथा लोपोन्मुख र अति सिमान्तकृत जाती तथा समुदायमका विपन्न वर्गहरुलाई आवासको व्यवस्था गर्ने गरी ४७ हजार ६ सय २० वटा जनता आवास एकाईको निर्माण सम्पन्न भएको र ८ हजार ३ सय ५० वटा जनता आवास एकाईको निर्माणाधीन/निर्माण सम्पन्न हुन बाँकी रहेको। आ.व. २०७५/७६ देखि प्रदेश तहबाट जनता आवास एकाई निर्माण सम्पन्न गर्ने गरी हस्तान्तरण भएको।<br>• आवास भवन निर्माण कार्य सम्पन्न। कार्यक्रम फरफारक भईसकेको।<br>• मुगुको छाँयानाथमा नगरपालिकाको कासिघर नउला र परेपानीगाउँमा ३४ वटा आवास इकाई आ.व. २०७९/८० मा निर्माण सम्पन्न भएको। डडेलधुराको परशुराम नगरपालिकाको रातिमाटीमा ३२ वटा आवास इकाई सम्झौता भएकोमा २१ वटा आवास इकाई निर्माण कार्य सम्पन्न। |

| क्र. सं: | SDG Target number | Target and Indicator | हाल सम्मको उपलब्धि |
|---|---|---|---|
| २. | Target ११.३.२.१(planned new cities) | 60 numbers by 2030 A.D. | • समग्रमा ५४ (१२ वटा मध्येपहाडी लोकमार्ग, १५ वटा हुलाकी लोकमार्ग र तराई मधेशका १७ वटा स्मार्ट शहर, १० वटा Trans-Himalayan(हिमाली शहर) -नयां शहर पहिचान भई सम्बन्धित नयाँ शहरहरुमा विभिन्न अध्ययन, DPR तयारी तथा पूर्वाधार निर्माण भईरहेकोमा आ.व ८१/८२ सम्ममा मुख्यगरि ३८१.३१ कि.मि सडक ट्रयाक खोल्ने/स्तरोन्नति, २१८.८७ कि.मि सडक ग्रावेल, ५४.९७ कि.मि सडक ढलान/अन्य पेभमेन्ट, ३४.१३ कि.मि सडक कालोपत्रे तथा १८१.२१ कि.मि शहरी ढल/नाला निर्माण भएको छ भने,७ वटा स्थानमा जग्गा विकास आयोजना को कार्य भएको, ५ वटा एकीकृत फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण, १४ वटा हाटबजार, ११ वटा बसपार्क निर्माण, २१ वटा सार्वजनिक पार्क निर्माण, १६ वटा सरकारी भवन निर्माण तथा २९ वटा सार्वजनिक/सामुदायिक/सभाहल निर्माण भएका छन्। |
| ३. | Target ११.४.१.१(protection of natural and cultural heritages) | | • भारतीय अनुदानमा पुननिर्माण तथा संरक्षण कार्य अन्तर्गत २८ वटा पुरातत्विक सम्पदामध्ये २६ वटा आयोजनाहरुको पुननिर्माण तथा संरक्षणको कार्यको लागि ठेक्का सम्झौता भई १७ वटा निर्माण सम्पन्न भईसकेको र बाँकी ९ वटाको निर्माण कार्य भईरहेको । स्थानीय पूर्वाधार विभाग अन्तर्गत पुर्ननिर्माण हुन बाँकी गुम्बाहरुमध्ये ७७ वटा गुम्बाको निर्माण सम्पन्न भएको ।<br>• वाग्मती नदीको थापाथली देखि टेकु दोभानसम्म रहेका र २०७२ को भूकम्पबाट क्षति भएका २८ वटा पुरातात्विक ऐतिहासिक सम्पदाहरुको पुनःनिर्माण कार्य वाग्मती सुधार आयोजना मार्फत सम्पन्न भएको । |
| ४. | Target ११.६.१(proportion of urban solid waste collected and discharge related) | | • Non P7 (विराटनगर, वीरगंज, सिद्धार्थनगर, नेपालगंज) नगरपालिकाहरु मध्ये विरगंज तथा नेपालगंज मा फोहोर मैला व्यवस्थापन गर्न एकीकृत फोहर मैला व्यवस्थापन केन्द्र निर्माण भई संचालनमा समेत आइसकेको छ भने विराटनगरमा तयारीको चरणमा रहेको ।<br>• P7 (सुदुरपश्चिम प्रदेशका धनगढी, गोदावरी, शुक्लाफाँटा र भीमदत्त) नगरपालिकाका फोहोर मैला व्यवस्थापन गर्न गोदावरी, शुक्लाफाँटा नगरपालिकामा एकीकृत फोहरमैला व्यवस्थापन केन्द्र निर्माण सम्पन्न भएको तथा धनगढी नगरपालिकामा ८० प्रतिशत निर्माण कार्य सम्पन्न भएको । |

| क्र. सं: | SDG Target number | Target and Indicator | हाल सम्मको उपलब्धि |
|---|---|---|---|
| | | | • बन्चरेडाँडा स्यानिटरी ल्याण्डफिल साइट निर्माण कार्य अन्तर्गत हाल बाँधको क्षमता बढाउन सो को उचाई थप्ने कार्यको लागि खरिद प्रक्रिया सम्पन्न भै निर्माण व्यवसायी छनौट तथा निर्माण कार्य सुरु भएको। |
| ६. | Target ११.a (economic, socio & environmental link between urban, peri-urban and rural areas related) | | • क्षेत्रीय शहरी विकासको अवधारणाअनुसार शहरी आर्थिक कोरिडोरहरुमा शहर विस्तारका लागि अध्ययन गरी शहरी पूर्वाधार विकास गर्ने कार्य अन्तर्गत मध्य पश्चिमी (नेपालगंज-कोहलपुर-सुर्खेत)कोरिडोर को एकीकृत विकास रणनीति अध्ययन कार्य सम्पन्न भएको, केन्द्रीय शहरी (जनकपुर-वर्दिवास) कोरीडोर को अध्ययन कार्यको ड्राफ्ट रिपोर्ट प्राप्त भएको छ भने सुदुर पश्चिमी (धनगढी-अत्तरीया-भीमदत्त) कोरिडोरको अध्ययन कार्य सम्पन्न भई प्राथमिकतामा परेका आयोजना अन्तर्गत "Landpooling in Krishnapur Municipality" को DPR को लागि RFP को चरणमा रहेको।<br>• भारतीय सिमानासँग जोडिएका तराई मधेशका जिल्ला सदरमुकाम रहेका सहित २० वटा नगरपालिकाहरु (भद्रपुर, विराटनगर, इनरुवा, राजविराज, सिराहा, जनकपुर, जलेश्वर, मलंगवा, गौर, कलैया, विरगंज, रामग्राम, etc) र अन्य नगरपालिकाहरु सघन रुपमा शहरी विकासका लागि सडक, नाला, वसपार्क लगायतका शहरी पूर्वाधार विकास गर्न विभिन्न योजनाहरु सञ्चालन भएकोमा आ.व. ८१/८२ सम्ममा ८ वटा बसपार्क, २ वटा पार्क, ३ वटा हाटबजार तथा १ बहूद्धेश्य भवन तथा पोखरी संरक्षण सहित ८०० कि.मि कालोपत्रे सडक, ३० कि.मि ढलान सडक, ४५ कि.मि ग्राभेल सडक तथा ५५० कि.मि नाला निर्माण भएको छ।<br>• ५१ वटा नगरपालिकाहरूमा सडक नाला, बसपार्क, सार्वजनिक पार्क र बजार केन्द्र निर्माण कार्यको एकीकृत शहरी पुर्वाधार विकास कार्यक्रम अन्तर्गत आ.व. ८१/८२ सम्ममा १७५ कि.मि कालोपत्रे सडक, ४७ कि.मि ढलान सडक, २६६ कि.मि नाला, १३ वटा बसपार्क, १८ वटा पार्क, ८ वटा प्रशासकीय भवन, १२ वटा बहुउद्देश्यीय भवन तथा ११ वटा हाटबजार को निर्माण भएको छ।<br>• ४ वटा नगरपालिकाको (ललितपुर, विराटनगर, चितवन र पोखरा) युटिलिटी कोरिडोर निर्माण सम्बन्धी अध्ययन कार्य सम्पन्न भएको छ।<br>• १८५ वटा नगरपालिकाहरुको एकीकृत शहरी विकास योजना स्वीकृत भएको । |

## ७. अनुगमन तथा मुल्यांकन

शहरी विकास मन्त्रालय र शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतका कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या र न्यून प्रगति हुनुका कारणहरु पहिचान गरी समस्या समाधान गर्न र चालु आ.व.मा अधिकतम प्रगति हासिल गर्न स्थलगत रुपमै मन्त्रलायस्तरीय अनुगमन निरीक्षण गर्नेगरी अनुगमन टोली गठन भएको र गठित अनुगमन टोलीबाट पेश प्रतिवेदन बमोजिमको सुझावहरु कार्यान्वयन गर्न/गराउन सम्बन्धित शाखा, इकाई, आयोजना कार्यालय तथा कार्यान्वयन इकाईहरुलाई निर्देशन समेत भएको।

## ८. बेरुजु र बेरुजु फस्यौंट सम्बन्धी प्रगति

महालेखा परीक्षकको कार्यालयको ६२ औं प्रतिवेदनले यस मन्त्रालयसँग सम्बन्धित मुख्यतया निम्न बिषयहरुमा बेरुजु औंल्याएको छ।

- **आवधिक योजना कार्यान्वयन -** पन्ध्रौ योजनामा यस मन्त्रालयबाट ३ बृहत् शहरी क्षेत्र विकास (मेगासिटी) र ५ हिमाली शहर विकास गर्ने लक्ष्य तोकिएकोमा सोसम्बन्धी कार्य नभएको, २९३ नगरपालिकाको एकीकृत शहरी विकास योजना तयार गर्ने लक्ष्य रहेकोमा १८५ योजना तयार भएको, तराईका सदरमुकाम रहेकासमेत ७० नगरपालिकाको आधारभुत शहरी पूर्वाधार विकास गर्ने लक्ष्य रहेकोमा २० को योजना अन्तिम अवस्थामा रहेको, काठमाडौं उपत्यकाको बाहिरी चक्रपथको लागि जग्गा विकासको माध्यमबाट जग्गा प्राप्ति गर्ने उल्लेख भएकोमा सो कार्य हुन नसकेको, ७५ मध्ये ३० बसपार्क निर्माण भएको, ३५ सभाहल तथा सम्मेलन केन्द्र निर्माणमध्ये १४ सम्पन्न भएको, शहरी गरिबको लागि ५ हजार आवासीय एकाइ निर्माण गर्ने कार्य प्रारम्भ नभएको, ११० एकीकृत बस्ती विकास गर्नुपर्नेमा ६९ भएको, ७ हजार ७५६ किलोमिटर ग्रामीण सडक कालोपत्रे गर्नुपर्ने लक्ष्य रहेकोमा ४ हजार ९०३ किलोमिटर कालोपत्रे भएको र ७६६ स्थानीय सडक पुल निर्माण गर्नुपर्नेमा ७१३ निर्माण भएको छ।
- **दिगो विकास लक्ष्य -** मन्त्रालय अन्तर्गत दिगो विकासका ३० परिमाणात्मक लक्ष्यमध्ये ६ लक्ष्यको मात्र उपलब्धि सूचक प्राप्त भएको छ। प्रगति विवरण अनुसार सुरक्षित नागरिक आवासतर्फ २ लाख घर जस्तापाताले प्रतिस्थापन गर्ने लक्ष्य रहेकोमा ५२ हजार ९३८ निर्माण सम्पन्न भएको, ९ इमर्जेन्सी सेल्टरमध्ये ६ निर्माण सम्पन्न भएको ५५ हजार ९७० जनता आवास एकाइमध्ये ३६ हजार ३२५ एकाइको निर्माण सम्पन्न भएको, व्यवस्थित शहरको संख्या ६० पुऱ्याउने लक्ष्य रहेकोमा घोषणा भएका ५२ शहरको भौतिक प्रगती २.५० प्रतिशत मात्र रहेको, ८ नगरपालिकामा एकीकृत फोहरमैला व्यवस्थापन केन्द्र निर्माण गर्नुपर्नेमा ४ सम्पन्न भएको, ४ नगरपालिकामा युटिलिटी कोरिडोर निर्माण गर्नुपर्नेमा ३ वटामा अध्ययन कार्य सुरु भएको छ। दिगो विकास लक्ष्यलाई नीति तथा कार्यक्रममा आन्तरिकीकरण गरी सम्पादित कार्यको अनुगमन तथा मूल्यांकन गर्नुपर्दछ।
- **वार्षिक निती र कार्यक्रम -** मन्त्रालयसँग सम्बन्धित २०८०/८१ को नीति तथा कार्यक्रममा समावेश भएकामध्ये संयुक्त आवाससम्बन्धी विद्यमान नीति र कानुनको पुनरावलोकन गर्ने, युटिलिटी कोरिडोर समावेश गरी भौतिक पूर्वाधार विकासको एकीकृत रणनीति तयार गर्ने, काठमाडौं उपत्यका लगायतका नदी किनारमा रहेका वास्तविक विपन्न र भूमिहीनलाई उपयुक्त स्थानमा स्थानान्तरण गरी नदी किनारमा अतिक्रमित भूमि खाली गराउने र काठमाडौं उपत्यकाभित्रका नगरपालिकाहरुको सहभागितामा एकीकृत संयन्त्र निर्माण गरी शहरी विकास सम्बन्धी कार्यक्रमहरु एकीकृत र समन्वयात्मक रुपमा सञ्चालन गर्ने कार्य कार्यान्वयन भएको छैनन्। नीति तथा कार्यक्रमलाई वार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ।

- **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य, २०८०/८1 मा उल्लेख भएका यस मन्त्रालयसँग सम्बन्धित विषयमध्ये सङ्घीय संसद भवनको निर्माण कार्यको भौतिक प्रगति ८१ प्रतिशत रहेको, निर्माण सम्पन्न हुनुपर्ने ९ सभाहलमध्ये ३ सम्पन्न भएको, सिंहदरबार मुख्य प्रवेशद्वार प्रबलीकरण कार्य, धरहरा पुननिर्माण कार्य, राष्ट्रपति कार्यालयको प्रबलीकरण कार्य सम्पन्न गर्ने उल्लेख भएकोमा क्रमशः ५५, ९६ र ६७ प्रतिशत प्रगति भएको, झोलुङ्गे पुल ६०० मध्ये ५८९ निर्माण भएको, कर्णाली समृद्धि कार्यक्रममा रु.८७ करोड बजेट विनियोजन भएकोमा ८ किलोमिटर कालोपत्रे तथा ढलान सडक निर्माण सम्पन्न भएको र ५ भवन निर्माण कार्य भइरहेको अवस्था छ। सो बाहेक राष्ट्रिय भवन संहिताको १०५:२०२० कोडको डिजाइन र रेट्रोफिटिङ्गको गाइडलाइन्स तयार नभएको, नगर विकास कोषलाई सङ्घीय संरचना अनुरुप बनाउने कानुन तर्जुमा नगरेको, ग्रामीण बस्तीलाई साना बजार केन्द्रको रुपमा विकास गर्ने कार्यक्रम कार्यान्वयन नभएको अवस्था छ। बजेट वक्तव्यमा उल्लेख भएको कार्यक्रम कार्यान्वयन गरी लक्ष्य हासिल गर्नुपर्दछ।
- **बजेट तथा खर्चः** मन्त्रालयको एकीकृत वित्तीय विवरणअनुसार मन्त्रालय र मातहतका कार्यलयका लागि यो वर्ष बजेटको शीर्षकगत विनियोजनको तुलनामा चालुतर्फ ५५ र पुँजीगततर्फ ६६ प्रतिशत मात्र खर्च भएकोले बजेटको प्रभावकारी कार्यान्वयन भएको देखिएन। विनियोजन बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।
- **वार्षिक कार्यक्रम र प्रगति -** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ मा बजेट तथा कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन सम्बन्धी व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ मा प्रगति समीक्षा गर्नुपर्ने व्यवस्था छ। यो वर्ष मन्त्रालय र मातहत निकायको वार्षिक कार्यक्रमको प्रगति अनुसार मन्त्रालय र अन्तर्गतका कार्यालयहरूमा रू.४६ अर्ब ४६ करोड २९ लाख बजेट विनियोजन भएकोमा रु.३० अर्ब ९ करोड २२ लाख ७४ हजार (६५ प्रतिशत) खर्च भई भौतिक प्रगति ७५ प्रतिशत भएको विवरण पेश गरेको छ। विनियोजित बजेटमध्ये रु.१६ अर्व ३६ करोड ५५ लाख (३५ प्रतिशत) फ्रिज भएको छ। बजेट विनियोजन, खर्च र उपलब्धिका आधारमा कार्यक्रम मूल्याङ्कन गरी वार्षिक कार्यक्रम सञ्चालन गर्नुपर्दछ।
- **रुपान्तरणकारी योजना कार्यान्वयन -** पन्ध्रौं योजनाले लिएका दीर्घकालीन सोच एवं राष्ट्रिय लक्ष्य हासिल गर्न बृहत् प्रभाव पार्ने र विशिष्ट प्रकृतिका आयोजनालाई रुपान्तरणकारी योजनाको रुपमा लिएको देखिन्छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार मन्त्रालयअन्तर्गत रहेका रुपान्तरणकारी योजनाको प्रगति विवरण अनुसार शहरी कोरिडोर आयोजना सम्पन्न हुने ९ वर्षको अवधिमा ६ वर्ष समायावधि व्यतीत भइसक्दा ०.३७ प्रतिशित मात्र खर्च भई ५ प्रतिशत भौतिक प्रगति भएको छ। नयाँ शहर आयोजनाको सम्पन्न गर्नुपर्ने अवधि २२ वर्षमध्ये १५ वर्ष व्यतीत हुँदा ०.७ प्रतिशत मात्र खर्च भई २.५० प्रतिशत भौतिक प्रगति भएको छ। विश्व बैंकसँग प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम २०७९/८० बाट सञ्चालन गर्ने सहमती भएपश्चात् २९ फेब्रुअरी २०२४ मा सम्झौता भई यो वर्ष रु.१ लाख ७० हजारमात्र खर्च भएको छ। ढिलो गतिमा कार्यान्वयन भइरहेका शहरी कोरिडोर र नयाँ शहर आयोजनाको निर्माण कार्य तोकिएको समयमा सम्पन्न्न हुनुपर्दछ।
- **पहिलो प्राधमिकता प्राप्त आयोजना -** मन्त्रालय मातहतका पहिलो प्राथमिकता प्राप्त २७ आयोजनामध्ये ८ आयोजनाको भौतिक प्रगति ५० प्रतिशतभन्दा कम, १४ आयोजनाको ८० प्रतिशतभन्दा कम र ५ आयोजनाको ८० प्रतिशतभन्दा बढी रहेको छ। विनियोजित रकम खर्च गर्न नसक्दा आगामी वर्षको दायित्व बढ्ने एवं अपेक्षित लाभ प्राप्त गर्न ढिलाई हुने भएकाले मन्त्रालयले विभाग तथा मातहतका कार्यालयको बजेट कार्यान्वयन गर्ने दक्षता बढाउनुपर्दछ।

- **रकमान्तर -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३०(१) मा विनियोजन ऐनले फ्रिज नहुने उल्लेख गरे बाहेकका शीर्षकहरुमा आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन अगावै खाता बन्द गर्नुपर्ने उल्लेख छ। मन्त्रालय र मातहत कार्यालयका लागि यो वर्ष सुरु विनियोजन रु.४६ अर्ब ४९ करोड २० लाख भएकोमा रकमान्तरबाट रु.१० अर्ब ५३ करोड ६० लाख थप र रु.१० अर्ब ५६ करोड ५१ लाख घट भई रु.४६ अर्ब ४६ करोड २९ लाख कायम भएकोमा रु.३० अर्ब ९ करोड ७४ लाख (६५ प्रतिशत) खर्च भएको छ। असार महिनामा मात्र रु.१ अर्ब ४७ करोड २ लाख बजेट रकमान्तर गरेकोमा खाता बन्द हुने समयपश्चात् पटक पटक १४ कार्यालयको लागि रु.५१ करोड ९६ लाख रकमान्तर भएको छ । स्वीकृत भएको कार्यक्रम तथा बजेट पटक-पटक संशोधन तथा रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।
- **कानुन तर्जुमा -** शासकीय संरचना अनुकुल हुने गरी राज्यको क्षमताअनुसार सहकार्य र समन्वयमा आधारित रही विकासका पूर्वाधारलाई व्यवस्थित, आधुनिक र दिगो बनाउनको लागि शहरी विकास सम्बन्धी अद्यावधिक कानुनको आवश्यकता पर्दछ। मन्त्रालयले शहरी विकास, बागमती सभ्यता संरक्षण तथा विकासलगायतका कानुन तर्जुमाको चरणमा रहेको उल्लेख गरेको छ। कार्यान्वयनमा रहेका नगर विकास कोष ऐन, २०५३, संयुक्त आवासको स्वामित्वस्बन्धी ऐन, २०५४, काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५, फोहरमैला व्यवस्थापन ऐन, २०६८ लगायत कानुन रहेको देखिन्छ।
- **बैदेशिक सहायता -** दातृ निकाय एशियाली विकास बैंकको ऋण सहयोग मा सञ्चालित क्षेत्रीय शहरी विकास आयोजना, शहरी उत्थानशीलता तथा जीवन सुधार आयोजना , शहरी शासकीय तथा पुर्वाधार आयोजना, बागमती सुधार आयोजना र ग्रामिण सडक सञ्जाल सुधार आयोजनामा रु. १ खर्ब ११ अर्ब ७१ करोड ९ लाख खर्च गर्ने सम्झौता भएकोमा यस बर्षसम्म रु.४३ अर्ब २१ करोड १५ लाख खर्च भएको छ। उल्लिखित आयोजनाहरुको अवधि ११ देखि ९३ प्रतिशतभन्दा बढी व्यतित हुँदा खर्च ०.०२ देखि ८१ प्रतिशतसम्म रहेको छ। व्यतित अवधिको अनुपातमा प्रगति कमजोर रहेको छ। ऋण सहायताको उपयोगमा दक्षता अभिबृध्दि गरी अपेक्षित उपलब्धि हासील गर्नुपर्दछ।
- **परामर्श सेवा -** सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सार्वजनिक निकायले कार्यालयमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्ने सकिने उल्लेख छ। क्षेत्रीय शहरी विकास आयोजना, शहरी शासकीय तथा पूर्वाधार आयोजना, वागमती सुधार आयोजना र ग्रामीण सडक सञ्जाल आयोजनामा यस वर्षसम्म रु.४२ अर्व ५१ करोड ७४ लाख खर्च भएको मध्ये परामर्श सेवामा रु.३ अर्व ३० करोड ८० लाख (७.७८ प्रतिशत) खर्च भएको देखिन्छ। उल्लेखित आयोजनामा परामर्श सेवामा कुल खर्चको ३.१५ देखि ११.४९ प्रतिशत सम्म खर्च भएको देखिन्छ। आयोजना कार्यान्वयन, अनुगमन र मुल्याङ्कन, खरिद, लेखापालन लगायतका आयोजनाको जनशक्तिले गर्न सक्ने कामको लागि परामर्श सेवा खरिद नगरी नेपाल सरकारकै जनशक्तिबाट कार्य गराई यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। परामर्शदाताबाट प्राप्त प्रतिवेदनको अभिलेख राखी कार्यान्वयन गर्नुपर्दछ।
- **नयाँ शहर आयोजना -** पन्ध्रौं आवधिक योजनाले नयाँ शहर आयोजनालाई रुपान्तरणकारी आयोजना घोषणा गरेकोमा मध्यपहाडी (पुष्पलाल) लोकमार्ग र उत्तर-दक्षिण करिडोर मार्गको मिलन विन्दु आसपासमा पर्ने प्रमुख १० स्थानमा २०८६/८७ सम्म प्रत्येक शहरमा कम्तीमा १ लाख जनसंख्या बसोबास गर्न सक्ने अत्याधुनिक सेवा सुविधा र पूर्वाधारयुक्त शहरहरू निर्माण र विकास गर्ने उद्देश्यले २०६७/६८ देखि नयाँ शहर आयोजनाको कार्य शुरु भएको छ। पाँचथरको फिदिम, तेह्रथुमको वसन्तपुर, धादिङ्गको गल्छी सहित सुरुमा १० स्थानमा नयाँ शहर स्थापना गर्ने गरी आयोजना सञ्चालन भएकोमा नयाँ शहर आयोजना समन्वय कार्यालयबाट प्राप्त विवरण

अनुसार मध्यपहाडी लोकमार्गमा अवस्थित १० नयाँ शहरको एकीकृत विकास योजना रु.५ खर्ब १२ अर्ब १२ करोड, हुलाकी लोकमार्गमा अवस्थित १० र तराई मधेशमा अवस्थित ५ समेत १५ नयाँ शहरको एकीकृत विकास योजनामा रु.३ खर्ब १० अर्ब ४९ करोड, १७ मध्ये १३ स्मार्ट सिटीको गुरुयोजना अनुरुप रु.३ खर्ब ५५ अर्ब र १६ हिमाली पदमार्गमा अवस्थित वस्तीहरूमध्ये १० वस्तीको स्वरुप संरक्षण तथा प्रवर्धन योजना अनुसार रु.१ अर्ब ७ करोड समेत ५२ नयाँ शहर र वस्तीका लागि रु.११ खर्ब ७८ अर्ब ६८ करोड खर्च लाग्ने अनुमान गरिएको छ। आयोजना अन्तर्गत हालसम्म १० स्थानमा ४ हजार ७७७ रोपनी जग्गाको मात्र जग्गा विकास कार्यक्रम, १८९ रोपनी क्षेत्रफल जग्गा खरिद, ५८९ किलोमिटर सडक स्तरोन्नति, ३४ किलोमिटर सडक कालोपत्रे, ५१ किलोमिटर सडक ढलान भएको छ। उल्लेखित कार्यमा नयाँ शहर आयोजना कार्यालय फिदिम, वसन्तपुर, खुर्कोट लगायत १० कार्यालयबाट यस वर्षसम्म रु.८ अर्ब २९ करोड ९० लाख खर्च भएको छ। सुरु घोषित नयाँ शहर आयोजनाको कार्य अधुरो रहन गई अपेक्षित प्रतिफल समेत हासिल नहुने अवस्था छ। न्यून प्रगतिको सम्बन्धमा विश्लेषण गरी निर्धारित समयमा सम्पन्न हुने गरी आयोजना कार्यान्वयन गर्दुपर्दछ।

- **शहरी कोरिडोर आयोजना -** पन्ध्रौं आवधिक योजनामा क्षेत्रीय आर्थिक शहरी विकासको अवधारणा अनुरुप कोरिडोरका प्रमुख शहरहरूबाट एक घण्टाभित्रको यातायातका दुरीमा रहेका भौगोलिक क्षेत्र भित्रका शहरी केन्द्रहरू समावेश गरी सात प्रदेशमा व्यवस्थित र आधुनिक पूर्वाधारयुक्त ठूला शहरी कोरिडोर निर्माण गर्ने उल्लेख छ। मन्त्रालयबाट प्राप्त विवरण अनुसार मध्य-पश्चिम र सुदूरपश्चिम शहरी कोरिडोरको एकीकृत विकास रणनीति अध्ययनको क्रममा रहेको, पश्चिम (बुटवल-भैरहवा-लुम्बिनी-कपिलवस्तु) कोरिडोरको विस्तृत परियोजना प्रतिवेदन तयार भई कार्यान्वयन चरणमा रहेको र पूर्वी तथा वीरगंज-जीतपुर-सिमरा कोरिडोर तर्फ विस्तृत परियोजना तयारी क्रममा रहेको छ। आयोजनाको २०७५/७६ को लागत रु.६ अर्ब ७८ करोड ३ लाख र सम्पन्न हुने अवधि २०८४/८५ प्रक्षेपण गरिएकोमा यस वर्षसम्म रु.२ करोड ५१ लाख २४ हजार (०.३७ प्रतिशत) खर्च भई भौतिक प्रगति ५ प्रतिशत रहेको देखिन्छ।
- **मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ अनुसार खरिद सम्झौतामा व्यवस्था भए बमोजिम सम्झौता कार्यान्वयनका क्रममा मूल्य समायोजन भुक्तानी गर्ने व्यवस्था छ। मूल्य समायोजन भुक्तानी गर्दा सम्झौता भन्दा फरक सूचकाङ्क र फ्याक्टरबाट मूल्य समायोजन गणना गरी शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत केन्द्रिय आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास), बबरमहल, सघन शहरी तथा भवन निर्माण आयोजना, डोटी, क्षेत्रीय आयोजना कार्यान्वयन इकाई, कैलाली समेत १४ कार्यालयले २१ निर्माण व्यवसायीलाई रु.४ करोड ४९ लाख १६ हजार र स्थानीय पूर्वाधार विभाग र अन्तर्गत स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय धनगढी र सुर्खेतले ७ निर्माण व्यवसायीलाई रु.२८ लाख ८८ हजार समेत रु. ४ करोड ७८ लाख ४ हजार बढी भुक्तानी गरेका छन्। उक्त रकम असूल हुनुपर्दछ।
- **विस्तृत परियोजना प्रतिवेदन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ। विभागले हालसम्म तयार भएका विस्तृत परियोजना प्रतिवेदनको संख्या नखुलाएको साथै सोको कार्यान्वयन अवस्था सम्बन्धी अद्यावधिक अभिलेख राखेको छैन। मन्त्रालय र मातहतका ३४ कार्यालयले १७३ विस्तृत परियोजना प्रतिवेदन तयारीमा रु.४१ करोड ८३ लाख ४७ हजार खर्च गरेका छन्। विभागीय जनशक्तिबाट गर्न सकिने कार्यमा समेत परामर्श सेवा खरिद गरेको देखिन्छ। अत्यावश्यक कार्यमा मात्र परामर्श सेवा लिई नियमित कार्यको।
- **अधुरो निर्माण कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(३) (ख) मा सेवा प्रदायक वा निर्माण व्यवसायीले काम नगरेको कारणबाट सार्वजनिक निकायले काम गराउनु पर्दा लागेको थप लागतको दायित्व निज

व्यवसायीले बेहोर्नुपर्ने व्यवस्था छ। सस्पेन्सन वृज डिभिजन ललितपुरले उपलब्ध गराएको विवरण अनुसार रु ७ करोड ७४ लाख ६३ हजार सम्झौता रकमका १३ झोलुङ्गे पुल निर्माण कार्य अधुरो रहेको उल्लेख छ।

- **अधुरो निर्माण कार्य -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ बमोजिम खरिद सम्झौतामा उल्लिखित अवधिभित्र कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ। ललितपुर जिल्लास्थित खोकना-सौखेल सडक अन्तर्गत वागमती नदीमा २०७५/१/२८ सम्ममा पुल निर्माण गर्ने गरी २०७३/०१/२९ मा रु.५ करोड ८४ लाख ६२ हजारको सम्झौता भएकोमा नेपाली सेनाले काठमाडौं तराई मधेश द्रुतमार्गलाई असर गर्ने हुँदा कार्य स्थगन गर्ने व्यवस्था मिलाउन जिल्ला प्रशासन कार्यालय ललितपुरलाई २०७४/४/१२ मा पत्राचार गरेपश्चात  निर्माण व्यसायी २०७६/१०/२० मा मध्यस्थतामा गएका कारण निर्माण कार्य रोकिएको छ। यसै गरी कार्यालयले निर्माण व्यवसायीलाई प्रदान गरेको रु.९४ लाख ६० हजार पेश्की समेत फर्स्यौट भएको छैन।
- **कन्टिन्जेन्सी खर्च -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० (७) अनुसारको अनुसूची-१ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी वापत थप गर्ने व्यवस्था छ। मन्त्रालय अन्तर्गतका ५० कार्यालयले यो वर्ष रु.५८ करोड २९ लाख ५३ हजार कन्टिन्जेन्सी खर्च गरेका महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा वर्गीकरण अनुसार विभिन्न खर्च संकेत नम्वरबाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरू मर्मत सम्भार, स्टेशनरी, छपाई, सूचना प्रकाशन, इन्धन, दैनिक भ्रमण भत्ता लगायतका कार्यमा उपर्युक्त अनुसार रु.४३ करोड ३४ लाख २१ हजार खर्च भएकोमा उक्त खर्च सम्बन्धित शीर्षकबाट खर्च नगरी सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको छ। उक्त कारोवार एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या अनुसार मेल खाने देखिँदैन। ज्याला तथा पारिश्रमिक वापत रु.१४ करोड ९५ लख ३२ हजार खर्च लेखेकोमा सम्पादन गरेको कामको परिमाण देखिने अभिलेख राखेको देखिएन। कन्टिन्जेन्सी खर्चलाई ठेक्का एवं योजना अनुसार कामको विवरण देखिने गरी नापी किताबमा अभिलेख राखी व्यवस्थित तथा मितव्ययी बनाउनुपर्दछ।
- **सम्पत्ति व्यवस्थापन -** विभाग र मातहतका आयोजनाले आफ्नो क्षेत्राधिकारभित्र निर्माण तथा सञ्चालनमा रहेका शहरी विकास सम्बन्धी पूर्वाधारको अवस्था, लागत तथा अन्य सम्पत्तिको अभिलेख व्यवस्थित र पूर्ण रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा राख्नुपर्दछ। महालेखा नियन्त्रक कार्यालयले तयार गरेको सम्पत्तिको एकिकृत विवरण प्रतिवेदन २०८०।८१ मा शहरी विकास मन्त्रालय अन्तर्गत रु.८५ करोड १५ लाख ८५ हजार मूल्यको भवन तथा अन्य संरचना, रु.२ अर्व २३ करोड ३३ लाख ४८ हजार मूल्यको मेशिनरी र उपकरण, रु.४३ करोड ४७ लाख ८९ हजार मूल्यको अन्य स्थिर सम्पत्ति, रु.४४ लाख ४५ हजारको बहुमूल्य सम्पत्ति समेत रु.३ अर्व ५२ करोड ४१ लाख ६७ हजार मूल्यको सम्पत्ति रहेको खुलाएको छ। मन्त्रालय अन्तर्गत निर्मित निर्माणाधीन संरचना सहित सम्पूर्ण सम्पत्तिको विवरण खुल्ने गरी अभिलेख व्यवस्थित गरेको पाइएन। अभिलेख व्यवस्थित नहुँदा पूर्वाधारको आवश्यकता पहिचान नयाँ निर्माण विद्यमान पूर्वाधारको मर्मत तथा सम्भार सम्बन्धी सूचना प्राप्त नहुने अवस्था छ। निर्मित संरचना तथा सबै प्रकारका सम्पत्तिको विवरण प्रणालीमा पूर्णरुपमा प्रविष्ट गरी अभिलेख व्यवस्थित गर्नुपर्दछ।
- **सुरक्षित नागरिक आवास कार्यक्रम -** सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ ले फुस वा परालको छानालाई जस्तापाताले विस्थापन गरी गरिवीको रेखामुनि रहेका विपन्न नागरिकको आबास निर्माण गर्ने उद्देश्य लिएको छ। कार्यविधिमा सम्झौता भएका लाभग्राहीलाई पहिलो किस्ताको ६० प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग सम्झौता भएपछि र निर्माण कार्य सम्पन्न भएको स्थानीय तहको प्राविधिक

प्रतिवेदनसहितको सिफारिसको आधारमा दोस्रो तथा अन्तिम किस्ताको ४० प्रतिशत अनुदान रकम उपलब्ध गराउने र उपलब्ध अनुदान अन्य प्रयोजनमा खर्च गरे वा किस्ता बमोजिमको कार्य तीन महिनाभित्र नगरेमा त्यस्तो अनुदान रकम असुल उपर गर्ने उल्लेख छ। कार्यक्रममा लाभग्राही छनोटको जिम्मेवारी विभाग मातहतको सघन शहरी तथा भवन निर्माण आयोजनाको र कार्यान्वयनको जिम्मेवारी स्थानीय तहमा रहेको छ। यो कार्यक्रम २०७५।७६ बाट सुरु भएकोमा २०८०/८१ सम्म २ लाख १४ हजार २३० आवास स्वीकृत भएको देखिन्छ। सम्झौता भएकामध्ये १ लाख ४२ हजार २९५ लाभग्राही छनोट भएका र १ लाख ३७ हजार ४६८ लाभग्राहीसँग अनुदान सम्झौता भएको देखिन्छ। सम्झौता भएकामध्ये १ लाख २४ हजार २८८ लाभग्राहीलाई पहिलो किस्ता र ८६ हजार ९४६ लाभग्राहीलाई दोस्रो किस्ता भुक्तानी भएको छ। सम्पन्न भएका आवासको उपयोगको अवस्था र सो कार्यक्रमको प्रभावकारिताबारे अध्ययन गर्नुपर्दछ ।

- **जग्गा विकास चक्रकोष -** जग्गा विकास चक्रकोष नियमावली, २०६१ मा जग्गा विकास आयोजना सम्बद्ध व्यवस्थापन समितिलाई आयोजना कार्यान्वयनको लागि ऋण उपलब्ध गराउने र सम्झौता भएको मितिले बढीमा तीन वर्षभित्र ऋणको भुक्तानी गरिसक्नुपर्ने तथा वार्षिक व्याजदर ७ प्रतिशत हुने उल्लेख छ। विगतमा विभागबाट ताप्लेजुङ नगर विकास समिति, धुलिखेल नगरपालिकाको कार्यालय र घोराही नगर विकास समितिलाई २०६३ देखि २०६७ सम्म उपलब्ध गराएको ऋणको साँवा तथा व्याज फिर्ता भएको देखिएन। यस वर्षसम्म साँवा व्याजसमेत रु.१ करोड ३२ लाख ८९ हजार उठ्न बाँकी देखिएकोले उक्त रकम असुल गर्नुपर्दछ। चितवन जिल्लामा रहेका ३ सभाहल निर्माणमा यस वर्षसम्म रु.१ अर्ब २ करोड ५१ लाख ८६ हजार खर्च भएकोमा १ सम्पन्न र २ निर्माणाधीन अवस्थामा रहेका छन्। निर्माणको क्रममा रहेकामध्ये भरतपुरमा सिटी हल निर्माण कार्य २७ महिनामा निर्माण सम्पन्न गर्ने गरी २०७७/८/१८ मा एक संयुक्त उपक्रमसँग रु.८७ करोड ८८ लाख ८८ हजारको सम्झौता भएकोमा यस बर्षसम्म रु.४८ करोड ४ लाख ३० हजार खर्च भएको र दोस्रोपटक २०८०/१२/२५ को विभागीय निर्णयानुसार २०८१/१०/३० सम्म म्याद थप भएको छ। निर्माण व्यवसायीसँग भएको सम्झौताअनुसार निर्माण सम्पन्न गराई सम्पन्न भएका सभाहलको दिगो सञ्चालन तथा व्यवस्थापन हुनुपर्दछ।
- **ल्याण्डफिल साइट सञ्चालन -** नेपाल सरकार (मन्त्रीपरिषद्) को २०७५/८/१७ को निर्णयअनुसार शहरी विकास मन्त्रालयलाई काठमाडौं उपत्यकामा उत्सर्जन हुने फोहरको दिगो व्यवस्थापनका लागि नुवाकोटको ककनी २ र धादिङको धुनिबेंसी-१ स्थित बन्चरेडाँडा फेदीमा कोल्पुखोला डाइभर्सन गरी ल्याण्डफिल साइटको भौतिक पूर्वाधार निर्माण गर्ने जिम्मेवारी प्राप्त भएपश्चात् शहरी विकास तथा भवन निर्माण विभागमा छुट्टै आयोजना कार्यान्वयन एकाइ गठन भई बजेट तथा कार्यक्रमको व्यवस्था गरी आवश्यक संरचनाहरूको निर्माण कार्य हुँदै आएको देखिन्छ। उक्त कार्यको लागि यो वर्ष रु.९ करोड ३९ लाख विनियोजन भएकोमा रु.५ करोड ६२ लाख ७३ हजार खर्च भएको छ। काठमाडौं उपत्यकासहित आसपासका २३ स्थानीय तहले २०७९/२/१२ देखि फोहर विसर्जनको कार्य गरेकोमा शहरी विकास तथा भवन निर्माण विभागबाट ल्याण्डफिल साइट सञ्चालनसम्बन्धी कार्यविधि २०७९/३/२४ मा स्वीकृत भएको छ। कार्यविधि व्यवस्थाअनुसार जैविक विविधता र बाताबरणमा नकारात्मक असर नपर्ने गरी फोहरमैला व्यवस्थापनमा विभागले प्रभावकारी भूमिका निर्वाह गर्नपर्दछ।
- **झोलुङ्गे पुल निर्माण -** नेपाल सरकारको २०७२/६/२५ को निर्णयबाट तुइन भएको स्थानमा झोलङ्गे पुल निर्माण गरी जनतालाई सुरक्षित भरपर्दो तरितराउको सेवा उपलब्ध गराउने अभिप्रायले तुइन प्रतिस्थापन कार्यक्रम सञ्चालन हुँदै आएको छ। यस वर्षको बजेट बक्तव्यमा ६०० झोलुङ्गे पुल निर्माण गर्ने लक्ष्य रहेकोमा ५९८ झोलुङ्गे पुल निर्माण सम्पन्न गरेको देखियो। सुर्खेत र कैलाली जोड्ने बुगाडघाटको तुइन प्रतिस्थापना गरी कर्णाली नदीमाथि २०७४/१०/१८ भित्र झोलुङ्गे पुल निर्माण गर्ने गरी एक संयुक्त उपक्रमसँग २०७३/३/३० मा रु ५६ लाख

९ हजारको सम्झौता भएकोमा चौथोपटक २०८०/३/३० सम्म म्याद थप भएपनि निर्माण कार्यमा ३० प्रतिशत भौतिक प्रगति भएपश्चात निर्माण कार्य रोकिएको छ। त्यस्तै पञ्चेश्वरघाट महाकालीमा रहेको तुइन प्रतिस्थापन गर्ने कार्यक्रम कार्यान्वयन भएको छैन। सम्बन्धित पक्षहरुसँग समन्वय गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

- **प्रगति -** राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले २०७६/९/२८ मा विपद् पश्चात्को पुनर्निर्माण तथा पुनः लाभ कार्य ढाँचा तयार गरी पुनर्निर्माण कार्यको संशोधित लागत अनुमान रु.४ खर्ब ६९ अर्ब ९३ करोड ५३ लाख कायम गरेको छ। सोमध्ये २०७९/८० सम्म रु.३ खर्व ८६ अर्व ५६ करोड ६२ लाख खर्च भई भूकम्पपश्चात्को पुनर्निर्माण तथा पुनर्स्थापनासम्बन्धी योजनाले तोकेको १० क्षेत्रमध्ये ५ क्षेत्रको बाँकी जिम्मेवारी यस एकाइलाई हस्तान्तरण भएको र यो वर्ष रु.३ अर्ब १२ करोड ८७ लाख खर्च भएको छ। आयोजनाबाट उपलव्ध विवरणअनुसार भूकम्प पश्चातको पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी कार्यको लक्ष्य प्रगति प्राधिकरण स्थापना हुँदाका बखत ५ वर्षमा पुनर्निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेकोमा प्राधिकरण खारेज भई कार्यक्रम हस्तान्तरण पश्चात् यस वर्षसम्म उपर्युक्तानुसार ५० देखि शतप्रतिशतसम्म प्रगति भएको देखिन्छ।आयोजनाले बाँकी कार्य निर्धारित समय भित्र सम्पन्न गर्नुपर्दछ।
- **निजी आवास अनुदान वितरण -** भूकम्प प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ को अनुसूची-१ मा भूकम्पबाट क्षतिग्रस्त निजी आवास पुनर्निर्माण एवं प्रबलीकरण अनुदानका लागि लाभग्राही छनोटको मापदण्ड तोकिएको छ। यस वर्षसम्म निजी आवास पुनर्निर्माणतर्फ ८ लाख ३४ हजार ८२१ जनासँग सम्झौता भएकोमा रु.२ खर्ब ३१ अर्ब ६१ करोड र प्रवलीकरणतर्फः ३३ हजार ९०५ जनासँग सम्झौता भएकोमा रु.१ अर्ब ७४ करोड ३१ लाखसमेत रु.२ खर्ब ३३ अर्ब ३५ करोड़ खर्च गरेको छ। २०८१ आषाढ मसान्तसम्म पुनर्निर्माणतर्फ प्रथम किस्ता ५५८, दोस्रो किस्ता ३७५, तेस्रो किस्ता १ हजार ५४८ लाभग्राही र प्रबलीकरणतर्फ दोस्रो तथा अन्तिम किस्ता १ हजार ७२ लाभग्राहीलाई रु.२९ करोड २५ लाख रकम भुक्तानी गर्न बाँकी रहेको देखिन्छ। अनुदान सम्झौतापश्चात् पहिलो, दोस्रो तथा अन्तिम किस्ता नलिएका लाभग्राहीको अनुगमन गरी अनुदान रकमको सदुपयोग भएको सुनिश्चितता हुनुपर्दछ।
- **धरहरा पुनर्निर्माण -** धरहरा पुननिर्माण कार्य २०७७/६/१४ भित्र कार्य सम्पन्न गर्ने गरी एक संयुक्त उपक्रमसँग २०७५/६/१४ मा रु.३ अर्ब ४८ करोड १६ लाख ९१ हजारको सम्झौता भएकोमा समयमा निर्माण कार्य सम्पन्न हुन नसकी २०८१/६/२० सम्म म्यादथप भएको देखिन्छ। यस बर्षसम्म रु.२ अर्ब ९३ करोड ८० लाख भुक्तानी भई ८४ प्रतिशत भौतिक प्रगति भएको छ। सम्झौतामध्ये मिन्ट संग्रहालयतर्फ फल्ससिलिङ्ग र भुइँको काम, टायल तथा ग्रेनाइटलगायतका कार्यहरू बाँकी रहेको, पुरानो सुन्धाराको पानीको प्राकृतिक बहाव कायम गर्ने कार्य स्थानीयको अवरोधका कारण तोकिएबमोजिमको निर्माण कार्य हुन नसकेको, कर्मचारी सञ्चयकोषको केही जग्गा आयोजनाभित्र परेको उल्लेख गरी अदालतमा मुद्दा दायर भई अदालतको अन्तरिम आदेशलगायतका कारणले आयोजना सम्पन गर्न ढिलाइ भएको देखिन्छ। आवश्यक समन्वय र सहजीकरणमार्फत विवाद एवं समस्या समाधान गरी सम्झौताअनुसार निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।
- **बालमन्दिर भवन प्रबलीकरण -** काठमाडौं नक्सालस्थित बालमन्दिर भवनको प्रवलीकरण कार्य २०७८/७/१९ सम्म सम्पन्न गर्ने गरी २०७६/७/२० मा एक संयुक्त उपक्रमसँग रु.५९ करोड ३७ लाख ६५ हजारको सम्झौता भएकोमा निर्माण अवधि पाँचौ पटकसम्म थप भई २०८१/१२/३० सम्म र भेरिएसन पश्चात् संशोधित सम्झौता रु.६४ करोड ९८ लाख ५५ हजार कायम भएको छ। वर्षान्तसम्म रु.३८ करोड ६२ लाख ७३ हजार (५९.४० प्रतिशत) भुक्तानी भई भौतिक प्रगति ६१ प्रतिशत रहेको छ। संशोधित कार्यतालिकाअनुसार निर्माण कार्य सम्पन्न गर्नु, गराउनुपर्दछ।

- **केशरमहल प्रवलीकरण -** केशरमहलको प्रबलीकरण कार्य २४ महिना भित्र सम्पन्न गर्ने गरी २०७६/८/१३ मा एक संयुक्त उपक्रमसँग रु.६७ करोड २४ लाख ६१ हजारको सम्झौता भएकोमा पाचौ पटक २०८१/१२/३० सम्म म्याद थप र चौथौ पटकको भेरिएसन गरी सम्झौता रकम रु.७४ करोड ५७ लाख ७६ हजार कायम भएकोमा यस वर्षसम्म मूल्य समायोजनसमेत रु.७९ करोड ४५ लाख २६ हजार भुक्तानी गरी ९५.९५ प्रतिशत खर्चमा निर्माण कार्य सम्पन्न भएको छ। पुरानो भवन भत्काउँदा निस्केको ११ हजार ७१४ घन फिट पुरानो काठ प्रबलीकरण कार्यमा प्रयोग गरेको नदेखिएकोले यस सम्बन्धमा यकिन गर्नुपर्दछ।
- **कार्य प्रगति -** सङ्घीय संसद भवन, मन्त्री आवास, प्रदेश प्रमुख र प्रदेश मुख्य मन्त्रीहरूको आबास तथा सम्पर्क कार्यालयहरू, चण्डीदल गण र व्याण्डदल गुल्मको भवन लगायतका विशेष प्रकृतिका भवनहरूको निर्माण कार्य २०७६/७७ देखि भइरहेको छ। यो वर्ष प्रदेश प्रमुख तथा मुख्यमन्त्री आवास भवन, सिंहदरबार परिसरमा सुरक्षा परिषद्को लागि चमेना गृह तथा डमेंटरी निर्माण र मन्त्री आवासको निर्माण कार्य सम्पन्न भएकोमा सिंहदरबार ग्यालरी (पुरानी संसद भवनको पुनर्निर्माण कार्य सुरु भएको छैन। सङ्घीय संसद भवन निर्माणको ८१ प्रतिशत, सङ्घीय मन्त्री आवास निर्माणको दोस्रो चरणको कार्य ७२ प्रतिशत, चण्डीदल गण भवन निर्माण ९१ प्रतिशत, संघीय संसद भवनको इन्टेरियर कार्यको भौतिक प्रगति ३० प्रतिशत रहेको छ। निर्माणाधीन संरचनाहरूको निर्माण कार्य तोकिएको समयमा सम्पन्न गर्नुपर्दछ।
- **सङ्घीय संसद भवन कम्प्लेक्स निर्माण -** सहीय संसद भवन निर्माणका लागि २०७९/६/१६ भित्र निर्माण सम्पन्न गर्न एक संयुक्त उपक्रमसँग २०७६/६/१६ मा रु.५ अर्ब ६७ करोड २७ लाख ६१ हजारको सम्झौता भएको देखिन्छ। उक्त खरिद सम्झौताको तेस्रो पटकको भेरिएसन तथा चौथो पटकको म्याद थप पश्चात् २०८१/१२/१८ सम्म सम्पन्न गर्नुपर्ने तथा संशोधित सम्झौता रु.६ अर्ब ३० करोड ८२ लाख ५६ हजार कायम भएकोमा यो वर्ष रु.८६ करोड १९ लाख २३ हजार समेत रु.४ अर्थ ९२ लाख २४ हजार खर्च भई ८१ प्रतिशत भौतिक प्रगति भएको छ। निर्धारित समयभित्र निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।
- **सुविधा सम्बन्धी कानुनी व्यवस्था -** सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयले अतिबिशिष्ट तथा बिशिष्ट पदाधिकारीका लागि आवासमा फर्निचर, फर्निसिङ्ग, भाँडाबर्तन लगायतका भौतिक सुविधाका सामान तथा साजसजावट र सरसफाईका चालु प्रकृतिका सामान खरिद गरी २०७८/०७९ मा रु. करोड ३७ लाख, आ.ब.२०७९/०८० मा रु.१० करोड ९५ लाख र यो बर्ष ८ करोड ३८ हजार खर्च भएको देखिन्छ। अतिबिशिष्ट तथा बिशिष्ट पदाधिकारीहरुलाई उपलब्ध गराउने सेवा सुविधा सम्बन्धी कानुन तयार गर्नुपर्ने ब्यहोरा विगतका प्रतिवेदनमा समेत औंल्याईएकोमा स्थिति यथावत छ। कानुन बनाई सो अनुसार खर्च गर्नुपर्दछ।
- **काठमाडौं उपत्यका एकीकृत विकास गुरु योजना -** प्राधिकरणले २०७२ देखि २०९२ सम्मको २० वर्ष उपत्यकाको रणनीतिक विकास योजना तर्जुमा गरेकोमा स्थानीय तहसँग समन्वयमा समस्याका कारण उक्त योजना स्वीकृत भएको छैन ‌।प्राधिकरणले २०७९/८० मा काठमाडौं उपत्यकाको बृहत्तर गुरुयोजना तयार गर्न एक परामर्शकर्तासँग रु. ७ करोड ४९ लाख ८४ हजारको सम्झौता गरेकोमा यस वर्षसम्म रु.६ करोड ४५ लाख २० हजार भुक्तानी भएको छ। परामर्शदाताको म्याद २०८१/७/२८ सम्म रहेकोमा परामर्शदाताबाट गुरुयोजनाको मस्यौदा प्रतिवेदन प्राप्त भएको देखिन्छ। साविकको विकास योजना कार्यान्वयन नभएको अवस्थामा नयाँ गुरुयोजना तयार भइरहेको छ। तयार भएका योजना तथा गुरु योजना कार्यान्वयन सुनिश्चितता गर्नुपर्दछ।
- **बाहिरी चक्रपथ निर्माण** - नेपाल सरकारको निति तथा कार्यक्रम बमोजिम ७२ किलोमिटर लम्बाइको बाहिरी चक्रपथ निर्माण गर्ने अवधारणा २०५८ सालमा शुरु भएको। उक्त आयोजनामा २०८०/८१ सम्म १५ करोड ४३ लाख ४६ हजार खर्च भएको। बाहिरी चक्रपथ निर्माणको लागि ०६०/६१ मा प्रति आना ५ लाखका दरले

५० मिटर फराकिलो ७१.९६ किलोमिटर बाहिरी चक्रपथ निर्माणको जग्गा अधिग्रहण गर्न रु.५६ अर्ब लाग्ने अनुमान गरिएकोमा हाल सम्म आयोजना शुरु भएको छैन। आयोजनाको दरबन्दी १७ जना रहेकोमा ३ जना स्थायी र १२ जना करार मात्र पूर्ति गरी तलब भत्ता तथा कार्यालय संचालन गरी यो वर्ष ५७ लाख ८१ हजार खर्च भएको। आयोजनाको लक्ष्य अनुसार कार्य नहुने र आयोजनाको नाममा बर्षेनी तलब भत्ता तथा प्रशासनिक खर्च भएको हुँदा आयोजना कार्यान्वयन सम्बन्धमा मन्त्रालयको नीतिगत स्पष्टता ल्याउनु पर्दछ।

- **जग्गा एकीकरण कार्यक्रम -** काठमाडौं उपत्यकालाई व्यवस्थित शहरको रुपमा विकास गर्न योजना क्षेत्रभित्रको जग्गाका कित्ताहरूलाई एकीकरण गरी भौतिक विकास योजना अन्तर्गत हुनुपर्ने सेवा सुविधाको व्यवस्था गर्ने, त्यस्तो सेवा सुविधाको व्यवस्था गर्दा लागेको खर्चको लागि विकसित घडेरीहरू बिक्री वितरण गर्ने र बाँकी विकासित घडेरीहरू साविककै जग्गाधनी वा मोहीलाई समानुपतिक आधारमा फिर्ता दिने व्यवस्था गरी जग्गा एकीकरण कार्यक्रम सञ्चालन गरेको छ। उपत्यकामा प्राधिकरण र प्रत्यायोजित अधिकार प्रयोग गरी स्थानीय तह समेतले १४ आयोजनामा ५ हजार ५१९ रोपनी क्षेत्रफल जग्गाएकीकरण गरी ३ हजार ८२१ रोपनी क्षेत्रफलमा १३ हजार ३६० घडेरी विकास गरी आयोजना सम्पन गरेको, चालु १० आयोजनामा ७ हजार ९०५ रोपनी जग्गा एकीकरण गरी १६ हजार ८४५ घडेरी विकास गर्ने क्रममा रहेको र प्रस्तावित ७ स्थानमा करिब ९ हजार ९० रोपनी जग्गा एकीकरण गरी जग्गा विकास गर्ने प्रस्ताव गरेका छ ।सम्पन्न भएका आयोजना सम्बन्धित उपभोक्ता समिति, लाभग्राही समुदाय वा स्थानीय तहलाई हस्तान्तरण गरेका छैन ।आयोजना हस्तान्तरण सम्बन्धमा उपयुक्त कार्यविधि तयार गरि दिगो र प्रभावकारी रुपमा पारदर्शी हुने गरी जग्गा व्यवस्थापन गर्ने गरी आयोजना हस्तान्तरण गर्नुपर्दछ।
- **ऋण व्यवस्थापन -** काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा १२ को व्यवस्था अनुसार प्राधिकरणले ४ प्रतिशत ब्याजदरमा ६/६ महिनामा समान किस्तामा साँवा ब्याज भुक्तानी गरी दश वर्षभित्र चुक्ता गर्ने गरी नेपाल सरकार अर्थ मन्त्रालयसँग करारनामा गरेको र प्राप्त ऋण मातहतका जग्गा एकीकरण आयोजनालाई ७ प्रतिशतका दरले प्रवाह गर्ने गरी करारनामा भएको छ। प्राधिकरणले २०७१/७२ देखि २०७४/७५ सम्म रु. ९९ करोड ऋण प्राप्त गरेकोमा २०८१ असार मसान्तसम्म ३२ .३६ प्रतिशतले ब्याज थप भई साँवासमेत रु. १ अर्ब ३१ करोड ३लाख ४५ हजार दायित्व रहेको छ। सो मध्ये २०८१ असारमा ब्याजबापत रु. १४ करोड भुक्तानी गरी रु. १ अर्ब १८ करोड ६५ लाख बाँकी छ। त्यस्तै प्राधिकरणले असार मसान्तसम्म निम्नानुसार १२ आयोजनाबाट साँवा रु. ९७ करोड १८ लाख २५ हजार र ब्याज रु.५१ करोड ९५ लाख ४६ हजार समेत रु.१ अर्ब ४९ करोड १३ लाख ७१ हजार प्राप्त गर्न बाँकी रहेको देखिन्छ।
- **स्मार्ट सिटी -** नेपाल सरकारले काठमाडौं उपत्यकाको बस्ती व्यवस्थापन गर्न २०७५/१/२५ मा स्मार्ट सिटीको अवधारणा स्वीकृत गरेको छ। बाहिरी चक्रपथको कार्यसम्पादन अवस्था यकिन भई नसकेको स्थितिमा सोही क्षेत्रको अधिकांश भू-भाग समेटिने गरी काठमाडौं उत्तरपुर्वमा १ लाख रोपनी, काठमाडौं उत्तरमा १० हजार रोपनी तथा ललितपुर र भक्तपुरमा १०/१० हजार रोपनी क्षेत्रफलमा ४ स्मार्ट सिटीको आयोजना अघि बढाउने लक्ष्य रहेको छ। प्राधिकरणले स्मार्ट सिटीको विस्तृत आयोजना प्रतिवेदन तयारीमा रु.१६ करोड २६ लाख ५३ हजार खर्च गरेको छ। प्राधिकरणले काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा १३ अनुसार गठन भएको भौतिक विकास समितिबाट स्वीकृत भएका इशान, आग्नेय र हरितको विस्तृत प्रतियोजना प्रतिवेदनमध्ये इशानको अध्ययन प्रतिवेदन सोही ऐनको दफा ५(५.२) अनुसार नेपाल सरकार मन्त्रीपरिषदबाट भौतिक विकास योजनाको रुपमा स्वीकृत हुने शहरी विकास मन्त्रालयमा पेस गरेकोमा सो समेत स्वीकृत भएको देखिँदैन। यो वर्ष इशानमा सडक, ढल, खानेपानीलगायत पूर्वाधार निर्माणको लागि रु. १४ करोड ७९ लाख २६ हजारका २

खरिद सम्झौता गरी रु.१४ करोड ४४ लाख ३२ हजार भुक्तानी गरेको छ। अवधारणा अनुरूप स्मार्ट सिटी निर्माण र व्यवस्थापन गर्नुपर्दछ।

- **कार्ययोजना कार्यान्वयन -** नेपाल सरकार (मन्त्रीपरिषद्) बाट २०६७/४/२७ मा स्वीकृत भई कार्यान्वयनमा रहेको ५ वर्षे कार्ययोजना २०७०/७१ मा नै समाप्त भए तापनि अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समितिको कार्यावधि २०८३ असार मसान्तसम्म थप भई आयोजना सञ्चालन भइरहेको छ। वागमती, विष्णुमती, नख्खु, बल्खु र हनुमन्ते खोला क्षेत्रमा गरिने निर्माण कार्यमा क्रमशः ८०.७६ किलोमिटर नदी तटबन्धमध्ये ७३.२८ किलोमिटर, ५०.४८ किलोमिटर सडकमध्ये ३४.२१ किलोमिटर, ९२.२५ किलोमिटर ढलमध्ये ८९.८९ किलोमिटर निर्माण भएको छ। आयोजनाका बाँकी कार्य समयमा सम्पन्न गर्नुपर्दछ।
- **टुकुचाखोला ढल प्रशोधन केन्द्र -** टुकुचाखोला ढल प्रशोधन केन्द्र २०८२/२/२२ सम्म निर्माण सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७९/२/२३ मा रु.३ अर्ब १८ करोड ४५ लाख ८२ हजारको सम्झौता भएको छ। सम्झौताअनुसार निर्माण कार्य डिजाइन, निर्माण र सञ्चालनसमेत तीन चरणमा हुने र ५ वर्षको सञ्चालन र मर्मत अवधिपश्चात् समितिलाई हस्तान्तरण गर्ने उल्लेख छ। वर्षान्तसम्म पेस्कीबापत रु.२२ करोड ३५ लाख ३० हजार भुक्तानी भएकोमा डिजाइनको काममात्र भएको छ।
- **अनुगमन -** विगतको प्रतिवेदनमा उल्लेख भएका ब्यहोरामध्ये विभागीय जनशक्तिबाट कार्य नगराइ परामर्शदाताबाट परामर्श सेवा खरिदको सम्झौता गरेको, विशिष्ट व्यक्तिको सुविधासम्बन्धी कानुन तथा मापदण्ड तर्जुमा नभएको, निर्मित संरचनाको अभिलेख नराखेको, बाहिरी चक्रपथ र स्मार्ट सिटी कार्यान्वयन नभएको, मूल्य समायोजन बढी भुक्तानी गरेको, नेपाल सरकारको ऋणको साँबा ब्याज चुक्ता नगरेको, जग्गा एकिकरण विकासमा भएको ऋण लगानी असुल नगरेको, संयुक्त र बहुतले आवास एकाइधनीले निर्माण सम्पन्न प्रमाणपत्र नलिएका कारणले खरिद बिक्री गर्न नपाएको, निर्माण सम्पन्न प्रमाणपत्र जारी हुनु अगावै जग्गाधनी प्रमाणपूर्जा जारी भइ खरिद बिक्री कार्य गरेको, निर्माण कार्य सम्झौता बमोजिम नगरेकोले दिनुपर्ने सुविधा उपलब्ध नगराएको, प्लानिङ्ग पर्मिट अनुसार कार्य नगरेको, निर्माणाधीन अपार्टमेण्टको नाम परिवर्तन गरी होटल र बैंक सञ्चालन गरेको लगायतका उजुरी तथा गुनासो रहेकोले सो व्यवस्थापन गर्नुपर्ने लगायतका ब्यहोरा यो बर्षको लेखापरीक्षणबाट समेत देखिएको छ। विगतका ब्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- आ.ब.२०८०/०८१ (६२ औं प्रतिवेदनसम्मको) सम्म कायम भएको बेरुजु र फस्यौंटको विवरण निम्नानुसार रहेको छ।

विभागगत

रकम रु. हजारमा

| बेरुजु वर्गीकरण | हालसम्मको बेरुजु (६२औं प्रतिवेदनसम्मको) | फस्यौंट भएको | प्रकृया पूराभइ म.ले.प.का.मा पेश | जम्मा | फस्यौंट प्रतिशत |
|---|---|---|---|---|---|
| नियमित गर्ने | ३४७२६२५.२७ | १०३७६४.९१ | | | |
| असुल उपर गर्ने | ९७७५५७.३४ | ३७८३३.५८ | | | |
| पेश्की | ३५७१८१४.२२ | ३५०३४०.०० | | | |
| जम्मा | ८०२१९९६.८३ | ४९१९३९.०९ | | | ६.१३ |

अन्य संस्था तथा समितिहरु

| बेरुजु वर्गीकरण | हालसम्मको बेरुजु (६२औं प्रतिवेदनसम्मको) | फस्यौंट भएको | प्रकृया पूराभइ म.ले.प.का.मा पेश | जम्मा | फस्यौंट प्रतिशत |
|---|---|---|---|---|---|
| नियमित गर्ने | २२५०२७५.०७ | १००७१७.०० | | | |
| असुल उपर गर्ने | ३३२५८८.५६ | १०१८८.०० | | | |
| पेश्की | १७३६२१.३८ | २२०६४.७७ | | | |
| बर्गीकरण नखुलेको | ६५४१३१.०० | ०.०० | | | |
| जम्मा | ३४१०६१६.०१ | १३२९६९.७७ | | | ३.९० |

जम्मा

| बेरुजु वर्गीकरण | हालसम्मको बेरुजु (६२औं प्रतिवेदनसम्मको) | फस्यौंट भएको | प्रकृया पूराभइ म.ले.प.का.मा पेश | जम्मा | फस्यौंट प्रतिशत |
|---|---|---|---|---|---|
| नियमित गर्ने | ५७२२९००.३४ | २०४४८१.९१ | | | |
| असुल उपर गर्ने | १३१०१४५.९ | ४८०२१.५८ | | | |
| पेश्की | ३७४५४३५.६१ | ३७२४०४.७७ | | | |
| बर्गीकरण नखुलेको | ६५४१३१.०० | ०.०० | | | |
| जम्मा | ११४३२६१२.८५ | ६२४९०८.२६ | | | ५.४७ |

**वित्तिय प्रगति**

| | बार्षिक विनियोजन | बार्षिक खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु खर्च | १२७९९९८९९.०० | ८११६४४५९.५१ | ६३.४१ |
| पूजिगत खर्च | ५५५००००.०० | २२६२७२१.०० | ४०.७७ |
| जम्मा | १३३५४९८९९.०० | ८३४२७१८०.५१ | ६२.४७ |

## ९. मन्त्रालयबाट सम्पादित ऐन कानुन तर्जुमा तथा कानुन र न्याय सम्बन्धी अन्य कार्यहरु

**क) प्रगति/उपलब्धी विवरणः**

**१. ऐन, नियम, निर्देशिका तथा कार्यविधि सम्बन्धमाः**

विधायन ऐन, २०८१ को दफा ३ को उपदफा (१) बमोजिम शहरी विकास मन्त्रालयबाट तर्जुमा गर्नुपर्ने विधेयकको प्राथमिकताक्रम खुलाई यस मन्त्रालयको मिति २०८२/०२/२८ को पत्रबाट कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा लेखी पठाईएको।

**(क) विधेयकहरुको प्राथमिकताक्रम**

| क्र.सं. | विधेयकको नाम (प्रथमिकता अनुसार क्रमशः) | कैफियत |
|---|---|---|
| १. | नगर विकास कोष सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक | |
| २. | फोहरमैला व्यवस्थापन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक | |
| ३. | शहरी विकास सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक | |
| ४. | भवन ऐन, २०५५ लाई संशोधन गर्न बनेको विधेयक | |
| ५. | संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन, २०५४ लाई संशोधन गर्न बनेको विधेयक | |
| ६. | बागमती सभ्यता संरक्षण तथा विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | |

**(ख) तर्जुमा भइरहेका कानूनहरुको अवस्था**

| सि.नं. | कानूनको नाम | हालको अवस्था |
|---|---|---|
| १. | नगर विकास कोष सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक | अर्थ मन्त्रालयको मिति २०८२/०१/०९ को पत्रबाट राय/सहमति प्राप्त भएकोमा सोही बमोजिम विधेयकको मस्यौदा परिमार्जन गरिएको। |
| २. | फोहरमैला व्यवस्थापन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक | महान्यायाधिवक्ताको कार्यालयको मिति २०८२/०२/२९ को पत्रबाट राय/पृष्ठपोषण प्राप्त भएकोमा सोही बमोजिम मस्यौदा परिमार्जन गरिएको। |
| ३. | शहरी विकास सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक | विधेयकको अवधारणापत्रको मस्यौदा तर्जुमाको क्रममा रहेको। |
| ४. | भवन ऐन, २०५५ लाई संशोधन गर्न बनेको विधेयक | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८२/०३/२५ को पत्रबाट राय/सुझाव प्राप्त भएकोमा सोही बमोजिम मिलाई मस्यौदा परिमार्जन गरिएको। |
| ५. | आवासको अधिकार सम्बन्धी नियमावली | नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष नियमावली स्वीकृत गर्ने विषयको प्रस्ताव मिति २०८२/०३/०५ मा पेश गरिएको। |

**(ग) तर्जुमा भई लागू भएका कानूनहरुः**

| सि.नं. | कानूनको नाम | स्वीकृत मिति |
|---|---|---|
| १. | विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति (गठन) आदेश, २०८१ | नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८१/०७/०९ को निर्णयबाट स्वीकृत |
| २. | शहरी विकास मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०८१ | नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८१/०८/०६ को निर्णयबाट स्वीकृत। |
| ३. | अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति (चौथो संशोधन) आदेश, २०८२ | नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/०१/०२ को निर्णयबाट स्वीकृत। |

| सि.नं. | कानूनको नाम | स्वीकृत मिति |
|---|---|---|
| ४. | अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति (पाँचौं संशोधन) आदेश, २०८२ | नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/०२/०६ को निर्णयबाट स्वीकृत। |

२. **कानूनी राय सम्बन्धमाः**

मन्त्रालय र अन्तर्गतका विभाग तथा निकायहरुबाट सोधनी भएको विभिन्न विषयमा कानूनी राय प्रदान हुँदै आएको। यस शाखाबाट आ.व. २०८१/०८२ मा विभिन्न विषयहरुमा ३१ थान राय प्रदान गरिएको।

३. **लिखित जवाफ सम्बन्धमाः**

मन्त्रालयलाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतमा दायर भएका मुद्दाको सम्बन्धमा निर्धारित समय (म्याद) भित्रै लिखित जवाफ तयार गरी सम्बन्धित निकाय मार्फत लिखित जवाफ पठाउने (दर्ता गर्ने) गरिएको। आ.व. २०८१/०८२ मा मन्त्रालयलाई विपक्षी बनाई दायर भएको विभिन्न मुद्दामा २८ थान लिखित जवाफ तयार गरी सम्बन्धित अदालतमा दर्ता गरिएको।

४. **फैसला कार्यान्वयनः**

सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत तथा अन्य न्यायाधिकरणबाट भएका आदेश तथा फैसलाहरुको कार्यान्वयन गर्ने गराउने सम्बन्धमा सम्बन्धित निकायहरुमा पत्राचार, आवश्यक निर्देशन तथा समन्वय गरी अदालतबाट भएका फैसला उच्च प्राथमिकताका साथ कार्यान्वयन हुँदै आएको।

५. **नेपाल राजपत्रमा प्रकाशित सूचनाहरुः**

| क्र.सं. | प्रकाशित सूचना | प्रकाशन भएको मिति |
|---|---|---|
| १. | विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति (गठन) आदेश, २०८१ | २०८१/०८/०३ |
| २. | विश्वविद्यालयबाट प्राप्त शैक्षिक उपाधिको सम्बद्धता निर्धारण गर्ने सम्बन्धी सूचना (नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल इन्जिनियरिङ्ग समूह, बिल्डिङ एण्ड आर्किटेक्ट उपसमूह) | २०८१/११/०१ |


**ख) आगामी दिनमा गर्नुपर्ने कार्यहरुः-**

१. अन्तिम रुप दिनुपर्ने कानूनको विवरणः

| क्र.सं. | नयाँ तथा संशोधन गर्नुपर्ने कानूनको विवरण | कैफियत |
|---|---|---|
| १. | शहरी विकास सम्बन्धी विधेयक,२०८१ | |
| २. | नगर विकास कोष ऐन, २०५३ | |
| ३. | संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन, २०५४ | |
| ४. | काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ | |
| ५. | बागमती सभ्यता संरक्षण तथा विकास सम्बन्धमा बनेको विधेयक, २०७८ | |
| ६. | भवन ऐन, २०५५ | |
| ७. | फोहरमैला व्यवस्थापन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८१ | |
| ८. | आवासको अधिकार सम्बन्धी नियमावली, २०८० | |


## अनुसूची- १

# शहरी विकास मन्त्रालयको संगठनात्मक संरचना



# अनुसूची- २

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभागको संगठन संरचना





नोट :
केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन र आवास) को बाँकी कार्य हेर्ने गरी विभागमा १ महाशाखा र ३ शाखा प्रस्ताव गरिएको ।
संघीय शहरी विकास तथा भवन निर्माण सुपरीवेक्षण तथा अनुगमन कार्यालय काठमाडौ १ वटा - १७ जना र संघीय शहरी विकास आयोजना कार्यालयहरु - ६ वटामा - ८० जना गरी ९७ जना प्रस्ताव गरिएको ।
हाल स्थायी दरबन्दीतर्फ ४२१ रहेकोमा जम्मा ३७६ प्रस्तावित गरिएको ।

# अनुसूची- ३

अनुसूची १.२

नेपाल सरकार
शहरी विकास मन्त्रालय

## स्थानीय पूर्वाधार विकास विभागको संगठन संरचना



नेपाल सरकार

**शहरी विकास मन्त्रालय**

सिंहदरबार, काठमाडौं, नेपाल

फोन नं.: ४२११८८३, ४२११६७३, फ्याक्स: ९७७-०१-४२११८७३, ९७७-०१-४२००२४६

इमेल: info@moud.gov.np, वेवसाइट: www.moud.gov.np